सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ साउन २०८३, बिहीबार (13 Aug 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक १२२ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

प्रधानमन्त्री बालेनलाई टर्की र सभापति लामिछानेलाई चीन भ्रमणको निम्ता



जलवायु सम्मेलनसम्बन्धी ३१औँ संयुक्त राष्ट्रसंघीय सम्मेलन (कोप ३१)मा सहभागी हुन टर्कीबाट प्रधानमन्त्री बालेनलाई निमन्त्रणा



चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभाग (आइडिसिपिसी)बाट रविलाई भ्रमणको निमन्त्रणा

■ २३ कात्तिकदेखि ४ मंसिरसम्म कोप ३१ टर्कीमा हुँदै, तर प्रधानमन्त्री जाने सम्भावना कम

राष्ट्रिय सभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा बुधबार परराष्ट्र मन्त्रालयको राष्ट्रसंघ हेर्ने महाशाखा प्रमुख सहसचिव कृष्णप्रसाद ढकालले भने, 'टर्कीका राष्ट्रपतिज्यूबाट प्राप्त निमन्त्रणा हामीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पठाइसकेका छौं, कुन तहको भ्रमण हुन्छ भन्ने जानकारी आइसकेको छैन ।' सरकारी स्रोतका अनुसार कोप ३१ मा प्रधानमन्त्री शाह सहभागी हुने सम्भावना कम छ । सम्मेलनमा वन तथा वातावरणमन्त्री गीता चौधरीलाई पठाउने सम्भावना छ ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

भारतपछि प्रधानमन्त्री बालेन्द्र शाहलाई टर्कीले औपचारिक निमन्त्रणा पठाएको छ । द्विपक्षीय भ्रमणका लागि नभएर जलवायु सम्मेलनसम्बन्धी ३१औँ संयुक्त राष्ट्रसंघीय सम्मेलन (कोप ३१)मा सहभागी हुन टर्कीबाट प्रधानमन्त्रीलाई निमन्त्रणा आएको हो ।

प्रधानमन्त्री शाहलाई भ्रमणका लागि आएको यो दोस्रो निमन्त्रणा हो । उनलाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले चैत दोस्रो साता नै निमन्त्रणा गरिसकेका छन् । प्रधानमन्त्रीका तर्फबाट भारतलाई उपयुक्त समयमा भ्रमणमा जाने जवाफ परराष्ट्र मन्त्रालयले पठाइसकेको छ । टर्कीका राष्ट्रपतिको निमन्त्रणाको जवाफ नेपालले पठाइसकेको छैन ।

टर्कीले यो वर्ष २३ कात्तिकदेखि ४ मंसिरसम्म कोप ३१ को आयोजना गर्दै छ । राष्ट्रिय सभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा बुधबार परराष्ट्र मन्त्रालयको राष्ट्रसंघ हेर्ने महाशाखा प्रमुख सहसचिव कृष्णप्रसाद ढकालले जानकारी दिएका छन् ।

'टर्कीका राष्ट्रपतिज्यूबाट प्राप्त निमन्त्रणा हामीले प्रधानमन्त्री तथा

» पृष्ठ ११ मा क्रमशः

सरकार र संसद्मा रहेका युवालक्षित रास्वपा सभापति रविको अभिव्यक्ति

युवा नेतृत्व सामुन्ने देशमा परिवर्तन सम्भव छ भन्ने प्रमाणित गर्ने चुनौती छ, नसके थप जटिल परिस्थिति आउन सक्छ

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले युवा नेतृत्व सामुन्ने देशमा परिवर्तन सम्भव छ भन्ने प्रमाणित गर्ने अवसर र चुनौती दुवै आएको बताएका छन् । अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा बुधबार काठमाडौंमा आयोजित कार्यक्रममा उनले अहिलेको अवसरलाई परिणाममा बदल्न नसके थप जटिल परिस्थिति आउन सक्ने चेतावनी पनि दिए ।

युवा नेतृत्व असफल भए भविष्यमा 'युवाबाट राजनीति सम्भव हुँदैन, अनुभव नभएका मानिसबाट देश चल्दैन' भन्ने भाष्य निर्माण हुन सक्ने भन्दै ध्यानाकर्षण गराए । 'यदि कुनै कारणले हामी आफ्नो जिम्मेवारीबाट पन्छ्यौं र राम्रोसँग पूरा गर्न सकेनौं भने केही वर्षभित्रै युवाहरू भनेर रहर गर्न नहुने रहेछ, अनुभव नभएका मानिसबाट राजनीति सम्भव नहुने रहेछ भन्ने भाष्य बन्न सक्छ,' लामिछानेले भने, 'त्यसको सबैभन्दा ठुलो सिकार हामी हुनेछौं, जसले यो परिवर्तन सम्भव गरायौं ।'

यस्तै, सभापति लामिछानेले युवा सांसद र मन्त्रीहरूलाई प्राप्त जिम्मेवारीमा रमाउनेभन्दा गम्भीर भएर काम गर्न आग्रह गरे । 'तपाईंहरूले जुन जिम्मेवारी प्राप्त गर्नुभएको छ, त्यसलाई इन्जोय गरेर पदमा रमाउने वेला होइन । यो जिम्मेवार भएर सोच्ने वेला हो,' उनले भने, 'यसपटक छुट्यो, बिग्रियो वा हाम्रो सुझबुझ पुगेन भने फेरि अर्को पुस्ताले हामीले जस्तो अवसर र विश्वास प्राप्त गर्नेछैन ।'

सभापति लामिछानेले युवा नेतृत्व प्राप्त हुनु मात्रै उपलब्धि नभएको भन्दै अब त्यसलाई परिणाममा बदल्नुपर्ने चुनौती रहेको बताए । 'हामी फ्रेस मात्र हौं, तगडा हुन बाँकी छौं । हामी नयाँ छौं, भर्खरै आएका छौं । फरक देखिएका छौं । तर, अब काम गरेर प्रमाणित गर्नुपर्ने चुनौती हामीसामु छ,' उनले भने ।

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

ऋण तिरिसक्दा पनि १७ परिवारको साढे तीन बिघा फूलकुमारीको कब्जामा

जिल्ला प्रशासनबाट न्याय नपाएपछि पीडितहरूले सप्तरी प्रहरीमा पनि दिए उजुरी, सबै पीडितको गुहार- हाम्रो जग्गा फिर्ता दिलाऊ, मिटरब्याजी फूलकुमारीलाई कारबाही गर

राजविराजमा **सौरभ यादव**

'हाम्रो उठीवास भयो, ओत लाग्ने छानो नै रहेन । गरिब हुनु नै हाम्रो सबैभन्दा ठुलो अभिशाप बन्यो । तर, देशमा कानुन छ, न्याय मरेको छैन भन्ने आशा अझै छ,' मिटरब्याजी साहुकार फूलकुमारी साहको अत्याचारले जायजेथा मात्रै होइन, त्यसको पीडामा श्रीमान्समेत गुमाएकी सप्तरीको खडक नगरपालिका- १०, डंगराहीकी ललितादेवी साहको चीत्कार हो यो ।

ललिताका श्रीमान् दिरिपलाल साहले थ्रेसर मेसिन किन्न फूलकुमारीसँग दुई लाख ऋण लिएका थिए ०७३ मा । चर्को ब्याज (मिटरब्याज)मा ऋण दिएबापत फूलकुमारीले एक कट्ठा ५.५ धुर जग्गा श्रीमान् गयाप्रसादको नाममा दृष्टिबन्धक गरिन् । दिरिपलालले एक लाख ४० हजारसम्म ऋण तिरे, कमाइ नभएपछि बाँकी तिर्न सकेनन् । उनको परिवारले प्रस्ताव गऱ्यो, 'ऋणको साँवा र ब्याज हरहिसाब गरी दृष्टिबन्धक राखेको जग्गाबाट १० धुर बेचेर लिनू, अरू जग्गा फुकुवा गरिदिनू ।' तर, फूलकुमारीले सोही जग्गामा भएको घरसमेत भत्काएर दिरिपलालको परिवारलाई सडकमा पुऱ्याइदिइन् । त्यही पीडाले दिरिपलाल ०७९ मा आफ्नै शरीरमा करेन्ट लगाएर ज्यान फाल्न बाध्य भए । ललितादेवी १६ र १४ वर्षका दुई छोरा र ११ वर्षकी छोरीसहित दिदीको घरमा आश्रय लिएर बसेकी छिन् ।

फूलकुमारीको अत्याचार ललितादेवीको परिवारमा मात्रै होइन, डंगराही र आसपासका विपन्नको घर-घरमा छ । संयुक्त रूपमा न्यायको

» पृष्ठ ११ मा क्रमशः



मिटरब्याजीविरुद्ध जाहेरी लिएर बुधबार जिप्रका राजविराज पुगेका पीडित ।

साहुकार फूलकुमारी साहको कब्जामा कसको कति जग्गा ?

- **जीवछीदेवी सरदारका ससुरा बुधन सरदार** : १० कट्ठा ६७ हजार कर्जा दिएर २० मंसिर ०६३ मा फूलकुमारीका नाममा दृष्टिबन्धक
- **रोनीकान्त (रोहणीकान्त) चौधरी (फुलबडिया)** : ८ कट्ठा ६ धुर ७३ हजार ऋण दिएर ११ मंसिर ०७० मा फूलकुमारीका नाममा दृष्टिबन्धक
- **जितनीदेवी पासमानका श्रीमान् रामखेलावन पासमान (फुलबडिया)** : ७ कट्ठा १३.५ धुर ५० हजार कर्जा दिएर फूलकुमारीका नाममा ५ साउन ०६९ मा दृष्टिबन्धक



अन्य पीडितको विवरण पृष्ठ ११ मा

■ जनकपुरमा पनि साहुकारको ज्यादती

६ लाख ऋणको एक करोड ६१ लाख तिर्दा पनि घर लिलाम

जनकपुरधाममा **हृदिश खुद्दार**

धनुषाका मिटरब्याजी साहुकार गोपाल साहले ६ लाख ऋणको एक करोड ६१ लाख तिर्दा पनि ऋणीको घर कब्जा गरेको पाइएको छ । जनकपुरधाम उपमहानगरपालिका- ४ की ५० वर्षीया फूलकुमारी रजकले केही वर्षअघि श्रीमान्लाई विदेश पठाउन र छोराको विवाहका लागि साहसँग ६ लाख रुपैयाँ ऋण लिएकी थिइन् । ऋणको ग्यारेन्टीस्वरूप जनकपुरधाम- ४ मा रहेको आठ धुर जग्गामा बनेको आठकोठे घर दृष्टिबन्धकमा राखेकी थिइन् । आफूले पटक-पटक गरी एक करोड ६१ लाख ८१ हजार ९३३ रुपैयाँ बुझाइसक्दा पनि घर फिर्ता नगरेको उनले बताइन् ।

ऋण तिरेको भर्पाई (साहुको हस्ताक्षर र औंठाछापसहित) आफूसँग सुरक्षित रहेको रजकले बताइन् । यसअघि जिल्ला प्रशासन कार्यालयको अनुचित लेनदेन शाखामा छलफल भएको थियो । छलफलमा साहले सो घर जानकी फाइनान्समा धितो राखी ६० लाख ऋण लिएको र सो चुक्ता गरेर घर फिर्ता दिने आश्वासन दिएका थिए ।

तर, महिनौं बित्दा पनि घर फिर्ता नगरेपछि रजकले प्रहरीमा ठगी मुद्दा दर्ता गराइन् । उनी पक्राउ पनि परे । सो मुद्दामा जिल्ला अदालत धनुषाले साहु गोपाल साहकै पक्षमा फैसला गरेपछि आफूहरू घरबारविहीन भएको उनले रुँदै बताइन् । '५-६ लाखको एक करोड ६१ लाखभन्दा बढी तिर्ने, तर जिन्दगीभरको कमाइ घर फिर्ता पाउन सकिनँ । आर्थिक अभावका कारण उच्च अदालतमा पुनरावेदन गर्न पनि सकिनँ । अब कहाँ जाने ? कसको सहारामा बस्ने ? त्यसैले बाँच्ने रहर छैन,' उनले आक्रोश व्यक्त गरिन् । आर्थिक अभावका कारण आफूले उच्च अदालतमा पुनरावेदन गर्न नसकेको रजकले बताइन् ।

» पृष्ठ ११ मा क्रमशः

भेरी नदीमा जिप खस्दा चालकसहित दुईजना बेपत्ता

सल्यान/ छिन्चु-जाजरकोट सडकखण्डअन्तर्गत सल्यानको बनगाड कुपिन्डे नगरपालिका- १, बांगिरहनजिकैबाट जिप भेरी नदीमा खस्दा दुईजना बेपत्ता भएका छन् । दुईजना भने पौडिएर जोगिएका छन् ।

लु.१ ज ३०२२ नम्बरको डबल क्याप जिप बुधबार दिउँसो भेरी नदीमा खस्दा जिपचालक दाडका २३ वर्षीय हेमराज बिसी र सल्यान सिद्धकुमाख गाउँपालिका- ४ का २३ वर्षीय भीमबहादुर राना बेपत्ता भएका हुन् । बुधबार दिनभर खोज्दा पनि अवस्था पत्ता नलागेको र बिहीबार फेरि खोजबिन हुने जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी निरीक्षक देवराज भट्टराईले बताए ।

दुर्घटनामा बनगाड कुपिन्डे नगरपालिका- १, आँपखोलीका २९ वर्षीय प्रेम विक र २१ वर्षीय खुमलाल बुढाथोकी सामान्य घाइते भएका छन् । घाइते दुवैजना भेरी नदीमा पौडी खेलेर बाहिर निस्कन सफल भएका थिए । उनीहरूको सल्लीबजारस्थित सिटी अस्पतालमा उपचार भइरहेको छ । जिप बालुवा संग्रहीबाट सल्लीबजारतर्फ फर्किने क्रममा बुधबार दुर्घटनामा परेको थियो ।

■ प्रहरीको पोसाक खरिद संसदीय छानबिनमा

१५ दिनभित्र विवरण उपलब्ध गराउन निर्देशन



नयाँ पत्रिका

नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले आफ्ना कर्मचारी तथा निर्वाचन प्रहरीका लागि खरिद गरेका पोसाकलगायतका सामग्रीमा सार्वजनिक खरिद प्रक्रिया र खर्चमाथि प्रश्न उठेपछि संसद्को सार्वजनिक खरिद अनुगमन समितिले छानबिन अघि बढाएको छ । समितिले बुधबार गृहसचिव राजकुमार श्रेष्ठ, नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्की र सशस्त्र प्रहरीका महानिरीक्षक नारायणदत्त पौडेललाई बैठकमा बोलाएर खरिद प्रक्रिया, लागत तथा व्यवस्थापनबारे जानकारी लिएको छ ।

बैठकमा सांसदहरूले उजुरीका विषय गम्भीर रहेको भन्दै विस्तृत छानबिनमा जोड दिएका छन् । बैठकमा उपस्थित भएका गृहसचिव तथा दुवै आइजिपीले भने सार्वजनिक खरिद ऐनअनुसार नै खरिद गरिएको जिकिर गरेका छन् । बैठकले १५ दिनभित्र खरिदसम्बन्धी विवरण उपलब्ध गराउन निर्देशन दिएको छ ।

खासगरी प्रहरीको गत वर्षको खरिदको विषयमा छानबिनको माग उठेको हो । तत्कालीन आइजिपी दीपक थापाको कार्यकालमा खरिद प्रक्रिया सुरु भएको थियो । निश्चित केही कम्पनीलाई मात्र मिल्ने प्राविधिक स्पेसिफिकेसन बनाइएको विषय विवादित बनेपछि सार्वजनिक खरिद अनुगमन कार्यालयमा उजुरी परेको थियो ।

कार्यालयले बोलपत्रका कतिपय प्रावधान संशोधन गर्न निर्देशन दिएको थियो । त्यसरी निर्देशनपछि पनि केही सीमित व्यापारीले ठेक्का पाउने अवस्था आएपछि प्रक्रिया थप विवादमा परेको थियो । गृह मन्त्रालयकै निर्देशनमा प्रहरी प्रधान कार्यालयले खरिद प्रक्रिया रद्द गऱ्यो । त्यतिवेलासम्म ठेक्का पाउनेहरूको विवरण प्रहरी प्रधान कार्यालयले सार्वजनिक गरिसकेको थियो । तर, खरिद सम्झौता भने भएको थिएन ।

आफूहरूलाई अन्याय भएको भन्दै ठेकेदारहरू उच्च अदालत गएकोमा उच्चले उनीहरूकै पक्षमा फैसला गऱ्यो । त्यसविरुद्ध प्रहरीले सर्वोच्च अदालतमा पुनरावेदन गरेकोमा हाल मुद्दा विचाराधीन छ । विवादका कारण गत वर्ष खरिद नै नहुँदा प्रहरीले आवश्यक कपडालगायत बन्दोबस्तीका सामान पाउन कठिन हुने अवस्था छ ।

यसका साथै गत फागुनमा सम्पन्न निर्वाचनमा निर्वाचन प्रहरीलाई खरिद गरिएका पोसाकमा पनि अनियमितता भएको भनेर उजुरी परेपछि यस विषयमा पनि प्रश्न उठेको छ । प्रहरीले भने निर्वाचन प्रहरीलाई पोसाकको ठेक्का नभई

» पृष्ठ ११ मा क्रमशः

अबदेखि सबै सरकारी कार्यालयमा निवेदनको एउटै ढाँचा

काठमाडौं/ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले देशभरका सरकारी निकायमा प्रयोग हुने निवेदनको ढाँचामा एकरूपता कायम गर्न 'सरकारी कार्यालयमा प्रयोग हुने निवेदनको ढाँचा तथा सोको कार्यान्वयन मार्गदर्शन, २०८३' स्वीकृत गरेको छ ।

कार्यालयले मार्गदर्शन कार्यान्वयन गर्न सम्बन्धित सरकारी निकायलाई निर्देशनसमेत दिएको जनाएको छ । नयाँ व्यवस्थासँगै नागरिकले सरकारी कार्यालयअनुसार फरक-फरक ढाँचामा निवेदन लेख्नुपर्ने झन्झट र अन्योल हट्ने अपेक्षा गरिएको छ । मार्गदर्शनले देशभरका सरकारी कार्यालयमा निवेदनका लागि निश्चित र समान ढाँचा कायम गर्नेछ । यसबाट सार्वजनिक सेवा प्रवाहलाई थप सरल, सहज र नागरिकमैत्री बनाउन सहयोग पुग्ने सरकारको विश्वास छ ।

सरकारले परम्परागत कागजी प्रक्रियालाई क्रमशः डिजिटल माध्यममा रूपान्तरण गर्ने लक्ष्यसमेत राखेको छ । सोही क्रममा निवेदन प्रक्रियालाई अनलाइन प्रणाली तथा मोबाइल एपमार्फत उपलब्ध गराउँदै लैजाने तयारीले 'डिजिटल नेपाल'को अवधारणालाई थप बल पुग्ने अपेक्षा गरिएको छ । सरकारी सेवामा देखिँदै आएको प्रक्रियागत जटिलता कम गर्दै सेवा प्राप्त गर्ने नागरिकको समय र श्रम बचत गर्न नयाँ व्यवस्थाले योगदान गर्ने विश्वास गरिएको छ ।

एनसेलको सेयर खरिद र स्मार्ट सेलको लिलामी प्रकरण

२२ विरुद्ध मुद्दा दायर, ९६ अर्ब बिगो

नवराज मैनाली/नयाँ पत्रिका

एनसेल आजियटाको सेयर बिक्री विवाद तथा स्मार्ट सेलको चार अर्ब ६० करोड रुपैयाँबराबरको लिलामी प्रकरणमा २२ जनाविरुद्ध मुद्दा दायर भएको छ । स्मार्ट सेलका तत्कालीन सञ्चालक, एनसेल आजियटाका सञ्चालक, नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका सञ्चालक र सिइओ तथा प्राधिकरणकै पूर्वअध्यक्षलाई प्रतिवादी बनाइएको मुद्दाको कुल बिगो ९६ अर्ब १२ करोड १७ लाख रुपैयाँ छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको अनुसन्धान प्रतिवेदनका आधारमा सरकारी वकिल कार्यालयले ठगी, संगठित अपराध तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी कसुरमा मुद्दा दायर गरेको हो । यसमा स्मार्ट सेलको उपकरण लिलामी र एनसेलको सेयर खरिद-बिक्रीको विषयमा छुट्टाछुट्टै बिगो कायम गरिएको छ ।

एनसेलको सेयर बिक्रीबाट राज्यलाई ८७ अर्ब दुई करोड ६४ लाख रुपैयाँ घाटा भएको भन्दै सोहीबराबर बिगो कायम गरिएको छ । यसमा एनसेलका सञ्चालकहरू सतिशलाल आचार्य, डा. श्रीधीर सरिपुत्ताहन्स विजय सुरिया, अब्दुजावोर कायुमोभ, थन्डालाम धिराभल्ली थिरुमलाचारी, अमाली नानायाकरा, डोनाल्ड जेम्स रे र नियो हुई युलाई प्रतिवादी बनाइएको छ ।



Ncell

smart cell

त्यस्तै, स्मार्ट सेलको उपकरण लिलामीमा सर्वेश जोशी, सतिशलाल आचार्य, सचिनलाल आचार्य, भाष्करलाल नरसिंह जोशी, ज्योतिप्रकाश पाण्डे, पृथ्वीबहादुर पाँडे, प्रजन्य राजभण्डारी, कविकुमार टिब्रेवाला, दीपांकर शाक्य उडाई, शालिकराम बेलवासे र शोभा श्रेष्ठलाई प्रतिवादी बनाइएको छ । लाइसेन्स खारेज भएसँगै सरकारको स्वामित्वमा आएको स्मार्ट सेलको बिटिएस टावरलगायत उपकरण लिलाम गरी एनसेललले खरिद गरेको थियो । यस प्रक्रियामा कानुन मिचिएको अभियोग छ । यसमा चार अर्ब २० करोडको बिगो कायम छ । इन्भेष्टमेन्ट बैंकको सिंगो सञ्चालक समिति र सिइओलाई कानुन मिचेर कर्जा उठाउन लिलाम गरेको अभियोग लगाइएको छ ।

पलिना श्रेष्ठ, खुमनाथ अधिकारी र नरेन्द्र उलकलाई बनावटी खरिद प्रक्रियामा संलग्न भएकोमा प्रतिवादी बनाइएको छ । त्यस्तै, नेपाल दूरसञ्चार प्राधिकरणलाई बुझाउनुपर्ने चार अर्ब ३६ करोड ५८ लाख २० हजार ४८२ रुपैयाँको बिगो कायम गरी सर्वेश जोशी, सतिशलाल आचार्य, भावनासिंह श्रेष्ठ र सचिनलाल आचार्यलाई मुद्दा दायर गरिएको छ ।

दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भूपेन्द्र भण्डारीलाई अध्यक्ष भएको समयमा स्मार्ट सेलको लिलामी रोक्न पर्याप्त भूमिका नखेलेको अभियोग लगाइएको छ । तर, बिगो खुलाइएको छैन । यस मुद्दामा भण्डारीबाहेक अरू सबैलाई फरार प्रतिवादी बनाइएको छ । पूर्वमहालेखा परीक्षक टंकमणि शर्मा नेतृत्वको छानबिन समितिको प्रतिवेदनसमेतलाई आधार बनाएर सिआइबीले यसमा पाँच महिना लामो अनुसन्धान गरेको हो ।

कर्नर किक

● रवि मिश्र

खानी विधेयक ?
ह्या छोड्दिनुस् । मैले थकालीमा खाइसकें !



साढे पाँच महिनापछि आज स्वदेश फर्किदै देउवा



स्वागतका लागि शशांक कोइरालाको नेतृत्वमा नेता तथा कार्यकर्ता विमानस्थल जाने, इतर पक्षको राष्ट्रिय भेलामा देउवा प्रमुख अतिथिका रूपमा सहभागी हुने

(विस्तृत पृष्ठ ३)

बागद्वार बचत तथा ऋण सहकारी संस्था लि

का.म.पा.-६, वागमतीनगर काठमाडौं

गैह्र बैकिङ्ग सम्पत्ती बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/४/२८

यस संस्थाको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित गैरबैकिङ्ग सम्पत्ति जहाँ जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुदाँ यो सूचना प्रकाशन गरिएको छ। तसर्थ उक्त सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म /कम्पनी तथा संघ संस्थाहरूले लिखित शर्तबन्देजको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र)दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ।

तपसिल

सि.नं.	लिलाम बिक्री गर्नुपर्ने गैह्र बैकिङ्ग सम्पत्तिको विवरण						
	जिल्ला	गा.पा./न.पा.	वडा नं.	कित्ता नं.	जग्गाको किसिम	क्षेत्रफल	कैफियत
१	काठमाण्डौ	का.म.पा.	६	३४ र २१३	रैकिर निजी	३.६०ब.मी.र ११३.९०ब.मी.	घर सहीत

बोलपत्रको न्यूनतम रकम रु .१,५९,०९,३८०/३६ अक्षरेपी रु (एक करोड उनन्साठी लाख नौ हजार तिन सय असी रुपैया छ्त्तिस पैसा मात्र)

शर्तहरू :

१) बोलपत्र सम्बन्धी फारम संस्थाको कार्यालय का.म.पा.६ बागमतीनगरमा रु ५००० (अक्षरेपी रु : पाँच हजार मात्र)फिर्ता नहुने गरी भुक्तानी गरी प्राप्त गर्न सकिनेछ।

२) बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको रकमको १० प्रतिसत रकम संस्थाको नाममा रहेको लक्ष्मीसनराइज बैकको खाता नम्बर १४८१४३४५६८०११०३१ मा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्दछ।

३) लिलाम बिक्री गर्ने जग्गा स्थलगत रुपमा हेर्न चाहाने व्यक्ति/फर्म/कम्पनी वा संघ संस्थाले कार्यालय समयमा संस्थाको कार्यालय का.म.पा ६ बागमतीनगर मा सम्पर्क गर्न सकिनेछ।

४) दा.खा. नामसारी गर्दा नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण शुल्कहरू बोलकबोलवालाले नै व्यहार्नु पर्दछ।

५) बोलपत्र स्वीकृत भएको मितिले १५ दिन भित्र बाँकी रुपैया दाखिला गरी लिनु पर्दछ। अन्यथा धरौटी जफत हुनेछ।

६) यस सम्बन्धी कुनै जानकारी लिनु परेमा संस्थाको फोन नं.९७६८३८११६६ र ०१-५१०७१०९ मा सम्पर्क गर्न सकिनेछ।

७) अन्य यसमा उल्लेखित बाहेकका अन्यकुरा प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

बोलपत्र दाखिला गर्ने अन्तिम मिति :	२०८३/५/११
बोलपत्र खोल्ने मिति :	२०८३/५/१५गते
समय :	दिनको ३ बजे
स्थान :	संस्थाको कार्यालय का.म.पा.६ बागमतिनगर

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा ३ बमोजिमको विवरण निम्नानुसार रहेको छ।

सूचना सार्वजनिक गर्ने निकायको नाम : **लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
सूचना सार्वजनिक गरेको अवधि : **०१/०१/२०८३ देखि ३१/०३/२०८३**

१. **निकायको स्वरूप र प्रकृति** :
लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड तत्कालिन कम्पनी ऐन २०५३ बमोजिम पब्लिक कम्पनीको रुपमा स्थापना भई नेपाल बीमा प्राधिकरणबाट स्वीकृती प्राप्त जीवन बीमा कम्पनी हो।

२. **निकायको काम, कर्तव्य र अधिकार**:
यस कम्पनीको काम कर्तव्य र अधिकार बीमा ऐन २०७९ र बीमा नियमावली २०८१ ले तोके बमोजिम रहनेछ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण** :
यस कम्पनीमा हाल कर्मचारीको संख्या **३१७** रहेको छ र कर्मचारीको कार्य विवरण समय समयमा कम्पनीले तोके बमोजिम हुने छ।

४. **निकायबाट प्रदान गरिने सेवा** :
कम्पनीको प्रबन्ध पत्र नियमावलीको अधिनमा रही जीवन बीमा व्यवसायसँग सम्बन्धित विभिन्न किसिमका जीवन बीमाका बीमालेख जारी गर्ने, बीमा दावी फछ्यौट गर्ने, जीवन बीमाका अभिकर्ता तालिम संचालन गर्ने लगायतका सेवाहरू रहेका छन्।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी** :
यस कम्पनीले हालसम्म केन्द्रिय कार्यालय सहित **७६** वटा शाखाहरूबाट जीवन बीमा सेवा प्रदान गर्दै आएको छ। सेवा प्रदान गर्ने शाखाहरू तथा जिम्मेवार अधिकारीहरूको नामावली यस कम्पनीको वेव साईट www.licnepal.com.np उपलब्ध छ।

६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि** :
बीमा समितिबाट स्वीकृत विभिन्न बीमा योजना अर्न्तगत उमेरको आधारमा स्वीकृत बीमाशुल्क दर लागु गरी बीमालेख जारी गर्ने गरिएको छ। दावीको हकमा बीमा ऐन २०७९ र बीमा नियमावली २०८१ ले तोके बमोजिम गर्ने गरिएको छ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी** :
विषयवस्तुको प्रकृति हेरी शाखा प्रवन्धक, विभागीय प्रमुख, व्यवस्थापन समूह, विभिन्न समिति÷उप समिति, प्रमुख कार्यकारी अधिकृत र संचालक समितिले आवश्यक निर्णयहरू लिने गरिएका छन्।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी** :
उजुरीको प्रकृतिको आधारमा सम्बन्धित शाखा प्रमुख, विभागीय प्रमुख तथा प्रमुख कार्यकारी अधिकृत उजुरी सुन्ने अधिकारीको रुपमा रहनु हुनेछ।

९. **सम्पादन गरेको कार्यको विवरण** :
बीमा ऐन २०७९, बीमा नियमावली २०८१ तथा बीमा समितिले तोके बमोजिम जीवन बीमासँग सम्बन्धित कारोवारहरूका सम्बन्धमा कम्पनीले सम्पादन गरेका वित्तिय कारोवारका विवरणहरू त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रिकामा नियमित रुपमा प्रकाशित गर्ने गरिएको छ। साथै कम्पनीको वेवसाइटमा पनि विवरणहरू राखिएका छन्।

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद** :
कार्यालय प्रमुखको नाम **: प्रणय कुमार**
सूचना अधिकारीको नाम **: सुदर्शन गिरी**
गुनासो सुन्ने अधिकारीको नाम **: जिरेनियम श्रेष्ठ**

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची** :
कम्पनी ऐन २०६३, धितो पत्र ऐन २०६३ तथा नियमावली २०६४, बीमा ऐन २०७९ तथा नियमावली २०८१, श्रम ऐन २०७४ तथा नियमावली २०७५, बोनस ऐन २०५८ तथा नियमावली २०५९ नेपाल बीमा प्राधिकरणबाट जारी बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७३, सम्पत्ति शुद्धिकरण तथा आतङ्कारी क्रियाकलाप वित्तिय लगानी निवारण निर्देशिका २०६९ तथा नेपाल बीमा प्राधिकरणबाट जारी अन्य निर्देशन, परिपत्र एवं कम्पनीको संचालक समितिबाट जारी नीति नियम तथा विनियमहरू।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण** :
कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणहरू त्रैमासिक रुपमा प्रत्येक त्रैमासिक समाप्त भएको ३० दिन भित्रमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने गरिएको र वेवसाइटमा समेत उपलब्ध गराइएको छ।

१३. **तोकिए बमोजिमका अन्य विवरण** :
तोकिए बमोजिमका विवरणहरू निर्दिष्ट ढाँचामा तयार गरी सम्बन्धित निकायमा पठाउने गरिएको छ।

१४. **अधिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण** :
जीवन बीमा सम्बन्धि सचेतनामुलक कार्यक्रम, शाखा सम्मेलन, कर्मचारी तथा अभिकर्ता तालिम आदि।

१५. **सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण** : www.licnepal.com.np

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण :**
नभएको।

१७. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन** :
कम्पनीले संचालन गरेको कार्यक्रम र सोको प्रतिवेदन राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुदै आएको, कम्पनीको वार्षिक प्रतिवेदनमा उल्लेख गरिदै आएको र वेव साईटमा समेत रहेको छ।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :** नभएको।

१९. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धि निवेदन र सोको उपर सूचना दिएको विवरण** : नभएको।

२०. **सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण** : राष्ट्रियस्तरको पत्रपत्रिकामा तथा यस कम्पनीको वेव साईट www.licnepal.com.np

LIC लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)
AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693
स्टार मल, चौथो तल्ला, पुतली सडक, काठमाडौं
फो.नं.: ०१-४०१२६१३, फ्याक्स् नं.: ९७७-१-४०१२६१५, Email: liccorporate@licnepal.com.np

■ रक्तचन्दन तस्करीमा चालक र सहचालकलाई जेल

स्थायी ठेगाना नखुलेको भन्दै मुख्य कारोबारीलाई १३ वर्षसम्म उन्मुक्ति

नयाँ पत्रिका

१३ वर्षअघि काठमाडौंमा बरामद भएको रक्तचन्दन तस्करीको घटनामा चालक र सहचालकलाई कैद र जरिवाना भयो। तर, स्थायी ठेगाना नखुलेको भन्दै मुख्य कारोबारीले भने अहिलेसम्म उन्मुक्ति पाएका छन्। जिल्ला प्रहरीपरिसर, काठमाडौंले १८ चैत ०६९ मा गुह्येश्वरीबाट २२६ केजी रक्तचन्दन बरामद गरेको थियो। बा१ख ५७५९ नम्बरको मिनीट्रकमा बालुवाभित्र लुकाएर रक्तचन्दन तस्करी गर्न लागिएको अवस्थामा प्रहरीले बरामद गरेको थियो। सोही रक्तचन्दनका मालिकको मुद्दा १३ वर्षदेखि अदालतमा तामेलीमा छ।

रक्तचन्दनसहित बसचालक सिन्धुलीका भीमबहादुर सुनुवार र सहचालक सर्लाहीका खेमबहादुर सिंह पक्राउ परेका थिए। जिल्ला वन कार्यालयमार्फत सुनुवार सिंह र नवीन बस्नेतविरुद्ध मुद्दा दायर भएकोमा ९ वैशाख ०७० मा जिल्ला अदालतले मुद्दाको फैसला गरिसकेको छ।

अदालतले गाडीका चालक र सहचालकलाई जनही ६-६ महिना कैद र तीन लाख ६१ हजार ६ सय रुपैयाँ जरिवाना सुनायो। भाडाको गाडी पनि जफत हुने ठहर गऱ्यो। तर, मुख्य आरोपी मानिएका बस्नेतको भने वतन नखुलेको भन्दै तामेलीमा राखिएको छ। वतन नखुलेको भनिएका आरोपी बस्नेतको उच्च प्रहरी अधिकारीसँगै उठबस रहेको प्रहरी स्रोत बताउँछ। बस्नेतले नै बालुवा ओसार्न भन्दै मिनीट्रक बोलाएर बालुवाटारभित्र रक्तचन्दन लुकाएर तस्करीको प्रयास गरेको अनुसन्धानमा खुलेको थियो। तर, उनको स्थायी ठेगाना पत्ता नलागेको भन्दै काठमाडौं महानगरपालिका- १६ बस्ने भनेर अभियोग दर्ता गरिएको थियो। उनको हकमा जिल्ला अदालतका तत्कालीन न्यायाशीश रमेशराज पोखरेलको इजलासको फैसलामा भनिएको छ, 'निज नवीन बस्नेतको वास्तविक वतन खुलाई आएमा बाँकी कारबाही हुन सक्ने नै हुँदा निजका हकमा प्रस्तुत मुद्दा जिल्ला अदालत, नियमावली, २०५२ को नियम १९ (क)बमोजिम तामेलीमा राखिएको छ।'

त्यसवेला भीमबहादुर र खेमबहादुर दुवैले प्रस्ट रूपमा सो बालुवा ओसार्न कालिञ्चोक सप्लायर्सका साहु नवीन बस्नेतले लगाएको भनेर बयानमा बताएका छन्। बस्नेत त्यतिवेला बालुवाको डिपो चलाउने गर्दथे। चालक भीमबहादुरले बयानमा भनेका छन्, 'मिति २०६९/१२/१६ गते कालिञ्चोक सप्लायर्सका साहु नवीन बस्नेतले फोन गरी बालुवा लिएर जानुपऱ्यो भनी बोलाउनु भएको थियो। मैले निजलाई मेरो लाइसेन्स छैन भन्दा निजले सो बालुवा जोरपाटीबाट करिब दुई सय मिटरजति भित्र लाने हो, केही फरक पर्दैन भनेका थिए। गाडी भएको ठाउँमा जाँदा गाडी लोड भइसकेको थियो। म गाडी लिएर नवीन बस्नेत बाइकमा अघि-अघि म पछि-पछि पिछा गर्दै गएँ। बिचबाटोमा प्रहरीले गाडी चेक गर्दा जिल्ला विकासलाई कर तिरेको कागज नभएकाले प्रहरीले गाडीलाई बरामद गऱ्यो। पर्सिपल्ट मात्र गाडी फिर्ता भयो। सोही गाडी लिएर म गुह्येश्वरी हुँदै गोठाटारतर्फ लार्गे। गुह्येश्वरीमा सिभिलमा रहेका प्रहरीले गाडीमा खोजतलास गर्दा बालुवामुनि लुकाइराखेको रक्तचन्दन भेट्टाए। गाडीमा रक्तचन्दन भएको कुरा मलाई थाहा थिएन। यस अपराधमा मुख्य संलग्नता नवीन बस्नेतको छ। निजले हामीलाई काम लगाउने बहानामा फसाएका हुन्।' गाडीधनी रमेश प्रजापतिले पनि कारोबार गर्नेलाई कारबाही हुनुपर्ने बयान गरेका थिए। तर, मुख्य कारोबारीलाई केही नभई उनको गाडी भने जफत भएको थियो।

प्रहरी स्रोतका अनुसार त्यतिवेलै बस्नेतको सबै विषय पहिचानसमेत भएको थियो। तर, दबाबका कारण उनलाई पक्राउ नगरी वास्तविक ठेगानासमेत नराखी मुद्दा चलाइएको थियो। त्यसपछि प्रहरी तथा वन कार्यालय दुवैले उनको वतन पत्ता लगाउने प्रयास नै गरेनन्। बस्नेत हाल क्षमादेवी कन्ट्रक्सन, सान्दर्भिक निर्माण सेवालगायत कम्पनीका मालिक छन्। प्रहरीकै उच्च अधिकारीसँग हिमचिम रहेको स्रोत बताउँछ। जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रवक्ता एसपी दानबहादुर थापा मुद्दा दायर हुँदाको बखत स्थायी ठेगाना नखुलेका व्यक्तिको हकमा पछि खुलाएर पठाउने गरिएको बताउँछन्। तर, यस मुद्दाको विषयमा भने विस्तृत बुझ्नेर मात्र बताउन सकिने उनको भनाइ छ।

Upper Lohore Khola Hydropower Company Limited

Kathmandu, Nepal

UNAUDITED STATEMENT OF FINANCIAL POSITION
As on 32nd Ashadh 2083 (16th July 2026), Fourth Quarter of FY 2082-083

Statement of Financial Position

Amount in NRs.

Particulars	As on 32nd Ashadh 2083 (16th July 2026) (Unaudited)	As on 30th Chaitra 2082 (13th April 2026) (Unaudited)	As on 32nd Ashadh 2082 (16th July 2025) (Audited)
Equity and Liabilities			
Equity			
Equity Share Capital	509,804,000	509,804,000	509,804,000
Reserve and Surplus	(58,594,008)	(29,575,419)	(29,000,419)
Total Equity	**451,209,992**	**480,228,581**	**480,803,581**
Non-Current Liabilities			
Long Term Borrowings	563,169,476	565,169,476	566,099,910
Other Financial Liabilities	-	54,245,099	83,896,076
Total Non-Current Liabilities	**563,169,476**	**619,414,575**	**649,995,986**
Current Liabilities			
Short Term Loans & Borrowings	2,000,000	1,500,000	1,500,000
Other Current Liabilities	4,142,445	8,849,773	36,527,291
Other Financial Liabilities	169,388,090	108,490,197	44,876,396
Total Current Liabilities	175,530,535	118,839,970	82,903,687
Total Equity and Liabilities	**1,189,910,003**	**1,218,483,125**	**1,213,703,254**
Assets			
Non-Current Assets			
Property, Plant and Equipment	1,940,872	1,984,854	1,475,330
Intangible Assets	131,134	48,332	58,919
Service Concession Arrangements	1,141,102,025	1,151,148,815	1,154,209,326
Net Property, Plant and Equipment	**1,143,174,031**	**1,153,182,001**	**1,155,743,574**
Current Assets			
Cash and Cash Equivalents	7,730,246	616,310.13	248,878.60
Bank Balance Other Than Cash and Cash equivalents	816,511	816,511	9,094,539
Trade Receivables	3,589,998	7,886,600	4,338,628
Other Current Assets	34,599,216	55,981,703	44,277,634
Total Current Assets	**46,735,972**	**65,301,124**	**57,959,679**
Total Assets	**1,189,910,003**	**1,218,483,125**	**1,213,703,254**

Unaudited Statement of Profit & Loss

Amount in NRs.

Particulars	As on 32nd Ashadh 2083 (16th July 2026) (Unaudited)	As on 30th Chaitra 2082 (13th April 2026) (Unaudited)	As on 32nd Ashadh 2082 (16th July 2025) (Audited)
Direct Income			
Revenue from Sale of Energy	69,820,757	55,894,405	9,040,401
Less : Cost of Sales	16,608,359	13,845,612	7,145,845
Gross Profit/ (Loss)	**53,212,398**	**42,048,793**	**1,894,556**
Add: IFRIC Income	-	-	-
Add: Other Income	2,291	1,964	1,449
Total Income	**53,214,689**	**42,050,757**	**1,896,005**
Less: Employee Benefit and Administrative Expenses	4,386,266	1,868,371	2,078,302
Less : Depreciation Amortization	41,696,333	29,469,765	9,533,903
Earning Before Interest & Tax	**7,132,090**	**10,712,621**	**(9,716,200)**
Less : Financial Expenses	36,150,678	27,936,673	11,805,262
Earning Before Tax	**(29,018,589)**	**(17,224,052)**	**(21,521,462)**
Less: Provision for Tax	-	-	-
Earning After Tax (EAT)	**(29,018,589)**	**(17,224,052)**	**(21,521,462)**
Other Comprehensive Income	-	-	-
Total Comprehensive Income	**(29,018,589)**	**(17,224,052)**	**(21,521,462)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, अनुसूची-१४
(नियम २६ को उपनियम १ सँग सम्बन्धित)

आ.व. २०८२/२०८३ का असार मसान्त २०८३ त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण**
(क) आ.व. २०८२/२०८३ को चौथो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ।
(ख) यस त्रैमासिकको अन्त्यसम्मको प्रमुख वित्तीय अनुपातहरू सम्बन्धी विवरण :
प्रति शेयरआम्दानी त्रैमासिक : (5.69)
मुल्य आम्दानी अनुपात P/E Ratio : (62.93)
प्रति शेयर नेटवर्थ : 88.51
प्रति शेयर कुल सम्पत्तिको मूल्य : 233.41
तरलता अनुपात सम्बन्धी विवरण : 0.27 (Current Ratio)

२. **व्यवस्थापकीय विश्लेषण: कम्पनीको नाफा र नगद प्रवाहमा असर पर्ने खालका घटनाहरू**
(क) यस त्रैमासिकमा कम्पनिको खातामा नियमित विद्युत बिक्रीबाट रकम भुक्तान प्राप्त भएको छ।
(ख) आगामी अवधिमा पनि यस कम्पनिको Upper lohore Hydropower Project ४ मे.वाको व्यवस्थापनको विश्लेषण गर्दै व्यवसायिक रुपले सक्षम तरिकाबाट सञ्चालन गरि अधिकाधिक विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराउने योजना रहेको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:**
हाल सम्म यस कम्पनिले तथा यस कम्पनी उपर आर्थिक दावी गरी कुनै मुद्दा दर्ता गराएको जानकारी प्राप्त भएको छैन। कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**
धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार नियमानुसार समान्य प्रकृतिबाटै भएको छ। यस त्रैमासिक अवधिमा शेयर कारोबार निम्नानुसार भएको छ।
अधिकतम मूल्य (रु.) : 570 (6th May 2026)
न्यूनतम मूल्य (रु.) : 357 (14th July 2026)
समीक्षा अवधिको अन्तिम मुल्य (रु.) : 358.2 (16th June 2026)
कुल कारोवार संख्या : 7975
कुल कारोबार दिन : 64 Days
कुल कारोबार शेयर संख्या : 1,343,499

५. **समस्या तथा चुनौति :**
संगठित संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौति बजारमा रहेका अन्य सरह नै रहेका छन्। संस्थामा आई पर्ने संस्थाको आन्तरिक र वाह्य समस्या तथा चुनौतिहरूलाई समय समयमा बस्ने सञ्चालक समितिले समिक्षा गरी सो निराकरणको लागि आवश्यक कार्यान्वयन गर्ने गरेको छ।

६. **संस्थागत सुशासन :**
संगठित संस्थाले बहन गर्नुपरेको समस्या तथा चुनौति बजारमा रहेका अन्य सरह नै रहेका छन्। संस्थामा आई पर्ने संस्थाको आन्तरिक र वाह्य समस्या तथा चुनौतिहरूलाई समय समयमा बस्ने सञ्चालक समितिले समिक्षा गरी सो निराकरणको लागी आवश्यक कार्यान्वयन गर्ने गरेको छ।
यस कम्पनिले संस्थागत सुशासन, संस्थागत सुशासन अभिवृद्धिका लागि सदैव उच्च प्राथमिकता राख्दै आएको छ। यस कम्पनीलाई नियमन निकायबाट प्राप्त निर्देशन परिपत्रहरू व्यवस्थापनद्वारा तदारुकताका साथ सम्पादन गरि आएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।

सरकारी छाप किर्ते गरेको आरोपमा कन्सल्टेन्सीबाट तीनजना समातिए

काठमाडौं/ सरकारी छाप-दस्तखत किर्ते गरी नक्कली कागजात तयार पारेको आरोपमा तीनजनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त सिंहदरबारबाट खटिएको प्रहरी टोली पुतलीसडकमा पुष्पराज राईले सञ्चालन गरेको फ्यासन फाउन्डेसन कन्सल्टेन्सीबाट मंगलबार दिउँसो तीनजनालाई नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेमा झापाको गौरीगन्ज गाउँपालिका घर भई ललितपुर बस्ने ३४ वर्षीय सन्दीप कार्की, अर्घाखाँचीको सन्धिखर्क नगरपालिका- ११ घर भई बुढानीलकण्ठ बस्ने २५ वर्षीया संगीता मगर र नुवाकोटको बेलकोटगढी नगरपालिका- ५ घर भई गोंगबु बस्ने २० वर्षीया अंकिता नेपाल छन्। कन्सल्टेन्सीबाट विभिन्न नगरपालिका, गाउँपालिका, सहकारी संस्था तथा विद्यालयका कागजात, लेटरप्याड, छापसहित दुई थान ल्यापटपलगायत सामानसमेत बरामद भएको प्रहरीले जनाएको छ। उनीहरूमाथि काठमाडौं जिल्ला अदालतबाट तीन दिन म्याद थप अनुमति लिई प्रहरीले अनुसन्धान अघि बढाएको छ।

ब्राउन सुगरसहित दुई पक्राउ

कास्की/ प्रहरीले पोखराबाट लागुऔषध ब्राउन सुगर (खैरो हिरोइन)सहित दुईजनालाई पक्राउ गरेको छ। पोखराका दुई स्थानबाट पक्राउ परेका उनीहरूको साथबाट प्रहरीले २८ ग्राम ४१ मिलिग्राम ब्राउन सुगर र एक लाख ५५ हजार रुपैयाँ बरामद गरेको जिल्ला प्रहरी कार्यालय, कास्कीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिए। उनका अनुसार पोखराका विभिन्न स्थानमा लागुऔषधको बिक्री भइरहेको भन्ने गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय कास्की र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय पोखराबाट गएको संयुक्त प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो। प्रहरी टोलीले गोरखाका नरेश गुरुङलाई उनको डेराकोठाबाट २२ ग्राम ४१ मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको हो। यसैगरी, बारा निजगढ नगरपालिका- ५ का रामप्रसाद आचार्यलाई ६ ग्राम ब्राउन सुगर, एक लाख ५५ हजार रुपैयाँ र दुई थान मोबाइलसहित पक्राउ गरेको पासवानले बताए। पक्राउ परेका उनीहरूलाई लागुऔषधसम्बन्धी कसुरमा थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ।

सर्पदंशका बिरामीको अस्पताल पुऱ्याउँदै-पुऱ्याउँदै मृत्यु

सुर्खेत/ सुर्खेतमा सर्पले टोकेको एकजनालाई अस्पताल पुऱ्याउँदै-पुऱ्याउँदै मृत्यु भएको छ। बुधबार बिहान चौकुने गाउँपालिका- १०, चालिखेका ५८ वर्षीया देउमा कामीलाई सर्पले टोकेर मृत्यु भएको हो। बुधबार बिहान ५:३० बजे भाँडा माझ्ने क्रममा कामीको दायाँ हातको चोर औंलामा सर्पले टोकेको थियो। सर्पले टोकेपछि उनलाई उपचारका लागि कर्णाली प्रदेश अस्पताल कालागाउँमा १०:३५ बजे पुऱ्याइकोमा चिकित्सकहरूले मृत घोषणा गरेको उनकी छोरी पवित्रा विकले बताइन्। 'गाउँबाट अस्पतालमा ल्याउँदा बाटो टाढा भएकाले झन्डै ६ घण्टा लाग्यो,' उनले भनिन्, 'समयमै उपचार नपाउँदा अस्पतालमा पुऱ्याउँदा-पुऱ्याउँदै आमाको मृत्यु भयो।'

बडीमालिका-रामारोशन संरक्षण क्षेत्र घोषणा

धनगढी/ सुदूरपश्चिम प्रदेश सरकारले प्रदेशका दुई प्रसिद्ध पर्यटकीय गन्तव्य बाजुराको बडीमालिका र अछामको रामारोशनलाई जोडेर बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्र घोषणा गरेको छ। मुख्यमन्त्री कमलबहादुर शाहले धनगढीमा बुधबार एक कार्यक्रम गरेर वन संरक्षण क्षेत्र घोषणा गरेका हुन्। प्रदेश सरकारको गत १९ साउनमा बसेको मन्त्रिपरिषद् बैठकले बडीमालिका र रामारोशनलाई जोडेर संरक्षण क्षेत्र बनाउने निर्णय गरेको थियो। मुख्यमन्त्री शाहले प्रदेश वन ऐन, २०७७ को दफा २६ (१) बमोजिम बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्र बनाइएको बताए।

संरक्षण क्षेत्रअन्तर्गत बडीमालिकामा बाजुराको बडीमालिका नगरपालिकाको वडा नम्बर ५, ६, ७ र ८, बाजुराकै त्रिवेणी नगरपालिकाको वडा नम्बर ५, ६, ७ र ९ रहनेछन्। त्यस्तै, रामारोशनमा अछामको मेल्लेख गाउँपालिकाको वडा नम्बर १ र २ तथा अछामकै रामारोशन गाउँपालिकाको वडा नम्बर ४, ५ र ६ रहनेछन्। दुवै ठाउँको ४९८.४ वर्गकिलोमिटर क्षेत्रलाई संरक्षण क्षेत्रमा समेटिएको मुख्यमन्त्री शाहले बताए।

सरकारबाट बाहिरिनुअघि मुख्यमन्त्रीले गरेको निर्णय र घोषणालाई कतिपयले सस्तो प्रचारबाजी भनेका छन्। अल्पमतको सरकार चलाइरहेका मुख्यमन्त्री शाह बिहीबार स्वतः पदमुक्त हुँदै छन्। तीन तहका सरकारबिचको आवश्यक समन्वय र पूर्वतयारीविनै संरक्षण क्षेत्र घोषणा गरिएको सरोकारवालाको भनाइ छ। मुख्यमन्त्री शाहले भने संरक्षण क्षेत्र घोषणामै सीमित नरहने दाबी गरे। बडीमालिका र रामारोशन सुदूरपश्चिमका प्रमुख प्राकृतिक तथा धार्मिक पर्यटकीय गन्तव्य हुन्। प्राकृतिक रूपमा अत्यन्त सुन्दर यी क्षेत्रमा बर्सेनि सयौं पर्यटक पुग्ने गरेका छन्।

साढे पाँच महिनापछि आज स्वदेश फर्किँदै देउवा

स्वागतका लागि शशांकको नेतृत्वमा नेता तथा कार्यकर्ता विमानस्थल जाने, इतर पक्षको राष्ट्रिय भेलामा देउवा प्रमुख अतिथि



● इतर समूहका नेता
मीन विश्वकर्मा भन्छन्-

१४औँ महाधिवेशनबाट निर्वाचित शेरबहादुर देउवाको कार्यसमितिमा सबै छौं । विशेष महाधिवेशनमा आधा मात्रै साथीहरू हुनुभयो । १४औँ महाधिवेशनले मात्रै सबैलाई समेट्न सक्छ । विशेष महाधिवेशनले सबैलाई समेट्न सक्दैन । उहाँहरू गम्भीर हुनुहुन्छ भने १४औँ महाधिवेशनबाट निर्वाचित कार्यसमितिले १५औँ महाधिवेशन गर्ने गरी सहमतिमा आउनुपर्छ ।



नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दल कांग्रेसमा किचलो उत्कर्षमा पुगेका वेला पूर्वप्रधानमन्त्री एवं कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा बिहीबार स्वदेश फर्किँदै छन् । साढे पाँच महिनाअघि उपचारका लागि श्रीमती आरजु राणा देउवासहित सिंगापुर उडेका देउवा एक्लै स्वदेश फर्किन लागेका हुन् । देउवा बिहीबार मध्याह्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने कार्यक्रम छ ।

देउवाको स्वागतका लागि पूर्वमहामन्त्री एवं राष्ट्रिय भेला आयोजक समितिका संयोजक डा. शशांक कोइरालाको नेतृत्वमा नेता तथा कार्यकर्ता विमानस्थल जाने तयारी छ । नेता तथा कार्यकर्तालाई बिहान साढे ११ बजे विमानस्थलमा पुग्न भनिएको छ । निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का पनि देउवाको स्वागतका लागि विमानस्थल पुग्ने भएका छन् ।

१४औँ महाधिवेशन पक्षधरको राष्ट्रिय भेला सुकेधारास्थित मिराकल पार्टी प्यालेसमा हुने भएको छ । २९-३१ साउनमा भेला आयोजक समितिका संयोजक शशांक कोइरालाको सभापतित्वमा भेला हुँदै छ । भेलाको उद्घाटन शुक्रबार दिउँसो १ बजे १४औँ महाधिवेशनबाट निर्वाचित सभापति देउवाले गर्ने इतर पक्षका नेताहरूले बताएका छन् । भेलालाई निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का, शेखर कोइरालालगायत शीर्ष नेताहरूले सम्बोधन गर्ने तयारी छ ।

राष्ट्रिय भेला प्रचार समितिका प्रमुख मीन विश्वकर्माका अनुसार करिब पाँच हजारको आसपासमा भेलामा सहभागिता रहने अपेक्षा गरिएको छ । पहिलो दिन शुक्रबार उद्घाटन सत्र चल्नेछ । शनिबार र आइतबार बन्दसत्र चल्नेछ । मुलुकको वर्तमान राजनीतिक अवस्था, लोकतन्त्र, राष्ट्रिय स्वाधीनता र सार्वभौमसत्तामाथि चुनौती थपिएको भन्दै इतर पक्षले कांग्रेसभित्रको आन्तरिक विवादलाई मध्यनजर गर्दै सबल, सक्षम र सुदृढ कांग्रेसले मात्रै चुनौती सामना गर्न सक्ने दाबी गरेको छ । 'पार्टीको सम्पूर्ण एकता र भावी कार्यदिशा तय गर्ने' भन्दै भेलामा उपस्थित हुन पत्राचार गरिएको छ ।

आफू सहभागी हुन र आफ्नो क्षेत्रमा रहेका पार्टी निकायका नेतृत्व र यसअघि नेतृत्व गरेका सबैलाई सहभागी गराउन पत्रमार्फत आग्रह गरिएको छ । भेलामा क्षेत्रीय सभापति, महाधिवेशन प्रतिनिधि, पूर्वकेन्द्रीय पदाधिकारी तथा सदस्य, पूर्वमन्त्री तथा सांसद, प्रदेश सभा क्षेत्रीय सभापति, महानगर, नगर, गाउँपालिका सभापति उपस्थित हुने विश्वकर्माले जानकारी दिए ।

कांग्रेसको आधिकारितासम्बन्धी फैसलामा अदालतले निस्सा दिएपछि १४औँ महाधिवेशनकै कार्यसमितिले १५औँ महाधिवेशन गर्ने गरी सहमति हुनुपर्ने इतर पक्षको माग छ । नयाँ पार्टी गठनसम्मको गृहकार्य भए पनि अदालतले पुनरवलोकन निवेदनमा निस्सा दिएपछि 'पर्ख र हेर'को रणनीतिमा इतर पक्ष रहेको छ ।

अदालतले आधिकारिक विवाद निरूपण नगरेसम्म दूरगामी असर पर्ने, नेतृत्व चयनका प्रक्रिया, महाधिवेशनका प्रक्रिया स्वतः रोकिनुपर्ने विषय राष्ट्रिय भेलाले उठाउने भएको छ । '१४औँ महाधिवेशनबाट निर्वाचित शेरबहादुर देउवाको कार्यसमितिमा सबै छौं । विशेष महाधिवेशनमा आधा मात्रै साथीहरू हुनुभयो । १४औँ महाधिवेशनले मात्रै सबैलाई समेट्न सक्छ । विशेष महाधिवेशनले सबैलाई समेट्न सक्दैन । उहाँहरू गम्भीर हुनुहुन्छ भने १४औँ महाधिवेशनबाट निर्वाचित कार्यसमितिले १५औँ महाधिवेशन गर्ने गरी सहमतिमा आउनुपर्छ,' विश्वकर्माले भने ।

सर्वोच्चको निस्साप्रति संस्थापन असन्तुष्ट

कांग्रेसको संस्थापन पक्षले पार्टीको आधिकारितासम्बन्धी फैसलामा सर्वोच्च अदालतले निस्सा प्रदान गरेको विषयमा असन्तुष्टि जनाएको छ । गत आइतबारदेखि पार्टी कार्यालय सानेपामा जारी जारी केन्द्रीय कार्यसमिति बैठकमा बुधबार धारणा राख्दै महामन्त्री गुरुराज घिमिरेले निर्वाचन आयोगले सुनुवाइको मौका नदिएको आधारमा सर्वोच्चले निस्सा दिनु तथ्यसँग मेल नखाने जिकिर गरे ।

आयोगले दुवै पक्षसँग पर्याप्त छलफल गरेर विशेष महाधिवेशनबाट चयन भएको कार्यसमितिको विवरण अद्यावधिक गरेको र सोही आधारमा सर्वोच्चले विशेष महाधिवेशनलाई मान्यता दिएको उनको विश्लेषण छ । 'सुनुवाइको मौका नपाएको आधारमा निस्सा दिनु तथ्यसँग मेल खाँदैन । निर्वाचन आयोगमा लगातार छलफल भएका प्रमाण सुरक्षित छन् । विधि-विधानअनुसार विशेष महाधिवेशन सम्पन्न भएको हो । तथ्य र प्रमाणसहित सर्वोच्चमा पुनः बहस गर्ने नै छौं ।'



● कांग्रेस महामन्त्री
गुरुराज घिमिरे भन्छन्-

सुनुवाइको मौका नपाएको आधारमा निस्सा दिनु तथ्यसँग मेल खाँदैन । निर्वाचन आयोगमा लगातार छलफल भएका प्रमाण सुरक्षित छन् । विधि-विधानअनुसार विशेष महाधिवेशन सम्पन्न भएको हो । तथ्य र प्रमाणसहित सर्वोच्चमा पुनः बहस गर्ने नै छौं ।

अन्य नेताहरूले पनि निस्साले भ्रम सिर्जना गरेको भन्दै त्यसलाई चिर्नुपर्नेमा जोड दिएको एक नेताले बताए । बुधबारको बैठकमा महामन्त्री घिमिरेसहित केन्द्रीय सदस्यहरू अमृत अर्याल, डा. गोपाल दहित, राजीव ढुंगाना, राजेन्द्रकुमार केसी, सुशीला मिश्र भट्ट, धना खतिवडा, कृष्णबहादुर केसी, उज्ज्वलप्रसाद बराल, जनकराज गिरी, नगेन्द्र कुमाल, मधु शाही, सपना राजभण्डारी, नवोदिता चौधरी, प्रदीप शर्मा, राजेन्द्रगोपाल सिंह, भीम श्रीस, प्रमोदहरि गुरागाईं, विष्णुदेवी पाण्डे, रामानन्दप्रसाद यादव, रामपल्टन साह, विश्वनाथ रिजाल, प्रमिला राई, छिन्दुल्होमु शेर्पा, डा. अमिता प्रधान, अञ्जु झा, सन्तोषी साउद ऐरी र केन्द्रीय सदस्य एवं बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले आ-आफ्नो धारणा राखेका छन् ।

■ निजी क्षेत्रलाई निरुत्साहित नपार्न माग

कांग्रेस बैठकले निजी क्षेत्रलाई निरुत्साहित नपार्न सरकारसँग माग गरेको छ । निजी क्षेत्रलाई नियन्त्रण र शंकाको नजरले हेर्ने गलत दृष्टिकोण छाडी संरक्षण, प्रोत्साहन र सहजीकरणको नीति लिनुपर्नेमा कांग्रेसले जोड दिएको छ । 'निजी क्षेत्रलाई निरुत्साहित र त्रसित बनाएर मुलुकको समृद्धि सम्भव छैन । त्यसैले वर्तमान सरकारले निजी क्षेत्रलाई नियन्त्रण र शंकाको नजरले हेर्ने गलत दृष्टिकोण छाडी संरक्षण, प्रोत्साहन र सहजीकरणको नीति लिनुपर्छ । लगानीकर्ताको खस्किएको मनोबल उच्च बनाउन, पुँजी पलायन रोक्न र स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न सरकारले अविलम्ब स्पष्ट राष्ट्रिय आर्थिक दृष्टिकोणसहितको दीर्घकालीन र स्थिर नीति निर्माण गरोस् भनी नेपाली कांग्रेस जोडदार माग गर्दछ,' बैठकपछि प्रवक्ता देवराज चालिसेले जारी गरेको विज्ञप्तिमा छ ।

बैठकले रुग्ण बनेको निर्माण क्षेत्रलाई राहत दिन मूल्यवृद्धिको न्यायोचित समायोजन गर्न र नियतवश रद्द गरिएका पूर्वाधार ठेक्काहरूको पुनरवलोकन गरी निर्माण व्यवसायीको भुक्तानी तत्काल गर्न माग गरेको छ । बैंक तथा वित्तीय संस्था र लघुवित्त क्षेत्रको खराब कर्जा नियन्त्रणका लागि ठोस आर्थिक कार्ययोजना ल्याउन र नीतिगत स्थिरताको ग्यारेन्टी गर्न पनि माग गरेको छ ।

कांग्रेस बैठक केही दिन लम्बिने भएको छ । इतर समूहले २९ देखि ३१ साउनसम्म आयोजना गरेको राष्ट्रिय भेलालाई मध्यनजर गरेर बैठक लम्बिने भएको हो । सो भेला नसकिँदासम्म सानेपाको बैठक जारी राख्ने संस्थापन पक्षको तयारी रहेको एक नेताले बताए ।

हाल जारी बैठकमा १५३ सदस्यीय केन्द्रीय कार्यसमितिका सदस्यहरूमध्ये ६२ जनाले धारणा राखिसकेका छन् । अझै धारणा राख्ने केन्द्रीय सदस्यहरू ८० भन्दा बढी रहेकाले बैठक केही दिन लम्बिने प्रवक्ता देवराज चालिसेले बताए । अहिले बैठकमा प्रति सदस्य सात मिनेटको समय छुट्याइएको हुँदा बैठकलाई ३१ साउनसम्म लैजान संस्थापन पक्षलाई सहज देखिन्छ । इतर समूहले छुट्टै राष्ट्रिय भेला गरेर शक्ति प्रदर्शन गर्न खोजेपछि संस्थापनले केन्द्रीय समितिको समय लम्ब्याउन खोजेको हो ।

महारानीझोडाका आठ हजार कित्ताको चल्दैन लालपुर्जा

जग्गा समस्या समाधान गर्न बनेको समितिको म्याद दुईपटक थपियो, तर काम भने ४० प्रतिशत मात्रै



एउटै जग्गाका दुई धनीपुर्जासहित गौरादह- ४ का होमनाथ भट्टराई र उनका बुबा बद्रीनाथ

झापामा **चिरञ्जीवी घिमिरे**

सरकारले झापाको गौरादह नगरपालिका वडा नम्बर ४ र ५ (साबिकको महारानीझोडा)का चार हजार घरधुरीका करिब आठ हजार कित्ता जग्गाको समस्या समाधान गर्न २४ साउन ०८१ मा समिति गठन गऱ्यो । तत्कालीन प्रधानमन्त्री केपी ओलीको विशेष चासोमा यहाँको जग्गासम्बन्धी समस्या समाधान गर्न सरकारले गठन आदेशमार्फत विशेष नापी कार्यालय दमकका निमित्त प्रमुखको दिलीपकुमार सिंहको अध्यक्षतामा ६ सदस्यीय समिति गरेको थियो । समितिले ६ महिनाको म्याद पाएर १५ भदौ ०८१ देखि काम थाल्यो । तर, ६ महिनाको म्याद पाएको समितिले दुईपटक म्याद थप गर्दा पनि काम सम्पन्न गर्न सकेको छैन ।

सुरुको म्याद सकिएपछि ०८१ फागुनमा पुनः ६ महिनाको म्याद थपियो । त्यसपछि जेन-जी आन्दोलनका कारण समितिको म्याद थप्न सकिएन । १७ पुस ०८२ मा दोस्रोपटक समितिको म्याद थप भयो । असार मसान्तसम्म थपिएको म्याद पनि सकियो । तर, काम भने हालसम्म ४० प्रतिशत मात्रै भएको समिति अध्यक्ष तथा विशेष नापी दमकका निमित्त प्रमुख सिंहले जानकारी दिए । दुईपटक म्याद थप गर्दा पनि काम नसकिएपछि फेरि तेस्रोपटक म्याद थप गर्न गौरादह नगरपालिका र विशेष नापी दमकले नापी विभागमा पत्र लेखेर पठाएका छन् । यद्यपि हालसम्म भने म्याद थप भइनसकेको उनले बताए । तर, म्याद थपको तयारी भइरहेको सिंहको भनाइ छ ।

यो क्षेत्रको मुख्य समस्या नक्सा नचल्ने हो । विगतदेखि बनेका विभिन्न आयोगले स्थानीयको धनीपुर्जामाथि थप धनीपुर्जा दिने काम गरे, तर धनीपुर्जा चलेन । यो विषय पटक-पटक चुनावी मुद्दा पनि बन्यो । तर, त्यहाँका नागरिकको सास्ती उस्तै रह्यो । विगतमा पाएका धनीपुर्जा काम नलाग्ने कागजका चिर्कटोझैं छन् । त्यहाँका स्थानीयले त्यो धनीपुर्जाबाट न कित्ताकाट गर्न पाउँछन्, न धितो राखेर ऋण लिन पाउँछन् । जग्गामा सिमाना विवाद आयो भने समाधानको कुनै उपाय छैन । किनकि जग्गाको नक्सा छैन । गौरादह वडा नम्बर ४ र ५ मा करिब चार हजार घरपरिवारको आठ हजार कित्ताको धनीपुर्जा वितरण गरेर उनीहरूको नक्सा प्रमाणित गर्नुपर्नेछ । तर, यो समितिले पनि हालसम्म धनीपुर्जा वितरण गर्ने कामबाहेक केही पनि गर्न सकेको छैन । महारानीझोडाका स्थानीयसँग एउटै जग्गाको तीनवटासम्म धनीपुर्जा छन् । तर, उनीहरूको मुख्य समस्या भने नक्साको छ । यो समितिले हालसम्म एक हजार ४९७ वटा धनीपुर्जा वितरण गरिसकेको समितिका अध्यक्ष तथा विशेष नापी दमकका निमित्त प्रमुख सिंहले बताए । ९४१ वटा धनीपुर्जा तयारी अवस्थामा रहेको उनले बताए । यद्यपि, यी धनीपुर्जा हस्ताक्षर भएका छैनन् ।

गौरादह- ४, जोरघरेका मुक्तिनाथ न्यौपानेसँग नयाँ समितिले दिएको र ०३४ मा पाएको धनीपुर्जा गरी आफ्नो एक बिघा १४ कट्ठा जग्गाको दुई धनीपुर्जा छ । तर, नक्सा प्रमाणित हुँदा उनको जग्गाको धनीपुर्जा भएको र नभएको उस्तै छ । 'नक्सा प्रमाणित गरिदिन्छौं भनेर त धेरैले आश्वासन देखाए, तर भएन । धनीपुर्जा त दुईवटा छ, तर यो धनीपुर्जा भएको र नभएको उस्तै छ । कतै बैंक तथा वित्तीय संस्थामा राखेर ऋण लिएर केही व्यवसाय गरौं भन्दा पनि पाइँदैन,' उनले भने, 'हामीलाई धनीपुर्जा होइन नक्सा प्रमाणीकरण चाहिएको हो । समितिलाई ६ महिनाको म्याद दिएर काम गर्न लगाइयो । काम भएन । तर, यसपटक चाहिँ आशा लागेको छ । समितिको म्याद थप भयो भने कतै काम हुन्छ कि !'

यो ठाउँमा बारम्बार धनीपुर्जा वितरणको काम भए पनि नक्सा नचल्दा गौरादह- ४, किस्तीचौनका होमनाथ भट्टराईलाई यसपटक पनि खासै आशा छैन । उनले पनि आफ्नो १४ कट्ठा जग्गाको नयाँ समितिबाट धनीपुर्जा लिएका छन् । योसँगै उनीसँग एउटै जग्गाका दुई धनीपुर्जा भए । तर, नक्सा कार्यान्वयन नहुँदा समस्या जस्ताको त्यस्तै छ । '०३४ र अहिले गरेर दुईवटा धनीपुर्जा छ । तर, नक्सा कार्यान्वयन भएको छैन । सधैं यहाँको जग्गाको समस्या समाधान गर्छौं भन्छन् । कहिले समाधान भएन,' उनले भने, 'यो समितिले पनि समयमा काम सकेको छैन । अहिले पनि आश गरौं भर नपरौं भन्ने आवस्थामा छौं । नयाँ धनीपुर्जा देखाउन मात्रै जस्तो भएको छ । नबनाउँ भने पनि भोलि कार्यान्वयन भइहाल्छ कि भनेर बनाएका छौं । तर, ठुलो आशा चाहिँ छैन ।'

समिति अध्यक्ष तथा विशेष नापी दमकका निमित्त प्रमुख दिलीपकुमार सिंहले काम सम्पन्न गरेपछि कागजात नापी र मालपोतमा पठाएपछि महारानीझोडाको नक्सा कार्यान्वयनमा आउने बताए । उनले जग्गाधनी समयमा नआउँदा काम ढिला भएको उनले बताए । 'हामीले मात्रै गरेर हुँदैन । जग्गाधनी समयमा आउनुपऱ्यो । मालपोतबाट स्रेस्ता आउनुपऱ्यो । त्यसपछि हामीले गर्ने हो,' उनले भने, 'हामीले मात्र छाप लगाउने हो भने त हामी एक महिनामा सबै छाप लगाएर एक महिनामा पुर्जा वितरण गरिसक्थ्यौं ।'

पत्रकार किशोर श्रेष्ठ पक्राउ



काठमाडौं/ वैयक्तिक गोपनीयतासम्बन्धी कानुन उल्लंघन हुने गरी समाचार प्रकाशन गरेको आरोपमा पत्रकार किशोर श्रेष्ठ पक्राउ परेका छन् । प्रहरीले बुधबार बेलुका ललितपुरस्थित घरबाटै उनलाई पक्राउ गरेको हो ।

श्रेष्ठ सञ्चालक रहेको जनआस्था अनलाइनमा प्रकाशित समाचारको विषयलाई लिएर उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । समाचारले एक युवतीले आफ्नो वैयक्तिक गोपनीयता हनन भएको भन्दै दिएको जाहेरीका आधारमा उनी पक्राउ परेका हुन् ।

प्रहरीका अनुसार उनीविरुद्ध जिल्ला प्रहरी परिसर, काठमाडौंमा बुधबार वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ अनुसार जाहेरी दर्ता भएको छ । जाहेरी दर्ता गरी अदालतबाट पक्राउ पुर्जी लिएर पत्रकार श्रेष्ठलाई पक्राउ गरिएको काठमाडौं परिसरका एसएसपी दिलीप घिमिरेले बताए । समाचारकै आधारमा पत्रकारलाई पक्राउ गरिएकोमा सञ्चारकर्मीले प्रहरीको शैलीको आलोचना गरेका छन् ।

■ पुनर्निर्माण हुँदै घण्टाघर



०७२ को भूकम्पबाट क्षतिग्रस्त घण्टाघरको ११ वर्षपछि पुनर्निर्माण थालिएको छ । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

ग्यास अभावसँगै दाउराको माग बढ्दै

उदयपुरमा ७० प्रतिशत परिवार अझै दाउरामै निर्भर

उदयपुरमा **विदुर कटुवाल**

खाना पकाउने एलपी ग्यास अभाव भएपछि उदयपुरका बजार क्षेत्रमा दाउराको माग बढेको छ । नियमित रूपमा ग्यास प्रयोग गर्दै आएका परिवारसमेत सिलिन्डर नपाएपछि वैकल्पिक इन्धनका रूपमा दाउरा खोज्न थालेका छन् । तर, ग्यास अभावले अहिले बजारमा देखिएको दाउराको मागले उदयपुर पुरानै अवस्थामा फर्किएको छ । जिल्लाका झन्डै ७० प्रतिशत परिवार अझै खाना पकाउन दाउरामै निर्भर थिए, ग्यास अभाव यो संख्या झनै बढ्ने देखिन्छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार उदयपुरका ८१ हजार ५१ परिवारमध्ये ५६ हजार ५६५ परिवारले खाना पकाउन दाउरा प्रयोग गर्छन् । यो कुल परिवारको ६९.७९ प्रतिशत हो । एलपी ग्यास प्रयोग गर्ने परिवार २३ हजार १६४ अर्थात् २८.५५ प्रतिशत छन् । दाउरा र ग्यास दुवैमा निर्भर परिवार जोड्दा जिल्लाको ९८ प्रतिशतभन्दा बढी परिवार यी दुई प्रमुख इन्धनको भरमा रहेको देखिन्छ ।

अहिले ग्यासको आपूर्ति रोकिँदा त्यसको तत्काल असर बजार क्षेत्रमा परेको छ । गाईघाटलगायतका बजारमा ग्यास नपाएपछि उपभोक्ता दाउरा खोज्न थालेका छन् । त्रियुगा नगरपालिका- ११, गाईघाटकी मुना दाहालले एक सातादेखि ग्यास नपाएपछि दाउरा प्रयोग गर्न थालेकी छिन् । 'आधा ल्याएको ग्यास सकियो । अहिले नपाएको एक हप्ता भयो,' उनले भनिन् ।

ग्यास अभावका कारण आपूर्ति अवरुद्ध भएको जिल्ला प्रशासन कार्यालय उदयपुरले जनाएको छ । कार्यालयका सूचना अधिकारी तथा सहायक प्रमुख जिल्ला अधिकारी ओमप्रसाद भट्टराईका अनुसार बजार अनुगमन भइरहे पनि ग्यास लुकाएर राखेको अवस्था भेटिएको छैन । 'उदयपुरको गाईघाट, कटारीलगायत बजारमा ग्यास पाउन मुस्किल छ । व्यापारीले ग्यास ल्याउन नपाएकै कारण अभाव देखिएको हो,' उनले भने ।



गाईघाटलगायतका बजारमा ग्यास नपाएपछि उपभोक्ता दाउरा खोज्न बाध्य भएसँगै गोदाममा थुपारिएका दाउरा

ग्यासको विकल्प खोज्नुपर्ने अवस्था बजारमा अहिले मात्र आएको हो । ग्रामीण उदयपुरमा भने दाउरा अझै खाना पकाउने प्रमुख इन्धन हो । वन तथा स्थानीय स्रोतबाट दाउरा सहजै उपलब्ध हुने भएकाले ग्रामीण परिवारको ठुलो हिस्सा परम्परागत इन्धनमै निर्भर छ ।

आधुनिक ऊर्जाको पहुँच विस्तार भइरहे पनि खाना पकाउने इन्धनमा त्यसको प्रभाव कमजोर देखिन्छ । जनगणनाअनुसार जिल्लामा बिजुलीबाट खाना पकाउने परिवार ७५५ मात्र छन् । जुन बिजुलीबाट खाना पकाउने संस्कारको विकास नभएको शिक्षक पदम राई बताउँछन् । उनले भने, 'गाउँघरमा सहजै विद्युतीय चुलो प्रयोग गर्न सकिन्छ । चेतनाको कारण उपभोक्ताहरू डराउँछन् । बिजुलीबाट खाना पकाउँदा धुँवाबाट मान्छे जोगिन्छन् । तर, करेन्ट लाग्ने अनि भ्याट लाग्ने भन्दै दाउरा प्रयोग भइरहेको देखेको छु ।'

बायोग्यास प्रयोग गर्ने परिवारको संख्या ४६८ मात्रै छ । गुइँठा प्रयोग गर्ने २१, मट्टीतेल प्रयोग गर्ने ४८ र अन्य स्रोत प्रयोग गर्ने परिवार ३० छन् । यसले उदयपुरमा खाना पकाउने ऊर्जाको विकल्प अझै सीमित रहेको देखाउँछ । ग्यास आपूर्ति नियमित हुँदा बजारले त्यसलाई आधुनिक विकल्प माने पनि संकट पर्दा ठुलो हिस्सा फेरि दाउरामै फर्किनुपर्ने अवस्था छ ।

हार्दिक समवेदना



जन्म
वि.सं. २००४/३/१५

स्वर्गारोहण
वि.सं. २०८३/४/१६

स्व. नजरमाया श्रेष्ठ

हाम्रा सहकर्मी दिनेश श्रेष्ठकी ममतामयी आमा
नजरमाया श्रेष्ठको असामयिक निधन भएकोमा
हामी मर्माहत भएका छौं । यस दुःखद घडीमा स्वर्गीय आमाप्रति
भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति
हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नयाँ पत्रिका
परिवार

जनआस्थाको कसीमा न्यायिक नेतृत्व र न्यायपालिका

लोकतन्त्रमा न्यायालयको गरिमा र प्रतिष्ठा कुनै सुन्दर भवनको गजुरका आधारमा होइन, जनताको आस्था र विश्वासको जगमा अडिएको हुन्छ



● विनोदमोहन आचार्य

अग्रलेख

डा. मनोजकुमार शर्मा प्रधानन्यायाधीश नियुक्त हुनुभएको अढाई महिनाभन्दा बढी भएको छ। चौथो वरीयतामा रहनुभएका शर्मालाई प्रधानन्यायाधीश नियुक्ति गर्दा वरिष्ठताको परम्परा तोडिएको सन्दर्भलाई लिएर विभिन्न टिप्पणी भए, सरोकारहरू व्यक्त गरिए। नवनियुक्त प्रधानन्यायाधीश शर्मालाई बधाईसँगै न्यायपालिका अब सरकारको छायामा पर्ने भो भन्नेजस्ता लाञ्छनासहित खोइरो खन्ने काम पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा भए।

आ-आफ्नैखाले समस्याको रुझानमा रुमल्लिरहेको अवस्थामा डा. शर्मा न्यायपालिकाको नेतृत्व सम्हाल्न पुग्नुभएको छ। विगत एक वर्षअघिदेखि न्याय क्षेत्रले नसोचेका परिस्थिति सामना गर्नुपरिरहेको छ। गत भदौको नवयुवा आन्दोलनका कारण अदालतका भौतिक संरचनासँगै जनताका जिउधनसँग सम्बन्धित लाखौँ मिसिल कागज खरानीमा परिणत हुँदा नसोचेको समस्या बल्झिएको छ। अर्कातिर प्रधानन्यायाधीश नियुक्तिका सन्दर्भमा सरकार विगतको परम्पराभन्दा फरक शैली, अर्थात् परिणाममुखी सुशासनको हवाला दिँदै नयाँ सोच, नयाँ ढंगसाथ अगाडि बढेको परिप्रेक्ष्यमा नागरिक समाज, नेपाल बार एवं स्वयं न्यायवृत्तसमेत तरंगित बनेको छ।

कुनै कालखण्डमा न्यायपालिका सरकारमातहतमा राखिन्थ्यो। समयले कोल्टे फेऱ्यो। समयको प्रवाहमा शक्ति पृथकीकरणको अवधारणासँगै नागरिकका हकहित संरक्षणका खातिर राज्यका तीन अंगमध्येको न्यायपालिकालाई स्वतन्त्र राख्नुपर्छ भन्ने मान्यता अगाडि आयो। तथापि, सो मान्यताका बाबजुद शासकको महत्त्वाकांक्षालगायत तानाशाही प्रवृत्तिलाई चिर्दै इतिहासका अनेकौँ घुम्ती, आरोह-अवरोह पार गर्दै जस-अपजस खेप्दै न्यायपालिका आजको स्वरूपमा विकास भएको हो।

तैपनि, न्यायिक स्वतन्त्रता, गरिमा र मर्यादाबारे वेलाबखत सवालमा छालहरू उठ्ने गरेका छन्। आखिर किन त ? वास्तवमा न्यायपालिकाप्रतिको जनआस्था भनेको यो संस्थाप्रतिको विश्वास र आमभरोसा नै हो। साथै, यो लोकतन्त्रको मेरुदण्ड पनि हो। लोकतन्त्रमा न्यायालयको गरिमा र प्रतिष्ठा कुनै सुन्दर भवनको गजुरका आधारमा होइन, जनताको आस्था र विश्वासको जगमा अडिएको हुन्छ। लोकतन्त्रका मसिहा मानिने खासगरी पश्चिमी मुलुकमा त्यहाँको न्यायप्रणाली र न्यायप्रशासन भरपर्दो, भरोसायुक्त र विश्वासनीय रहेकै कारण ती मुलुकमा न्यायाधीश र अदालतप्रति उच्च आदर र सम्मान प्रकट गरिन्छ।

भनिन्छ, केही वर्षअघिदेखि नै हाम्रो न्यायालयको साख खस्किँदो छ। यसो भनिनुका पछाडि न्याय महँगो हुनु, न्याय पहुँच या अनुमानयोग्य नहुनु, न्यायसम्पादनमा विलम्ब हुनु, यथासमयमै फैसलाको पूर्णपाठ तयारी एवं फैसला कार्यान्वयनमा विलम्ब हुनु, न्यायप्रणाली झन्झटिलो हुनु, न्यायाधीशहरूमा न्यायिक संस्कार, निष्पक्षता र फैसलामा गुणस्तरीयताको अभाव हुनु, न्यायिक नियुक्ति पारदर्शी हुन नसक्नु आदि जनआस्थासँग जोडिएका यस्ता विषय हुन्, जुन न्यायपालिकाको गरिमा र मर्यादा निर्धारण गर्ने मानक पनि हुन्।


न्याय महँगो भयो भन्ने सन्दर्भमा अदालतमा बिचौलियाको भूमिका शंकास्पद रहनु, कानुन व्यावसायीको पैरवी शुल्कमा एकरूपता नहुनुजस्ता कारणबाट पनि न्याय महँगो लागेको हुन सक्छ। यस्तै, न्यायसम्पादनका कार्य, फैसलाको पूर्णपाठ एवं फैसला कार्यान्वयनका लागि समेत वर्षौं कुर्नुपर्नेजस्ता कारणबाट पनि अदालतप्रतिको जनआस्थामा विचलन आएको हुन सक्छ।

सर्वोच्च अदालतमा मुद्दाको चाङ बढेकोबढ्दै छन्। जसका कारण यस अदालतमा समयमै मुद्दा किनारा लगाउने कार्य पेचिलो बन्दै गएको छ। समाचारमा जनाइएअनुसार सर्वोच्च अदालतमा मात्रै हाल करिब २७ हजार मुद्दा विचाराधीन छन्। जसमध्ये दुई वर्ष नाघेका अभियानभित्रका मुद्दा मात्रै दसौँ हजार रहेको बताइन्छ।

खासगरी पटकपटक हुने बेमौसमी आन्दोलनका कारण पेसीमा चढिसकेका मुद्दाका सुनुवाइ प्रभावित हुन पुग्यो। यस्तै गत भदौको नवयुवा आन्दोलनका क्रममा सर्वोच्च अदालत भवनसँगै चालू मुद्दाका मिसिल एवं प्रमाण कम्प्युटरलगायत भौतिक सामग्री सबै खरानीमा परिणत भए। जसका कारण मुद्दाको सुनुवाइ कक्ष र जलेका चालू मुद्दाका नयाँ मिसिल व्यवस्थापन गर्न समय लाग्ने नै भयो। यस्तै सर्वोच्चमा न्यायाधीशको दरबन्दी न्यून हुनु, भएकै दरबन्दीअनुरूप न्यायाधीश नहुनु, पेसी स्थगितमा सिस्टम नबसालिनुजस्ता कारणबाट पनि सर्वोच्चमा मुद्दा थुप्रिएका हुन्। सरकारमा रहनेबाट के पनि भन्ने गरिन्छ भने जब न्यायाधीशमा निष्ठा रहँदैन, जब ऊ आत्मानुशासनमा बस्दैन, त्यस्ता न्यायाधीशबाट समाज र राज्यले के नै योगदानको अपेक्षा गर्ने ? खासगरी, न्यायिक अनुभव नै नभएका, व्यावसायिक अनुभवबाट पनि खारिइनसकेका केही न्यायाधीशका हकमा उनीहरूबाट सम्पादित न्यायमा निष्पक्षता एवं गुणस्तरीयताको अभाव खट्किएको भनाइ आउनु अस्वाभाविक होइन।

'हुन त म पनि राजनीतिकर्मी हुँ, न्यायाधीशबाट हुने न्यायसम्पादनमा समान तथ्य, उही कानुन, उस्तै प्रकृतिको विवादमा नतिजा भने फरक-फरक कसरी आउँछ ? जुन कुरा देख्दा सुन्दा लाग्यो, अदालतभित्र तल बसेर माथि इजलासतर्फ हेर्दा मलाई त न्यायाधीशको अनुहारमा झलझली दलीयताको झझल्को आयो।' दुई वर्षअघि पोखरामा कानुन व्यावसायीको एक कार्यक्रममा बहालवाला मुख्यमन्त्रीद्वारा व्यक्त भनाइ हो यो। (कान्तिपुर दैनिक २०८१/०२/१४)

यस्तै, गत २४ भदौको आगलागीबाट सर्वोच्च अदालत भवनसमेत खरानीमा परिणत भएलगत्तै तत्कालीन



प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले बिबिसीसँगको एक अन्तर्वार्तामा 'यस्तो अकल्पनीय परिस्थिति निम्तिनुमा विगतमा हामी न्यायाधीश पनि कहीँ कतै चुकेका थियौँ कि ? हामीबाट पनि केही न्यायिक त्रुटि भएका थिए कि ? जस्ता सवालका सन्दर्भमा आत्मसमीक्षा गर्नुपर्ने वेला आएको छ,' भन्नुभएको थियो।

विगतमा न्यायपरिषद्को भूमिका पारदर्शी रहन सकेन नै। यसै सन्दर्भमा पूर्वन्यायमूर्ति एवं विश्लेषक बलराम केसी भन्नुहुन्छ, 'गणतन्त्र स्थापनायता न्यायाधीश नियुक्त गर्ने, विभागीय कारबाही र सरुवाको जिम्मा लिएको न्यायपरिषद् नेता र राजनीतिक दलको अदृश्य कमान्डमा चल्यो। परिषद्का काम कारबाहीमा निष्पक्ष रूपमा कमान्ड गर्नुपर्ने जिम्मेवारी बोकेका प्रधानन्यायाधीश स्वयं अरू सदस्यसँगै मिलुवा बने, जो भागबन्डामै लिप्त रहे।' (कान्तिपुर २०८३/०२/२०)

> अदालतमा विद्यमान विसंगति र विकृति निराकरणका लागि विभिन्न कालखण्डमा गठित कार्यदलले दिएका रचनात्मक सुझाव न्यायपालिका सुधारका निम्ति कोसेढुंगा साबित हुन सक्छन्

न्यायपरिषद्कै रबैयाकै कारण अहिलेसम्म पनि आफूहरूमा पीडा बल्झिरहेको छ भन्दै पूर्वकरियर जज एवं क्याडर अधिकृत यसो भन्छन्, 'हामीलाई ह्युमिलियटका अलावा हाम्रो योगदानको अपमान मात्रै गरिएन, हाम्रो वृत्तिविकासको अवसरसमेत साँघुरो बनाउँदै लगियो। माथिल्लो तहमा खुड्किलो चढ्न पाउने आसैआसमा बस्दा उमेर घर्किँदै गयो, जसका कारण हाम्रो त्यो सपना अधुरै रह्यो। खुकुरीको चोट अचानोलाई मात्रै थाहा हुन्छ, त्यसै भनिएको होइन रहेछ !'

यस्तै पूर्ववरिष्ठ न्यायमूर्ति ईश्वरप्रसाद खतिवडा भन्नुहुन्छ, 'राजनीतिक भागबन्डा, कोटा प्रणालीबाट न्यायाधीश नियुक्त गर्ने परिपाटी बसालिएका कारण न्यायपालिकामा विकृति विसंगति भित्रिएको हो, जसको असी प्रतिशत जिम्मेवार न्यायपरिषद् छ। तहतहका न्यायाधीशमा हली, खेताला, अरौटे, पछौटे, हिस्सेदार दलाल, मतियार देखिए। योग्यता, क्षमता र निष्ठाका कुरा बुद्धिविलासका विषय बने।' (भर्डिक्ट, अंक-१९, २०७७, पृष्ठ१४, १५)

यतिखेर न्यायपालिकाको परिदृश्य विगतको भन्दा बेग्लै रहेको प्रतीत हुन्छ। देशमा राष्ट्रिय परिस्थिति फेरिएसँगै न्यायिक नेतृत्व चयनका सन्दर्भमा सरकार नयाँ सोच र नयाँ ढंगबाट अगाडि बढेको देखिन्छ। सो नियुक्तिमा वरीयता तोडिएको प्रकरण एवं सर्वोच्चका केही न्यायमूर्तिउपरमा महाभियोग लगाइँदै छ भन्ने 'प्रोपोगान्डा'लाई लिएर केही दिनयता मानवाधिकारवादी संस्थाको सरकार र संसदसँग जुहारी चलिरहेको देखिन्छ। सार्वभौम मुलुक, स्वतन्त्र न्यायपालिकाको मर्यादा र गरिमाको पाटोलाई बिर्सेर यस प्रकारका अशोभनीय गतिविधि हुनु दुःखद हो।

अर्को पाटोबाट हेर्दा केही न्यायमूर्तिमा पनि आत्मानुशासनमा विचलन आउने गरेको चर्चासमेत वेलाबखत नसुनिएका होइनन्। पछिल्लो चुनावपश्चात् देशको राष्ट्रिय परिस्थिति बदलिएको छ। न्यायाधीशका आदेश फैसलामा निष्पक्षता, न्यायिक मन एवं निर्णय क्षमताको अभाव, विगतमा औसतमा न्यायाधीश भागबन्डाबाट नियुक्त गरिनुजस्ता पाटोलाई सरकार र संसद्ले मिहिन रूपमा नियालिरहेका हुन सक्छन्। अतः न्यायपालिकाको पुनर्संरचनाको आवाज सरकारदेखि सदनसम्म यसै उठेको होइन कि ? त्यसैले बदलिएको यो परिदृश्य एवं परिवर्तित राष्ट्रिय परिस्थितिसमेतको न्यायकर्मीले समग्रमा ख्याल राख्नु अनुचित नहोला नै !

सर्वोच्च अदालतको कार्यबोझ घटाउन, न्यायिक कामकारबाही चुस्त सरलीकृत गर्न, न्याय पहुँचयोग्य अनुमानयोग्य तुल्याउन, न्याय प्रशासन पारदर्शी, जवाफदेही र प्रभावकारी तुल्याउन, सर्वोच्च र उच्च एवं जिल्ला तहका अदालतका अधिकार क्षेत्र विस्तार गर्नेबारे सम्बद्ध कार्यविधि तथा व्यवस्थापकीय क्षेत्र पहिचान गरी सुझाव पेस गर्न दुई महिनाको कार्यादेशसहित सर्वोच्चका न्यायाधीशको अध्यक्षतामा हालै मात्र उच्चस्तरीय न्यायप्रशासन सुधार, सुझाव समिति गठन गरिनुलाई न्यायिक संरचनामा परिवर्तनको आयाममा सकारात्मक पहल मान्नुपर्छ।

न्यायपालिकामा विद्यमान विकृति र विसंगतिका छिद्रा टाल्न बिचौलियालाई विस्थापित गर्नैपर्छ। जसका लागि अदालति कामकारबाही प्रविधिसँग जोडिनुपर्छ। यस्तै, संसदीय सुनुवाइ समितिसमक्ष मनोज श्रीमान्बाट प्रस्तुत कार्ययोजना, मातहतका अदालतका नाममा गत जेठमा उहाँबाट जारी निर्देशन, अदालतमा विद्यमान विसंगति र विकृति निराकरणका लागि विभिन्न कालखण्डमा गठित कार्यदलले दिएका रचनात्मक सुझावसमेत वास्तवमा न्यायपालिका सुधारका निम्ति कोसेढुंगा साबित हुन सक्छन्।

न्यायपालिकाप्रति गुनासा बढ्नुका पछाडि यथासमयमा न्यायाधीशको नियुक्ति नगरिनु तथा अपारदर्शी नियुक्ति गरिनु पनि एक कारण हो भनिन्छ। अतः संविधान संशोधन बहस कार्यदलसमक्ष न्यायपरिषद्को संरचनामा परिवर्तन गर्नुपर्ने सन्दर्भमा बग्रेल्ती सुझाव परेको बुझिन्छ।

हाल सर्वोच्चमा चारजना न्यायाधीश तथा उच्च र जिल्लामा केही न्यायाधीशको पद रिक्त छन्। वास्तवमा सर्वोच्च अदालत न्यायको अन्तिम मन्दिर हो। कुनै अनुभवी डाक्टरले बिरामीको रोगको निदान शीघ्र गर्न सक्छ भनिएझैं न्यायप्रशासनको मर्म, न्यायको चुरो एवं गहिराइ बुझ्नेका करिअर जजलाई नै माथिल्लो तहको न्यायाधीश नियुक्त गर्दा भोलिका दिनमा न्याय प्रशासन हाँक्न, न्यायको गहिराइमा पुगेर निष्पक्ष न्यायसम्पादन गर्ने वातावरण बन्न सक्नेमा सन्देह नरहला। अतः यो पाटोको सन्दर्भमा मूलतः वर्तमान न्यायिक नेतृत्वको दृढता क्षमता, भूमिका आदि आमप्रतीक्षाको विषय बनेको छ।

यसैगरी, यथा समयमा मुद्दा किनारा गर्ने वातावरण बनाउन हेर्न नमिल्ने इजलासमा मुद्दाको पेसी नचढ्ने अटो सिस्टमको विकास, फैसला समयमै तयार गर्न 'टेमलेट'को प्रयोग, टाढाबाट मिसिल आउन विलम्ब भए सोको सफ्टकपी इमेलबाट मगाउने, सूचना म्याद तामेलीमा डिजिटल प्रविधिको प्रयोग, फैसला कार्यान्वयनमा न्यायिक जनशक्तिको प्रभावकारी व्यवस्थापनजस्ता कुरा प्रविधिमैत्री, चुस्त एवं सरलीकृत न्यायप्रशासनबाट मात्रै सम्भव हुने देखिन्छ।

वास्तवमा प्रधानन्यायाधीश न्यायपालिकाको कुनै आलंकारिक पद नभएर ऊ सम्पूर्ण न्यायिक गतिविधिको निगरानी एवं प्रभावकारी व्यवस्थापन गर्नेलगायत न्यायप्रशासन कुशलतापूर्वक हाँक्ने अन्तिम एवं गहन जिम्मेवारी बोकेको, मानौं एक सारथी नै हो। अतः बोलीमा मात्र होइन, ऊ व्यवहार र स्वभावमा इमानदार रह्यो तथा उसले चाह्यो भने मात्रै पनि न्यायपालिकाभित्रका विसंगति र विकृतिको 'डिग्री' स्वाभाविक रूपमा घट्नेछ भने यता जनआस्थाको डिग्रीसँगै प्रधानन्यायाधीश शर्माको उचाइसमेत चुलिनेछ भन्ने निष्कर्षमा पुग्नु अन्यथा नठहरिएला !

(आचार्य उच्च अदालतका पूर्वन्यायाधीश हुन्)

---

३ प्रश्न

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रवक्ता **प्रकाशचन्द्र परियार**लाई



संसद्मा सामान्य कोरमसम्म नपुग्ने अवस्था कसरी सिर्जना हुन्छ ?

संसद्मा सांसद्हरू जनअधिकारका विविध सवालमा बहस गर्न, कानुन बनाउन, नागरिकका हक अधिकार एवं समस्या उठाउने प्रतिनिधिका रूपमा सहभागी हुनुहुन्छ। संसद्मा आफ्ना धारणा व्यक्त गर्न सांसदलाई समय निर्धारण गर्न नियमावलीमै व्यवस्था छ। सांसदहरूले संसद्मा उपस्थिति हुनु र आफ्ना धारणा व्यक्त गर्नुलाई नागरिकसँग गरेका वाचा पूरा गर्ने अवसरका रूपमा लिनुपर्छ। कहिलेकसो संसद्मा गणपूरक संख्या अपुग भएको अवस्थामा प्रश्न उठ्ने गरेको पाइन्छ। त्यसमा पनि रास्वपाकै १८२ जना सांसद रहेको अवस्थामा गणपूरक संख्या नपुगेपछि नागरिक तहबाट उठेको चिन्ता र चासोलाई हामीले गम्भीर रूपमा लिनुपर्छ। निर्वाचित भएर आएपछि संसद्मा नियमित उपस्थित हुनु एउटा जेहेनदार विद्यार्थी स्कुल वा कलेजको कक्षाकोठामा उपस्थित हुनुजस्तै हो।

रास्वपा एक्लैका १८२ सांसद हुँदाहुँदै पनि कोरम नपुग्नु अलि अनौठो भएन र ?

संसद्को ठुलो दल हुनुको नाताले रास्वपासँग बढी नै जिम्मेवारी छ। हामी दुई तिहाइनजिक छौं। गणपुरक संख्या नपुगेको अवस्थालाई दोहोरिन नदिन हामी गम्भीर र संवेदनशील छौं। अब यस्ता समस्या नदोहोरिने प्रतिबद्धता व्यक्त गर्छौं। संसद् सञ्चालनका लागि विपक्षी दलको भूमिका पनि महत्त्वपूर्ण हुने भएकाले उहाँहरूको उपस्थिति पनि उत्साहजनक होस् भन्ने चाहेका छौं। मंगलवारको बैठकमा ५ विपक्षी दलबाट ६ जना मात्रै उपस्थित रहनु पनि आफैंमा विडम्बना हो।

भविष्यमा यस्तो अवस्था दोहोरिन नदिन के गर्नुपर्ला ?

संसदीय प्रणाली निरन्तरको अभ्यासबाट परिष्कृत र परिमार्जित हुँदै जान्छ। संसद्का बैठक सञ्चालनका सम्बन्धमा सम्माननीय सभामुखज्यू र पार्टीका सचेतकहरूका तहबाट हुने पहलकदमीमा कुनै कमीकमजोरी हुन दिइनेछैन। मुख्य कुरा सांसदहरूले नागरिक, देश र आफ्नो भूमिकालाई हृदयंगम गर्नेबित्तिकै संसद्मा उहाँहरू गयल हुनुहुन्छ भन्ने मलाई लाग्दैन। त्यसैले, हामीले अझ निर्मम भएर थप सकारात्मक कदम चाल्नेछौं।

प्रेरक प्रसंग

सेरुको घमन्ड

सेरु नामको सिंह जंगलकै सबैभन्दा कुशल र क्रूर सिकारी मानिन्थ्यो। आफ्नो समूहका साथमा उनले कैयौं अर्ना, हरिण र अन्य जनावरको सिकार गरेको थियो।

समय क्रममा बिस्तारै सेरुमा आफ्नो क्षमता र बलको घमन्ड बढ्न थाल्यो। एक दिन उसले समूहका साथीहरूसित भन्यो- साथी हो, आजदेखि जुनसुकै जनावरको सिकार गरे पनि सबैभन्दा पहिले म खान्छु, अनि मात्र त्यसलाई तिमीहरूले हात लगाउन पाउनेछौ। सेरुको मुखबाट यस्तो कुरा सुन्दा सबै आश्चर्यचकित भए। एक वृद्ध सिंहले सेरुलाई प्रश्न गऱ्यो- आज अचानक तिमीलाई के भयो ? तिमी के भनिरहेका छौ सेरु ?

सेरुले भन्यो– मैले अनौठो कुरा गरेको होइन। यहाँ जति पनि सिकार हुँदै आएका छन्, तिनमा सबैभन्दा ठुलो योगदान मेरै छ। मेरो शक्ति र हिम्मतले गर्दा नै हामीले सिकार गर्न सकेका हौं। त्यसैले, सिकारमाथि पहिलो हक पनि मेरै हुनुपर्छ। अर्को दिन सिंहहरूको सभा बोलाइयो। अनुभवी सिंहहरूले सेरुलाई सम्झाउँदै भने- हेर सेरु, तिमी एक कुशल सिकारी हौ। तर, सबैको आ-आफ्नो क्षमताअनुसारको योगदानले गर्दा नै हामी सिकार गर्न सफल भएका हौं। त्यसैले, सिकारमा सबैको बराबर हक हुनुपर्छ। यसमा जिद्दी नगर।

सेरुलाई यो कुरा मन परेन। उसले भन्यो– ठिक छ, आजदेखि म एक्लै सिकार गर्छु। तिमीहरू मिलेर सिकार गर्नू। यति भनेर सेरु आफ्नो बाटो लाग्यो। केही समयपछि उसलाई भोक लाग्यो। उसले एक्लै सिकार गर्ने मन बनायो र नजिकै देखिएको अर्नाको झुण्डतिर गर्जदै दौडियो। तर, पहिलेपहिले उसलाई देख्दा थरथर काँप्ने अर्नाले आज एकजुट भएर उसलाई भगाइदिए। त्यसपछि सेरु हरिणको झुण्डतिर अघि बढ्यो। तर, उसले फुर्तिला हरिणलाई फेला पार्ने सकेन।

अब भने सेरुलाई आफू शक्तिशाली भए पनि समूहको साथविना सिकार गर्न सम्भव नभएको अनुभव भयो। उसलाई आफ्नो निर्णयमा पछुतो भयो। ऊ आफ्नो समूहमा फर्कियो र गल्ती स्विकारेर सबैसँग माफी माग्यो। समूहले पनि उसलाई माफी दियो। फेरि एकपटक जंगल सेरुको गर्जनबाट काँप्न थाल्यो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

उपकरण थन्क्याएर कस्तो सेवा ?

सरकारी अस्पतालमा सेवाग्राहीलाई सेवा दिन भनी खरिद गरिएका करोडौं मूल्यका स्वास्थ्य उपकरण प्रयोगविने बिग्रिएर गोदाममा थन्क्याइएको समाचारले मथिंगल नै हल्यायो। जब आवश्यक थिएनन् भने ती उपकरण किन खरिद गरियो ? जब आवश्यक थियो भने तिनलाई किन सञ्चालनमा ल्याएर जनतालाई सेवा प्रदान गरिएन ? के ती स्वास्थ्य उपकरण जनताको सेवाका लागि भन्दा पनि नेतृत्वकर्ता हाकिम या नेताहरूको कमिसनबापत आउने अतिरिक्त कमाइका लागि खरिद गरिएको हो ? नत्र किन यसरी त्यति महँगा उपकरण प्रयोगविनै किन बिगारेर थन्क्याइयो ? अनि, ती मेसिन सञ्चालन गर्न आवश्यक जनशक्तिको अभाव छ भने जनशक्ति तयार गर्ने दिशामा राज्यले किन ध्यान दिएन ? के ठुला नेता र कर्मचारीको खल्ती भर्न मात्र खरिद गरिएका हुन् ती उपकरण ?

● **भोला महर्जन**, गहनापोखरी, काठमाडौं

जो आए पनि उस्तै त रहेछ

एक्लो राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सँग भन्डै दुईतिहाइ सांसद छन्। तर, उसैको सरकारले खानी विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा एकचौथाइको कोरमसमेत पुऱ्याउन नसकेको समाचार पढ्नुपऱ्यो ? भनेपछि जुनसुकै दलले जतिसुकै ठुलो बहुमत पाए पनि हुने त उही रहेछ, होइन ? हिजो पनि सांसदहरू हाजिर गरेर भत्ता पकाउँथे र संसद्मा नबसी टाप कस्थे। आज पनि त्यही भइरहेछ।

● **गौरिका स्याङ्तान**, लाजिम्पाट, काठमाडौं

किन फेरियो कप्तान ?

नेपाल क्रिकेट संघ क्यानले पुरुष सिनियर क्रिकेट टोलीका यसअघिका कप्तान रोहित पौडेललाई हटाएर पूर्वकप्तान सन्दीप लामिछानेलाई पुनः नयाँ कप्तान नियुक्त गरेको समाचार पढियो। रोहितको स्थानमा सन्दीपलाई ल्याएर सायद क्यानले ठिकै पनि गरेको होला। तर, संकटको अवस्थाबाट नेपाली क्रिकेटलाई माथि उठाउने एक सफल कप्तानलाई अचानक हटाएर नयाँ कप्तान ल्याउनुले नेपाली क्रिकेटमा असर पर्न सक्छ। यसतर्फ क्यानको ध्यान जाओस्।

● **सुजन पौडेल**, धापासी, काठमाडौं

राजदूत भेट्नु गलत हो र ?

प्रधानमन्त्री बालेन्द्र शाहले हालै भारत र चीनका राजदूतसँग एक्लाएक्लै भेट गरेपछि यतिखेर ठुलो तरंग आएको छ। कतिपयले प्रधानमन्त्रीको अहिलेको काम सही भएको, उनले रियलाइजेसन गरेको, आफ्नो गलत नीति र अडान छाडेको टिप्पणी गरेका छन्। कतिपयले चाहिँ प्रधानमन्त्री शाहले आफ्नो पुरानो अडान र नीति छाडेर गल्ती गरेको तथा त्यसले फेरि नेपालमा पुरानै गलत अभ्यास बढ्ने चिन्ता प्रकट गरेका छन्। नेपालमा पहिलेपहिले कुनै पनि राजदूतले चाहनासाथ देशको कार्यकारी प्रमुखलाई परराष्ट्र मन्त्रालयलाई बाइपास गरेर सिधै भेट्न पाउने गलत अभ्यास चलेको थियो। त्यो गलत अभ्यासलाई रोक्न भनेरै प्रधानमन्त्री शाहले अबदेखि राजदूतहरूले सिधै प्रधानमन्त्रीलाई भेट्न नपाउने, भेट्नै परे सामूहिक रूपमा भेट्ने, नेपाल सरकारसँग कुनै काम भए सम्बन्धित मन्त्रालयका जिम्मेवार अधिकारीसँग भेट गर्ने गरी एउटा थिति बनाउन खोजेका थिए। जुन सही थियो र विदेशमा हुने अभ्यास पनि त्यही हो।

यसले बाह्य हस्तक्षेप रोक्ने, परराष्ट्र मन्त्रालय बाइपास नहुनेजस्ता राम्रा थिति बस्ने संकेत दिएको थियो। यसलाई प्रधानमन्त्री शाहले निरन्तरता दिन सक्नुपर्थ्यो। पहिलेको गलत अभ्यासलाई सच्याँका लागि अन्त्य गर्न सक्नुपर्थ्यो। प्रधानमन्त्री साहको कूटनीतिक प्रयास र अडान राम्रा थिए र छन्। जसलाई निरन्तरताका लागि हामीले जोड गर्नुपर्छ। सानो देश भन्दैमा सधैं हेपिएर बस्नु गलत हो।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं

लेख, रचना तथा पाठक टिप्पणीका लागि नयाँ इमेल ठेगाना
nayapatrikaopinion@gmail.com

निर्णय प्रक्रियामा अपरिहार्य युवा सहभागिता

युवालाई कहिलेकाहीं सहभागिताको मौका दिइए पनि निर्णयलाई प्रभावित पार्ने वा निर्णायक भूमिका खेल्ने अवसरबाट भने वञ्चित गरिन्छ



देश/विदेश

● म्याक्स तुन्योन
(तुन्योन आइएलओका बंगलादेशस्थित कन्ट्री डाइरेक्टर हुन्)

एकजना युवा ट्रेड युनियन नेतृ जुरुक्क उठिन् र केही क्षणको मौनतापछि एउटा सशक्त विचार राखिन्, 'हामीलाई प्रायः सहभागिताका लागि त बोलाइन्छ, तर निर्णय प्रक्रियामा भने सामेल गराइँदैन। पर्याप्त अनुभव छैन भनिन्छ। यदि मलाई कहिल्यै अवसर नै दिइन्न भने मैले कसरी अनुभव बटुल्न सक्छु ?' उनका यी शब्दले बंगलादेशमा विद्यमान एउटा साझा संरचनात्मक चुनौतीलाई उजागर गर्छ, युवालाई कहिलेकाहीं सहभागिताको मौका त दिइन्छ, तर निर्णयलाई प्रभावित पार्ने वा निर्णायक भूमिका खेल्ने अवसरबाट भने वञ्चित गरिन्छ। कार्यस्थल, नागरिक संघसंस्था र विशेषगरी ट्रेड युनियनमा युवाले सक्रिय योगदान पुऱ्याउँदै आए पनि नेतृत्व र निर्णय प्रक्रियामा सहभागी हुने अवसर भने प्रायः वरिष्ठ नेतामा मात्र सीमित रहने गरेका छन्। यो अनुभवलाई युवापनले विस्थापित गर्ने विषय होइन, बरु त्यो अनुभवलाई नयाँ दृष्टिकोणसँग जोड्ने विषय हो। हरेक सशक्त श्रमिक आन्दोलन पुस्ताबिचको निरन्तरतामा आधारित भएर निर्माण भएको हुन्छ। यहाँको चुनौती केवल युवाका लागि स्थान सिर्जना गर्नु मात्र होइन, बरु प्रभाव, जिम्मेवारी र विश्वास आर्जन गर्नु हो। मूलतः, युवा नेतृत्वले वरिष्ठ नेतृत्वलाई विस्थापित गर्न खोजिरहेको छैन। युवाहरू त उनीहरूबाट सिक्न, उनीहरूसँगै मिलेर योगदान पुऱ्याउन र भोलिको श्रमिक आन्दोलन निर्माणमा सघाउन चाहन्छन्।

बंगलादेश विश्वको सबैभन्दा युवा जनसंख्यामध्ये एक हो, जसमा लगभग एकतिहाइ १५ देखि ३५ वर्ष उमेर समूहका युवा छन्। प्रत्येक वर्ष लाखौं मानिस डिजिटलाइजेसन र जलवायु परिवर्तनमार्फत द्रुत रूपमा रूपान्तरण भइरहेको श्रम बजारमा प्रवेश गर्छन्। यसले फराकिलो विश्वव्यापी वास्तविकतालाई प्रतिबिम्बित गर्छ। अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को युवा रोजगार प्रवृत्ति प्रतिवेदन २०२६ अनुसार, वर्तमान चुनौती युवाका लागि रोजगारी सिर्जना गर्नु मात्र होइन, बरु श्रम बजार संक्रमणले सुरक्षित र सम्मानजनक कामतर्फ डोऱ्याउने कुरा सुनिश्चित गर्नु हो। नयाँ दृष्टिकोणको सर्वाधिक आवश्यकता रहेको यस समयमा नीतिगत छलफल र ट्रेड युनियनको नेतृत्वमा युवाको सहभागिता अनिवार्य छ। यदि श्रमिकको सामूहिक आवाजले युवा पुस्ताको आकांक्षालाई समेट्न सकेन भने यो आजको श्रम बजारको यथार्थबाट अलग्गिने जोखिममा पर्छ। तसर्थ, युवा सहभागितालाई नयाँ ढंगले अघि बढाउने वा पुनर्परिभाषित गर्ने महत्त्वपूर्ण अवसर ट्रेड युनियनसँग छ।

युवा कामदारले डिजिटल संगठन, प्लेटफर्म कार्य, जलवायु लचिलोपन र हेरचाह अर्थतन्त्रजस्ता उदीयमान सीमामा अमूल्य अन्तर्दृष्टि प्रदान गर्छन्। तिनको सम्भावनालाई खुला गर्न, समन्वित कार्य आवश्यक छ, युनियनले निर्णय लिने र परामर्शका लागि स्पष्ट मार्ग निर्माण गर्नुपर्छ। सरकारले युवालाई सामाजिक संवादमा समावेश गर्नुपर्छ र आइएलओलगायत विकास साझेदारले अर्थपूर्ण अन्तर-पुस्ता सहकार्य प्रवर्द्धन



गर्नुपर्छ। त्यसो भए श्रम आन्दोलनले कसरी कामदारको अर्को पुस्तालाई राम्रोसँग संलग्न गराउन सक्छ ?

तीव्र गतिमा परिवर्तन भइरहेको श्रम बजारमा टिक्नका लागि सामूहिक मोलमोलाइ र सामाजिक संवादका लागि अपरिहार्य संस्था मानिने ट्रेड युनियनले समयसापेक्ष रूपमा आफूलाई परिमार्जन गर्नुपर्छ। अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को हालैको एक परामर्शले युवा नेतृत्व यसका लागि तयार रहेको देखाएको छ। हामीले युवालाई यस अभियानको अग्रपंक्तिमा देखिरहेका छौं, जस्तै युनियन स्थापना गर्ने, विवाद समाधान गर्ने र श्रमिकका अधिकार रक्षा गर्ने कार्यमा। उनीहरूले नेतृत्व सम्हाल्न आफू तयार रहेको प्रमाणित गरिरहेका छन्।

यद्यपि, राष्ट्रिय नेतृत्व, सामूहिक सौदाबाजी र नीतिगत संवादमा सहभागी हुने अवसर भने सीमित छन्। धेरै युनियन सदस्यलाई के लाग्छ भने कसको कुरा सुनुवाइ हुन्छ भन्ने कुरा क्षमता र सक्रियताभन्दा पनि उमेर र अनुभवले निर्धारण गर्छ। युवा महिलाले पारिश्रमिक नपाइने र नेतृत्वमा न्यून अवसरलगायतका थप अवरोध उल्लेख गरे। महत्त्वपूर्ण कुरा के छ भने युवा नेतृत्वले आफूलाई सक्षम बनाएका छन्। उनीहरू 'बंगलादेश श्रम (संशोधन) ऐन, २०२६', औद्योगिक सम्बन्ध, सामूहिक सौदाबाजी, पेसागत सुरक्षा तथा स्वास्थ्य, डिजिटल रूपान्तरण, जलवायु परिवर्तन र कामको भविष्यबारे अझ गहिरो ज्ञान हासिल गर्न चाहन्छन्। उनीहरू वरिष्ठ नेतृत्वबाट मार्गदर्शन, वार्ता तथा नीतिगत छलफलमा

नाम र संरचना प्रादेशिक अस्पताल, सेवा आधारभूत स्वास्थ्य केन्द्रको जस्तै

प्रादेशिक आयुर्वेद अस्पताल सञ्चालनको चार वर्षमा पनि पूर्ण रूपमा सञ्चालनमा आउन सकेन



झापामा चिरञ्जीवी घिमिरे

झापाको कमल गाउँपालिका- ६, लखनपुरमा प्रादेशिक आयुर्वेद अस्पताल सञ्चालन भएको चार वर्ष पूरा भयो। कोशी प्रदेश सरकारले ५० शय्याको प्रादेशिक आयुर्वेद अस्पताल भनेर यो अस्पताल सञ्चालन गर्दै आएको छ।

नाम प्रादेशिक अस्पतालको छ भने संरचना पनि ५० शय्याको अस्पतालको मापदण्डअनुसारकै छ। तर, यसको सेवा भने स्थानीय तहले सञ्चालन गरेका आधारभूत स्वास्थ्य केन्द्रको भन्दा फरक छैन। दुई बिघा क्षेत्रफलमा २० करोड ६३ लाख लागतमा भव्य संरचना बनाएर ५ भदौ ०७९ देखि सञ्चालनमा आएको प्रादेशिक आयुर्वेद अस्पताल हालसम्म पनि पूर्ण रूपमा सञ्चालनमा आउन सकेको छैन।

बिरामी पनि दैनिक ५०-६० जना मात्रै आउने गरेको प्रादेशिक आयुर्वेद अस्पतालका निर्देशक डा. रवीन्द्र निरौला बताउँछन्। प्रादेशिक अस्पताल भएपछि इमर्जेन्सी सेवा तथा बिरामी भर्ना गरेर उपचार गर्नुपर्ने हो। तर, यो अस्पतालमा न त इमर्जेन्सी सेवा नै छ, न त बिरामी भर्ना गरेर नै नियमित उपचार हुन्छ। आक्कलझुक्कल बिरामी भर्ना गरिन्छ भने अन्य ठाउँबाट विशेषज्ञ चिकित्सक आएको समयमा महिनाको एकपटक शल्यक्रिया सुविधा दिइन्छ। सरकारी बिदामा हप्ताको दुई दिन अस्पताल पनि बन्द रहन्छ।

नाम प्रादेशिक आयुर्वेद अस्पताल भए पनि एकपटक आएपछि बिरामीको विश्वास कम हुने गरेको छ। 'ठुलो अस्पताल छ भनेर साथीले भनेपछि उपचारका लागि आएँ। तर, मान्छे थोरै हुने रहेछन्। योभन्दा धेरै मान्छे त हाम्रो पालिकाले चलाएको अस्पतालमा हुन्छन्,' मोरङ लेटाङ- ४ बाट उपचारका लागि आएका कमल राई भन्छन्, 'अप्रेसन (शल्यक्रिया) तत्काल गर्नुपर्‍यो भने पनि नहुने रहेछ। इमर्जेन्सी भर्ना पनि हुँदैन रहेछ। यसले त विश्वास गरेर आएको पनि कतै ठिक हुँदैन कि भन्ने पो लाग्ने रहेछ।'

नसासम्बन्धी रोग भएका कमल- ७ का ७६ वर्षीय विष्णुप्रसाद संग्रौलालाई यो अस्पतालको उपचार पद्धतिले काम गरेको छ। तर, अस्पतालको सेवा वृद्धि गर्न भने आवश्यक रहेको उनी बताउँछन्। 'आयुर्वेद उपचार पद्धति विश्वास गर्नलायकको छ। मलाई अरू अस्पतालमा जाँदा ठिक नभएको यहाँ हुँदै छ,' उनले भने, 'तर, सेवा हेर्दा स्वास्थ्य चौकीको जस्तो छ। बिरामी भर्ना गरेर राख्न सक्ने गरी बनाउनुपर्छ।'

अस्पताल स्थापना भएको चार वर्षमा पनि प्रदेश सरकारले संगठन तथा व्यवस्थापन सर्भे (ओएन्डएम) गरेर स्थायी दरबन्दी सिर्जना गर्न सकेको छैन। हाल २३ जनाको अस्थायी दरबन्दी मात्रै रहेको प्रादेशिक आयुर्वेद अस्पतालका निर्देशक डा. निरौलाले बताए। दरबन्दीअनुसार २३ जना पनि पूरा कर्मचारी नभएको उनले बताए। अस्पतालमा हाल आफूसहित चारजना मात्रै चिकित्सक रहेको उनको भनाइ छ।

५० शय्याको अस्पतालका लागि विशेषज्ञ चिकित्सकसहित १०८ जनाको स्थायी दरबन्दी आवश्यक पर्ने उनी बताउँछन्। कर्मचारी अभावमा पूर्ण रूपमा २४ सै घण्टा अस्पताल सञ्चालन गर्न नसकिएको उनको भनाइ छ। अहिले अस्पतालले ओपिडी सेवासहित, पञ्चकर्म, थेरापी, प्रयोगशाला, जीवनशैलीसम्बन्धी परामर्शलगायतको सेवा दिइरहेको उनले बताए। '२४ घण्टा सञ्चालन गर्न सकेको छैन। इमर्जेन्सी सेवा सञ्चालन गर्न सकेको छैन। कहिलेकाहीं भर्ना गर्छौं। शल्यक्रिया गर्नुपर्ने १०-१५ जना बिरामी भएपछि बाहिरबाट चिकित्सक बोलाएर गर्छौं,' उनले भने, 'स्थापना भएको कम समय भएको छ। बिस्तारै सेवा विस्तार गर्दै जाने हो। पूर्ण रूपमा सञ्चालन गर्न जनशक्ति अभाव हो। प्रदेशको एक मात्र प्रादेशिक आयुर्वेद अस्पताल हो। यो प्रदेशको गौरव पनि हो। यसलाई रिफरल सेन्टर बनाउने प्रदेश सरकारको योजना हो।'

कोशी प्रदेश सरकारले यो अस्पतालका लागि चालू आर्थिक वर्षमा तीन करोड ४२ लाख बजेट विनियोजन गरेको छ। कोशी प्रदेशको स्वास्थ्य मन्त्रालयकी प्रवक्ता डा. सभ्यता पन्थीले २३ जना कर्मचारीको दरबन्दी भए पनि विशेषज्ञ चिकित्सकको पदपूर्ति हुन बाँकी रहेको बताइन्। अस्पतालको स्थायी दरबन्दीका लागि संगठन तथा व्यवस्थापन सर्भे (ओएन्डएम) हुने क्रममा रहेको उनको भनाइ छ। प्रादेशिक आयुर्वेद अस्पताल लखनपुरलाई विशेषज्ञ प्रेषण अस्पताल र तालिम केन्द्रका रूपमा विकास गर्दै आयुर्वेद प्रतिष्ठानसम्बन्धी अध्ययन प्रतिवेदन कार्यान्वयन तथा जडीबुटीजन्य औषधिको प्रवर्द्धन गर्ने प्रदेश सरकारको योजना रहेको उनले बताइन्।

प्रधानाध्यापक र शिक्षिकाविरुद्ध भ्रष्टाचार मुद्दा

सर्लाही/ सर्लाहीको मलंगवा नगरपालिकास्थित कृष्णादेवी जनता माविका तत्कालीन प्रधानाध्यापक विन्देश्वर यादव र शिक्षिका प्रियंकाकुमारी सिंहविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ। लामो समय विद्यालयमा अनुपस्थित रहेकी शिक्षिका सिंहको हाजिरी किर्ते गरी तीन लाख ७१ हजार ३६ रुपैयाँ तलब भुक्तानी गरेको आरोपमा उनीहरूमाथि बुधबार विशेष अदालतमा आरोपपत्र दायर भएको हो। औपचारिक सूचनाविना ०७९ वैशाखदेखि कात्तिक १८ गतेसम्म विद्यालयमा अनुपस्थित सिंहलाई पदबाट हटाउनेतर्फ कारबाही गर्नुपर्नेमा प्रधानाध्यापक यादवले मिलेमतोमा हाजिरी रजिस्टर खाली राखी एकमुस्ट हाजिर गर्न दिएको आरोपपत्रमा उल्लेख छ।

ग्यास आपूर्ति सहज बनाउन राष्ट्रिय सभाले गरायो ध्यानाकर्षण

काठमाडौं/ राष्ट्रिय सभाले बजारमा ग्यास आपूर्ति सहज बनाउन सरकारको ध्यानाकर्षण गराएको छ। बैठकको शून्य र विशेष समयमा सांसदहरूले ग्यास अभावका कारण जनताले भोग्नुपरेका समस्या उठान गरेपछि सभाका अध्यक्ष नारायणप्रसाद दाहालले सरकारको ध्यानाकर्षण गराएका हुन्।

'माननीय सदस्यहरूले शून्य समय, विशेष समयमा बजारमा ग्यासको अभावका कारण जनताले भोग्नुपरेको समस्या उठाइरहनुभएको छ। साथै, जनस्तरबाट पनि व्यापक गुनासो सुनिन आएकाले सहज रूपमा ग्यासको आपूर्ति तथा बिक्री-वितरण गर्न गराउन आवश्यक व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउँदछु,' बुधबारको बैठकमा अध्यक्ष दाहालले भने। यसैगरी, राष्ट्रिय सभा सदस्य मदनकुमारी शाह गरिमाले सहायक प्रजनन प्रविधिको प्रयोगलाई नियमन गर्नेसम्बन्धी कानुन निर्माण गर्न सरकारलाई निर्देशन दिन माग गर्दै राष्ट्रिय सभामा संकल्प प्रस्ताव दर्ता गरेकी छिन्।

निर्वाचन आयोगले विदेशमा रहेका नेपाली नागरिकको मताधिकार सुनिश्चित गर्न अध्ययन थालेको छ। यसका कानुनी तथा सूचना प्रविधिका क्षेत्रमा गर्नुपर्ने सुधारका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्न आयोगका आयुक्तहरूको सयोजकत्वमा दुई अलग-अलग समिति गठन गरेको छ। समितिहरूले प्रारम्भ गरेको मितिले ३० कार्यदिनभित्र प्रतिवेदन पेस गर्नेछन्। विदेशमा रहेका नेपाली नागरिकको मताधिकार सुनिश्चित गर्न आवश्यक पर्ने कानुनी व्यवस्था सम्बन्धमा अध्ययन गर्न निर्वाचन आयुक्त गुरुप्रसाद वाग्लेको संयोजकत्वमा गठित समितिमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयका प्रतिनिधि रहने व्यवस्था गरिएको छ।

Coca-Cola BOTTLERS NEPAL LIMITED

(Authorized Bottler of The Coca-Cola Company)

Balaju Industrial District, Balaju, Kathmandu

Unaudited Financial Results (Quarterly)

As at the end of the Fourth Quarter (16/07/2026) of the Fiscal Year 2082/83 (FY 2025-2026)

NPR in Thousands

S.N	Particulars	As on date 16.07.2026 (Unaudited) (Group)	As on date 16.07.2025 (Unaudited) (Group)
A	**ASSETS**		
	NON-CURRENT ASSETS		
	Non-Financial Assets:		
	Intangible Assets	7,181	8,018
	Property, Plant and Equipment	6,819,012	6,814,433
		6,826,193	**6,822,451**
	CURRENT ASSETS		
	Non Financial Assets:		
	Inventories	2,346,779	2,932,854
	Advances	2,424,795	2,502,195
	Other Current Assets	106	24,679
	Income Tax Receivable	34,288	53,416
	Financial Assets:		
	Other Current Assets	159,272	84,311
	Trade Receivables	1,243,493	909,834
	Cash and Cash Equivalents	188,191	44,915
		6,396,924	**6,498,788**
	Total Assets	**13,223,117**	**13,374,655**
B	**EQUITY AND LIABILITIES**		
	EQUITY		
	Equity Share Capital	194,889	194,889
	Reserve and Surplus	6,548,611	5,682,126
	Non Controlling Interest	391,137	329,345
		7,134,637	**6,206,360**
	NON-CURRENT LIABILITIES		
	Non-Financial Liabilities:		
	Deferred Tax Liability	65,681	63,778
	Financial Liabilities:		
	Retirement Benefit Obligation	916,488	907,637
	Lease Liabilities	42,109	81,341
		1,024,278	**1,052,756**
	CURRENT LIABILITIES		
	Retirement Benefit Obligation	36,666	37,828
	Borrowings	1,783,783	2,676,870
	Trade Payables	1,332,581	1,517,829
	Lease Liabilities	39,232	32,533
	Other Financial Liabilities	1,840,675	1,837,725
	Non Financial Liabilities	31,265	12,754
		5,064,202	**6,115,539**
	Total Equity and Liabilities	**13,223,117**	**13,374,655**

C	Profit and Loss Account	Current Period (Group) 14.04.2026 to 16.07.2026 (Qtr)	Current Period (Group) 17.07.2025 to 16.07.2026 (YTD)	Previous Period (Group) 14.04.2025 to 16.07.2025 (Qtr)	Previous Period (Group) 16.07.2024 to 16.04.2025 (YTD)
	Revenue from Operations	4,219,632	1,873,754	3,713,107	10,787,541
	Cost of Sales	2,616,824)	(8,134,352)	2,637,827)	7,889,021)
	Gross Profit	**1,602,808**	**3,739,402**	**1,075,280**	**2,898,520**
	Other Operating Income	88,299	154,681	169	25,252
	Selling and Distribution Expenses	(435,116)	1,748,363)	(345,093)	1,479,441)
	Administrative and Operating Expenses	(283,321)	(776,479)	(217,572)	(699,444)
	Profit from Operations	**972,670**	**1,369,241**	**512,784**	**744,887**
	Finance Costs	(40,550)	(162,732)	(55,826)	(218,246)
	Finance Income	343	24,733	(75)	1,533
	Profit Before Tax	**932,463**	**1,231,242**	**456,883**	**528,174**
	Income Tax Expense				
	Current Tax	(121,286)	(277,680)	(58,038)	(166,765)
	Prior Period Tax Adjumstment	(90,930)	(83,486)	(766,350)	(766,350)
	Deferred Tax	(61,807)	8,315	(48,644)	4,771
	Net Profit	**658,440**	**878,391**	**(416,149)**	**(400,170)**
	Owners of the Company (Net Profit)	**623,209**	**817,691**	**(352,118)**	**(343,582)**
	Non Controlling Interest (Net Profit)	**35,231**	**60,700**	**(64,031)**	**(56,588)**

D	Major Indicators	Current Period (Group) 17.07.2025 to 16.07.2026 (YTD)	Current Period (Group) Annualized	Previous Period (Group) 16.07.2024 to 16.07.2025 (YTD)	Previous Period (Group) Annualized
	1. Earnings per Share (NPR)	420	420	(176)	(176)
	2. Market Value per Share (NPR)	14,150	14,150	17,498	17,498
	3. Price Earnings Ratio	34	34	(99)	(99)
	4. Current Ratio	1.3		1.1	
	5. Return on Equity	12.3%	12.3%	-6.4%	-6.4%
	6. Return on Total Assets	6.6%	6.6%	-3.0%	-3.0%
	7. Net Worth per Share (NPR)		3,661		3,185

Note:

1. Figures are regrouped wherever necessary for consistent presentation and comparison.
2. Above presented figures may vary with the audited figures if amended by the external auditors and/or regulator
3. Quarterly earnings per share, Price earning ratio, return on equity, return on total assets and net worth per share are calculated based on quarterly accumulated unaudited profits and number of equity shares outstanding at the reporting date and Annualized earnings per share, Price earning ratio, return on equity, return on total assets and net worth per share are calculated based on annualized accumulated unaudited profits and number of equity shares outstanding at the reporting date.

E. Related Party Disclosure

Upto the end of the quarter, the following related party transactions have occurred:

Particulars	NPR in Thousand
Purchase of Concentrate from Pacific Refreshments Pte. Ltd.	2,632,861
Transfer fee payable to BNTL	23,015
Transfer fee receivable from BNTL	174,331

F. Management Analysis

a) The Company recorded a net profit of NPR 658 million during the fourth quarter, bringing its YTD net profit to NPR 878 million, despite a challenging operating environment characterized by higher excise duties, currency devaluation, the Middle East crisis, the ban on sugar imports from India, and continued pressure on raw material and operating costs. Nevertheless, the Company maintained a net profit margin of 7.4%, which remains below the global benchmark. ROA also remained in the single-digit range, while ROE has yet to reach optimal levels relative to the broader market. These indicators highlight the continued need to strengthen underlying operating profitability and improve capital efficiency.

b) YTD profit before tax improved significantly from NPR 528 million to NPR 1,231 million. This improvement was primarily driven by prudent pack pricing actions, effective promotional strategies, expansion of market reach and chilled capacity, and sustained cost optimization initiatives across the value chain.

c) Looking ahead, management remains cautiously optimistic in light of the evolving competitive landscape and potential pressures arising from raw material prices, foreign exchange movements, and excise duties. Over the medium to long term, the Company intends to navigate these challenges through disciplined operating expense management, a continued focus on affordability, and greater emphasis on selling profitable packs and products. Additionally, the Company remains focused on strengthening its sustainability practices to improve operational efficiency.

G. Details Related to Legal Proceedings

No legal case was filed in this Quarter by or against the Company.

H. Analysis of Share Transactions

i) Management's view on the performance of the stocks of the body corporate

Price and transactions of the Company's shares are being determined by the open share market operations through a duly established Stock Exchange. Management's view on this is neutral.

ii) High, Low and Closing Price of the stocks of the company during this quarter along with total volume of trading of shares and number of days traded

Particulars	14.04.2026 to 16.07.2026 (Qtr)
Maximum Price (NPR)	15,620
Minimum Price (NPR)	13,873
Closing Price (NPR)	14,150
No. of Trades (Total Transaction)	572
Days of Trading	23

I. Risks and Challenges

Internal Problem & Challenges

- Rise in cost of operations.
- Rural distribution at effective cost.

External Problem & Challenges

- Complex and challenging environment, outward migration of youth, lower relative affordability of products.
- Devaluation of Nepalese Rupees against the Foreign Exchange Currencies resulting in higher material cost.

Strategy

- Strengthening Brand Portfolio, adoptation of prudent pack-price and promotional stategies, rapid expansion of our reach, chilled capacity and conitnuous cost optimization across the value chain.
- We will continue investing in our people to boost our capabilities in critical areas that drive dispropotionate impact for our business.
- Continuous assessment of the risk exposure of the company to the internal and external factors and effective implementation of risk management procedures and continuous development of cost effective distribution models for upcountry areas.

J. Corporate Governance

- The Company follows prudent Corporate Governance Practices in all business transactions.
- During the quarter under review, the Company convened Board Meetings on 21 May 2026, 22 May 2026 and 10 July 2026. The Company also convened Audit Committee Meetings on 9 July 2026, Risk Management Committee Meetings on 22 May 2026 and 9 July 2026, and a Property and Liability Committee Meeting on 10 July 2026.

K. Declaration by Managing Director on the Truthfulness and accuracy of Information

I, as at the date, hereby individually accept responsibility for the accuracy of the information and details contained in this report. I hereby declare that to the best of my knowledge and belief, the information contained in this report is true, accurate and complete and there are no other matters concealed the omission of which shall adversely affect the informed investment decision by the investors.

Ajay Chanbasappa Konale
Managing Director
Date: 11th August, 2026 (26th Shrawan, 2083)

Coca-Cola BOTTLERS NEPAL (TERAI) LIMITED

(Authorized Bottler of The Coca-Cola Company)

Gondrang, Bharatpur-9 Chitwan, Nepal

Unaudited Financial Results (Quarterly)

As at the end of the Fourth Quarter (16/07/2026) of the Fiscal Year 2082/83 (FY 2025-2026)

NPR in Thousands

S.N	Particulars	As on date 16.07.2026 (Unaudited)	As on date 16.07.2025 (Unaudited)
A	**ASSETS**		
	NON-CURRENT ASSETS		
	Non-Financial Assets:		
	Intangible Assets	5,635	5,730
	Property, Plant and Equipment	5,003,694	5,080,040
		5,009,329	**5,085,770**
	CURRENT ASSETS		
	Non Financial Assets:		
	Inventories	1,663,971	2,134,066
	Advances	570,186	583,030
	Other Current Assets	-	23,972
	Income Tax Receivable	17,924	50,350
	Financial Assets:		
	Other Current Assets	63,663	37,695
	Trade Receivables	697,704	639,474
	Cash and Cash Equivalents	135,221	36,531
		3,148,669	**3,505,118**
	Total Assets	**8,157,998**	**8,590,888**
B	**EQUITY AND LIABILITIES**		
	EQUITY		
	Equity Share Capital	121,000	121,000
	Reserve and Surplus	4,077,905	3,406,772
		4,198,905	**3,527,772**
	NON-CURRENT LIABILITIES		
	Non-Financial Liabilities:		
	Deferred Tax Liability	238,476	228,752
	Financial Liabilities:		
	Retirement Benefit Obligation	442,353	421,529
	Lease Liabilities	41,583	80,362
		722,412	**730,643**
	CURRENT LIABILITIES		
	Retirement Benefit Obligation	18,487	18,430
	Borrowings	1,417,067	2,344,467
	Trade Payables	594,939	778,978
	Lease Liabilities	38,780	32,043
	Other Financial Liabilities	1,138,039	1,146,775
	Non Financial Liabilities	29,369	11,780
		3,236,681	**4,332,473**
	Total Equity and Liabilities	**8,157,998**	**8,590,888**

C	Profit and Loss Account	Current Period 14.04.2026 to 16.07.2026 (Qtr)	Current Period 17.07.2025 to 16.07.2026 (YTD)	Previous Period 14.04.2025 to 16.07.2025 (Qtr)	Previous Period 16.07.2024 to 16.07.2025 (YTD)
	Revenue from Operations	3,119,785	8,677,872	2,613,728	7,527,388
	Cost of Sales	(2,020,625)	(6,023,933)	(1,965,829)	(5,657,113)
	Gross Profit	**1,099,160**	**2,653,939**	**647,899**	**1,870,275**
	Other Operating Income	66,757	136,992	27,751	81,432
	Selling and Distribution Expenses	(410,005)	(1,387,504)	(312,010)	(1,118,863)
	Administrative and Operating Expenses	(220,364)	(467,914)	(196,287)	(425,485)
	Profit from Operations	**535,548**	**935,513**	**167,353**	**407,358**
	Finance Costs	(37,488)	(147,157)	(49,387)	(189,077)
	Finance Income	45	23,200	(491)	141
	Profit Before Tax	**498,105**	**811,556**	**117,475**	**218,422**
	Income Tax Expense				
	Current Tax	(77,247)	(152,716)	(21,646)	(53,371)
	Prior period tax adjustments	-	7,737	(763,055)	(763,055)
	Deferred Tax	(38,629)	(7,296)	(27,466)	(15,935)
	Net Profit	**382,229**	**659,281**	**(694,692)**	**(613,938)**

D	Major Indicators	Current Period 17.07.2025 to 16.07.2026 (YTD)	Current Period Annualized	Previous Period 16.07.2024 to 16.07.2025 (YTD)	Previous Period Annualized
	1. Earnings per Share (NPR)	545	545	(507)	(507)
	2. Market Value per Share (NPR)	11,610	11,610	12,800	12,800
	3. Price Earnings Ratio	21	21	(25)	(25)
	4. Current Ratio	1.0		0.8	
	5. Return on Equity	16%	16%	-17%	-17%
	6. Return on Total Assets	8.1%	8.1%	-7.1%	-7.1%
	7. Net Worth per Share (NPR)		3,470		2,916

Note:

1. Figures are regrouped wherever necessary for consistent presentation and comparison.
2. Above presented figures may vary with the audited figures if amended by the external auditors and/or regulator.
3. Quarterly earnings per share, Price earning ratio, return on equity, return on total assets and net worth per share are calculated based on quarterly accumulated unaudited profits and number of equity shares outstanding at the reporting date and Annualized earnings per share, Price earning ratio, return on equity, return on total assets and net worth per share are calculated based on annualized accumulated unaudited profits and number of equity shares outstanding at the reporting date.

E. Related Party Disclosure

Upto the end of the quarter, the following related party transactions have occurred:

Particulars	NPR in Thousand
Purchase of Concentrate from Pacific Refreshments Pte. Ltd.	1,830,256
Transfer fee payable to BNL	174,331
Transfer fee receivable from BNL	23,015

F. Management Analysis

a) The Company recorded a net profit of NPR 382 million during the fourth quarter, bringing its YTD net profit to NPR 659 million, despite a challenging operating environment characterized by higher excise duties, currency devaluation, the Middle East crisis, the ban on sugar imports from India, and continued pressure on raw material and operating costs. Nevertheless, the Company maintained a net profit margin of 7.6%, which remains below the global benchmark. ROA also remained in the single-digit range, while ROE has yet to reach optimal levels relative to the broader market. These indicators highlight the continued need to strengthen underlying operating profitability and improve capital efficiency.

b) YTD profit before tax improved significantly from NPR 218 million to NPR 812 million. This improvement was primarily driven by prudent pack pricing actions, effective promotional strategies, expansion of market reach and chilled capacity, and sustained cost optimization initiatives across the value chain.

c) Looking ahead, management remains cautiously optimistic in light of the evolving competitive landscape and potential pressures arising from raw material prices, foreign exchange movements, and excise duties. Over the medium to long term, the Company intends to navigate these challenges through disciplined operating expense management, a continued focus on affordability, and greater emphasis on selling profitable packs and products. Additionally, the Company remains focused on strengthening its sustainability practices to improve operational efficiency.

G. Details Related to Legal Proceedings

No legal case was filed in this Quarter by or against the Company.

H. Analysis of Share Transactions

i) Management's view on the performance of the stocks of the body corporate

Price and transactions of the Company's shares are being determined by the open share market operations through a duly established Stock Exchange. Management's view on this is neutral.

ii) High, Low and Closing Price of the stocks of the company during this quarter along with total volume of trading of shares and number of days traded

Particulars	14.04.2026 to 16.07.2026 (Qtr)
Maximum Price (NPR)	12,200
Minimum Price (NPR)	11,300
Closing Price (NPR)	11,610
No. of Trades (Total Transaction)	3,181
Days of Trading	57

I. Risks and Challenges

Internal Problem & Challenges

- Rise in cost of operations.
- Rural distribution at effective cost.

External Problem & Challenges

- Market and economic slowdown adversely impacting the manufacturing sector.
- Devaluation of Nepalese Rupees against the Foreign Exchange Currencies resulting in higher material cost.

Strategy

- Strengthening Brand Portfolio, adoptation of prudent pack-price and promotional stategies, rapid expansion of our reach, chilled capacity and conitnuous cost optimization across the value chain.
- We will continue investing in our people to boost our capabilities in critical areas that drive dispropotionate impact for our business.
- Continuous assessment of the risk exposure of the company to the internal and external factors and effective implementation of risk management procedures.
- Continuous development of cost effective distribution models for upcountry areas.

J. Corporate Governance

- The Company follows prudent Corporate Governance Practices in all business transactions.
- During the quarter under review, the Company convened Board Meetings on 21 May 2026, 22 May 2026 and 10 July 2026. The Company also convened Audit Committee Meetings on 9 July 2026, Risk Management Committee Meetings on 22 May 2026 and 9 July 2026, and a Property and Liability Committee Meeting on 10 July 2026.

K. Declaration by Chief Executive Officer on the Truthfulness and accuracy of Information

I, as at the date, hereby individually accept responsibility for the accuracy of the information and details contained in this report. I hereby declare that to the best of my knowledge and belief, the information contained in this report is true, accurate and complete and there are no other matters concealed the omission of which shall adversely affect the informed investment decision by the investors.

Ajay Chanbasappa Konale
Chief Executive Officer
Date: 11th August, 2026 (26th Shrawan, 2083)

एमाले बागमतीमा नेतृत्वविरुद्ध विद्रोह

थपलियाविरुद्ध अविश्वास प्रस्ताव, थापामगरलाई नेता चयन गर्न १६ सांसदको हस्ताक्षर

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकारको नेतृत्व परिवर्तनको राजनीतिक रस्साकसी चलिरहेका वेला एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियालाई पदबाट हटाउन माग गर्दै अविश्वास प्रस्ताव दर्ता भएको छ। प्रस्तावमा पूर्वस्वास्थ्यमन्त्री किरण थापामगरलाई संसदीय दलको नयाँ नेता चयन गर्न माग गरिएको छ।

बुधबार हेटौंडास्थित एमाले बागमती प्रदेश संसदीय दलको कार्यालयमा अविश्वास प्रस्ताव दर्ता गरिएको हो। थापा पक्षका पूर्वमन्त्री कृष्णप्रसाद सिलवाल, ज्ञानबहादुर तामाङ र हरिप्रसाद सापकोटाले प्रस्ताव दलको सचिवालयमा बुझाएका हुन्। अविश्वास प्रस्ताव दर्तापछि एमालेभित्र शक्तिसन्तुलन र बागमती प्रदेश सरकारको नेतृत्वबारे नयाँ राजनीतिक समीकरण सुरु भएको छ। एमाले अध्यक्ष केपी ओली र पार्टी सचिव महेश बस्नेतनिकट मानिएका थापामगरलाई आगामी मुख्यमन्त्रीका रूपमा अघि सार्ने रणनीतिअन्तर्गत दलको नेतृत्व परिवर्तनको प्रक्रिया सुरु गरिएको हो।



जेएन थपलिया



किरण थापामगर

बागमती प्रदेश सभामा एमालेका २५ जना सांसद छन्। अविश्वास प्रस्तावमा हस्ताक्षर गरेका १६ सांसद थापा पक्षमा खुलेका छन्। बाँकी नौजना थपलियाको पक्षमा छन्। यद्यपि, थापा पक्षले प्रस्तावमा १८ जना प्रदेश सभा सदस्यको समर्थन रहेको दाबी गरेको छ।

हस्ताक्षर गर्ने सांसदमा किरण थापामगर, कृष्णप्रसाद सिलवाल, प्रेमभक्त महर्जन, रघुनाथ महर्जन, भारती पाठक, आनन्दकुमार श्रेष्ठ, जयराम थापा, डा. दिनेशचन्द्र देवकोटा, विन्दु श्रेष्ठ, भरत केसी, माइली तामाङ, मायाकुमारी कार्की, रामेश्वर श्रेष्ठ, शकुन्तला श्रेष्ठ, ज्ञानबहादुर तामाङ र हरिप्रसाद सापकोटा रहेका छन्। थापा पक्षका नेताहरूका अनुसार उपसभामुख अप्सरा चापागाईं र सांसद मधुसूदन पौडेलले पनि नेतृत्व परिवर्तनमा सहमति जनाएका छन्। यद्यपि, उनीहरूले अविश्वास प्रस्तावमा हस्ताक्षर गरेका छैनन्। चितवन १ (१) बाट निर्वाचित थपलियाविरुद्ध चितवनकै दुई सांसदले पनि अविश्वास प्रस्तावमा हस्ताक्षर गरेका छन्। चितवन २ (१) बाट निर्वाचित कृष्णप्रसाद सिलवाल र चितवनबाट समानुपातिकतर्फ निर्वाचित हरिप्रसाद सापकोटा थपलियाको नेतृत्व परिवर्तनको पक्षमा उभिएका हुन्। प्रस्ताव दर्ता गर्न सिलवालकै नेतृत्वमा सापकोटा र काभ्रेबाट समानुपातिक सांसद ज्ञानबहादुर तामाङ संसदीय दलको कार्यालय पुगेका थिए।

एमाले बागमती संसदीय दलको नेतृत्व परिवर्तनको विषय पछिल्ला केही समयदेखि पार्टीभित्रको प्रमुख एजेन्डा बनेको थियो। यस विषयमा तत्कालीन प्रधानमन्त्री तथा एमाले अध्यक्ष ओलीको निवास बालकोटमा पटक-पटक छलफल भएको थियो। तर, सहमति जुट्न नसकेपछि असन्तुष्ट पक्षले अविश्वास प्रस्ताव दर्ता गर्ने बाटो रोजेको हो।

लुम्बिनीमा सरकार बनाउन मसालसँग ओली-प्रचण्डको सहमति

एमाले र नेपाली कम्युनिस्ट पार्टीले अर्को कम्युनिस्ट पार्टी नेकपा मसालसँग सत्ता सहकार्यको सहमति गरेसँगै लुम्बिनी प्रदेशमा एमाले नेतृत्वको सरकार सुरक्षित भएको छ। मुख्यमन्त्री चेतनारायण आचार्यले सरकार अल्पमतमा परेका कारण पाँच दिनपछि १ भदौमा विश्वासको मत लिने तयारी गरिरहेकै वेला एमाले अध्यक्ष केपी ओली र नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डले बुधबार मसालका महामन्त्री मोहनविक्रम सिंहसँग सत्ता सहकार्य गर्ने विषयमा दुईबुँदे लिखित सहमति गरेका हुन्। सहमतिको पहिलो बुँदामा लुम्बिनी प्रदेश सरकार गठन र सो प्रदेशका विकास निर्माणका कार्यमा सहकार्य गर्ने विषय उल्लेख छ। त्यस्तै, सहमतिको दोस्रो बुँदामा राष्ट्रिय स्वाधीनता, संविधान र गणतन्त्रको पक्षमा तथा प्रतिगमनविरुद्ध आन्दोलनमा सहकार्य गर्ने उल्लेख छ। लुम्बिनी प्रदेश सभामा तत्काल कायम ८३ सिट रहेकाले सरकार सुरक्षित हुन बहुमतका लागि ४२ सांसद आवश्यक पर्छ। एमाले र नेकपाको नयाँ समीकरण सुरु भएसँगै कांग्रेस सरकारबाट बाहिरिएपछि बहुमत जुटाउन एक सिट पुगेको थिएन। एमालेका २९ र नेकपाका १२ (सभामुखबाहेक) छन्।

कोशी प्रदेश सरकारबाट बाहिरियो कांग्रेस



विराटनगरमा **गणेश लम्साल**

कोशी प्रदेश सरकारमा सहभागी कांग्रेसका पाँचजना मन्त्रीहरूले सामूहिक राजीनामा बुझाएका छन्। कांग्रेस सरकारबाट बाहिरिएसँगै अब कोशी प्रदेश सभाको दोस्रो कार्यकालमा सार्तौंपटक सरकार फेरबदल हुने भएको छ। प्रदेशमा एमाले र नेकपाको नयाँ सत्तागठबन्धन बनेपछि सरकारमा सहभागी कांग्रेसका चारजना विभागीय र एकजना राज्यमन्त्रीले बुधबार अपराह्न मुख्यमन्त्री हिक्मतकुमार कार्कीसमक्ष सामूहिक राजीनामा बुझाएका हुन्।

राजीनामा बुझाउनेमा भौतिकमन्त्री प्रदीपराज सुनुवार र राज्यमन्त्री शोभा चेम्जोङ, स्वास्थ्यमन्त्री मानबहादुर लिम्बू, कृषि तथा सहकारीमन्त्री इसराइल मन्सुरी र वन, पर्यटन तथा वतावरणमन्त्री भीम पराजुली छन्। राजीनामा बुझाएका कांग्रेसका मन्त्रीहरूलाई मुख्यमन्त्री कार्कीले सत्तायात्रामा सौहार्दपूर्ण रूपले सहभागी भएर सहयोग गरेको भन्दै धन्यवाद दिएका छन्।

9. Above quarterly financial results are also available in the bank's website: www.rbb.com.np

Sanjen Jalavidhyut Company Limited

Unaudited Statement of Financial Position
As at 32th Ashad, 2083 (Corresponding to 16 July 2026)

(Figures in Thousand)

Particulars	This Quarter 32.03.2083 (2026.07.16)	Previous Quarter 30.12.2082 (2026.04.13)	Year Ended 32.03.2082 (2025.07.16)
ASSETS			
Non-Current Assets			
Property Plant and Equipment's	12,154,709.70	12,259,258.00	12,676,138.23
Project Capital Work in Progress		11,905.16	
Term Deposit			
Total Non-Current Assets	**12,154,709.70**	**12,271,163.16**	**12,676,138.23**
Current Assets			
Inventory	83,581.59	105,755.31	104,689.69
Prepayments	5,369.83	5,369.83	6,113.59
Financial Assets:	10,789.00	10,789.00	62,759.79
Advances to Contractors and Consultants			
Deposits and Margin	1,480.20	1,487.77	2,777.22
Current Tax Assets	11,049.99	11,290.53	11,130.62
Term Deposits with Banks	-	-	270.00
Trade Receivables	339,981.10	200,535.87	334,662.99
Other Financial Assets	99,525.86	82,618.45	25,015.26
Bank Balances (Call and Current)	13,783.55	7,919.17	29,738.75
Total Current Assets	**565,561.12**	**425,765.93**	**577,158.27**
TOTAL ASSETS	**12,720,270.82**	**12,696,929.09**	**13,253,296.50**
EQUITY AND LIABILITIES			
Equity			
Equity Share Capital	3,650,000.00	3,650,000.00	3,650,000.00
Other Equity (Reserve & Surplus)	(592,808.90)	(641,343.63)	(674,787.32)
Total Equity	**3,057,191.10**	**3,008,656.37**	**2,975,212.68**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities:			
Borrowings (Long Term)	8,441,155.48	8,606,618.78	9,101,625.64
Other Non-current Liabilities	200,567.40	194,460.96	256,668.46
Total Non-Current Liabilities	**8,641,722.88**	**8,801,079.74**	**9,358,294.10**
Current Liabilities			
Financial Liabilities:			
Borrowings (short Term)	975,000.00	830,000.00	850,000.00
Provisions	2,351.84	1,814.08	1,417.97
Other Financial Liabilities and Payables	44,005.00	55,378.90	68,371.75
Total Current Liabilities	**1,021,356.84**	**887,192.98**	**919,789.72**
TOTAL EQUITY AND LIABILITIES	**12,720,270.82**	**12,696,929.09**	**13,253,296.50**

Unaudited Statement of Profit or Loss
For the Year 2082/83 (Corresponding to 16-July-2026)

(Figures in Thousand)

Particulars	This Quarter 32.03.2083 (2026.07.16)	Previous Quarter 30.12.2082 (2026.04.13)	Year End 32.03.2082 (2025.07.16)
Revenue			
Sales of Electricity-SUHEP	413,769.54	299,239.29	301,301.08
Sales of Electricity-SHEP	1,227,797.61	891,973.87	577,153.93
Cost of Sales			
Direct Costs -SUHEP	(56,401.36)	(42,959.10)	(54,093.52)
Direct Costs -SHEP	(142,409.36)	(86,147.88)	(73,720.01)
Royalty-SUHEP	(9,929.49)	(7,638.38)	(7,876.83)
Royalty-SHEP	(29,326.74)	(22,610.26)	(16,530.33)
Gross Profit	**1,403,500.21**	**1,031,857.54**	**726,234.32**
Employee Benefits	(20,534.02)	(14,005.04)	(20,504.87)
Operating and Administrative Expenses	(23,199.34)	(18,538.96)	(25,189.21)
Depreciation and Amortization	(576,117.30)	(427,331.39)	(386,475.47)
Profit From Operation	**783,649.55**	**571,982.15**	**294,064.77**
Other income	1,016.35	916.22	1,428.58
Finance income	7,016.59	1,140.94	3,016.00
Finance Cost	(699,747.53)	(536,796.58)	(573,222.61)
Exchange Gain / (loss)	(8,283.50)	(3,359.45)	(3,868.64)
Profit Before Bonus and Tax	**83,651.45**	**33,883.28**	**(278,581.90)**
Provision for Bonus	(1673.03)	(439.56)	-
Income Taxes			(357.14)
Net Profit	**81,978.42**	**33,443.72**	**(278,939.04)**

धितोपत्र दर्ता तथा निस्कासन नियमावली २०७३ को अनुसूची - १४, नियम ३६ को उपनियम (१) संग सम्बन्धित कम्पनीको आ.व. २०८२/०८३ को चौथो त्रैमासिक प्रतिवेदन

१) वित्तिय विवरण:

(क) त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान विवरण:

यस सान्जेन जलविद्युत कम्पनी लिमिटेडको आ.व. २०८२/०८३ को चौथो त्रैमासिक अवधिसम्मको अपरिस्कृत वासलात र नाफा नोक्सान विवरण यसैसाथ पेश गरिएको छ ।

(ख) प्रमुख वित्तिय अनुपातहरू/परिसुचकहरू:

क्र. स.	विवरण	आ.व.२०८२/८३को चौथो त्रैमासिक अवधिको	आ.व.२०८२/८३को तेस्रो त्रैमासिक अवधिको	आ.व.२०८१/८२को चौथो त्रैमासिक अवधिको
१	प्रति शेयर आम्दानी	२.२५	१.८३	(७.६३)
२	मुल्य आम्दानी अनुपात	११९.१७	४१०.७६	
३	प्रति शेयर नेटवर्थ	८३.७६	८२.४३	८१.५१
४	प्रति शेयर कूल सम्पत्ति	३४८.५०	३४७.८६	३६३.१०
५	तरलता अनुपात	०.५५	०.४८	०.६३

२. व्यवस्थापकिय विश्लेषण:

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्वन्धि विवरण:

यस अवधिमा कम्पनीको नगद मौज्दात र तरलतामा सामान्य परिवर्तन भएको छ । कम्पनीले दुबै जलविद्युत केन्द्रहरूवाट नियमितरूपमा विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई विद्युत विक्रि गरिरहेको छ, साथै कर्मचारी संचय कोषको दिर्घकालीन ऋणको साँवा र व्याज रकम नियमित रूपमा भुक्तानी गर्दै आईरहेको छ ।

(ख) व्यवस्थापनको विश्लेषणात्मक विवरण:

कम्पनीले यस अवधिमा दुबै जलविद्युत केन्द्रबाट नियमित रूपमा विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई विद्युत विक्रि गरी आम्दानी गरेको साथै कम्पनीका अल्पकालिन र दीर्घकालिन दायित्वहरू नियमित रूपमा भुक्तानी गर्दै आईरहेको, संचालन संभार खर्चमा मितव्ययीता अपनाएकोले शेयरधनीहरूको हितमा काम गर्दै कम्पनीलाई अगाडि वढाउन व्यवस्थापन प्रतिवद्ध रहेको छ ।

३. कानुनी कारवाही सम्वन्धी विवरण:

(क) सान्जेन जलविद्युत आयोजनाको सिभिल तर्फको ठेक्का सम्झौता नं: SHEP-067/68-LOT2 Civil Works का ठेकदार M/S SEW-Tundi JV संग रहेको भुक्तानी सम्वन्धि केहि विवादहरू समाधानको लागि नेपाल मध्यस्थता परिषद (नेप्का) मार्फत विवाद समाधान गर्न आर्विट्रेसन ट्राइबुनल गठन भई मिति २०८२।१२।०६ बाट कार्य सुरू भएको छ । सो बाहेक संगठित संस्थाले वा संस्थाको विरूद्ध कुनै मुद्दा दायर नभएको ।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्था संचालकको विरूद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अवरोध गरेको सम्वन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए कम्पनीको जानकारीमा नभएको ।

(ग) कुनै संस्था वा संचालक विरूद्ध आर्थिक अवरोध गरेको सम्वन्धमा कुनै मुद्दा दायर नभएको ।

४. संगठित संस्थाको शेयर कारोवार सम्वन्धी विश्लेषण:

(क) धितोपत्र वजारमा भएको संगठित संस्थाको शेयर कारोवार सम्वन्धमा व्यवस्थापनको धारणा:

यस संस्थाको साधारण शेयर नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०७६/०४/२० मा सुचिकृत भई कारोवार भैरहेको छ । शेयरको मुल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुंदा यस संस्थाको ब्यवस्थापन शेयरको मुल्य तथा कारोवार प्रति तटस्थ छ तर प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्वद्ध निकायहरूलाई उपलव्ध गराउनुपर्ने सूचना तथा जानकारी भने संस्थाले उपलव्ध गराएको छ ।

(ख) त्रैमासिक अवधिको शेयर कारोवार सम्वन्धि विश्लेषण:

यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोवार भएको कुल दिन,कारोवार संख्या र कारोवार रकम नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको वेवसाइट www.nepalstock.com अनुसार निम्न अनुसार रहेको

शेयरको अधिकतम मुल्य	रू.३२६।००	**कुल कारोवार संख्या**	७३६३
शेयरको न्युनतम मुल्य	रू.२६६।००	**कुल कारोवार रकम**	रू.३५,५९,५९,८८६।८०
शेयरको अन्तिम मुल्य	रू.२७२।९०	**कारोवार भएको जम्मा दिन**	६४ दिन

५. समस्या तथा चुनौती:

कम्पनीले संचालनमा ल्याएको सान्जेन (माथिल्लो) जलविद्युत केन्द्र (१४.८ मेगावाट) र सान्जेन जलविद्युत केन्द्र (४२.५ मेगावाट) नदी प्रवाहमा आधारीत भएकोले जलवायु परिवर्तनको कारण नदीको वहावमा आउने परिवर्तनले विद्युत उत्पादनमा प्रत्यक्ष असर पर्न जाने साथै ज.वि.केन्द्रहरू हिमाली जिल्लामा अवस्थित रहेकोले वाढी पहिरो आदिको जोखिम समेत विद्यमान रहेको छ ।

६. संस्थागत सुशासन:

प्रचलित कानुन वमोजिमका प्रकृया पुर्याई कम्पनीको संस्थागत सुशासन कायम गरिएको ।

७. सत्य तथ्यता सम्वन्धमा कार्यकारी प्रमुखको उद्घोषण:

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्वन्धमा म कार्यकारी प्रमुख व्यक्तिगत रूपमा उत्तरदायी छु । मैले जानेबुझेकेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र यथार्थपरक छन् र लगानीकर्ताहरू सुसूचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

बोरा अभावमा ६ महिना गोदाममै थन्किएको उदयपुर सिमेन्ट बल्ल बिक्री सुरु

दुई दिनमा पाँच लाख २२ हजारको बिक्री



उदयपुरमा **विदुर कटुवाल**

बोरा अभावका कारण ६ महिनादेखि गोदाममै थन्किएका उदयपुर सिमेन्ट उद्योगको 'गैंडा छाप' सिमेन्ट बिक्री हुन थालेको छ। उत्पादित सिमेन्ट प्याकिङका लागि बोरा जुटेपछि उद्योगले मंगलबारदेखि बिक्री सुरु गरेको हो। करिब ६ करोडबराबरको सिमेन्ट गोदाममा थन्किएको अवस्थामा दुई दिनमा पाँच लाख २२ हजारको बिक्री भएको छ। उद्योगका उत्पादन विभाग प्रमुख नगेन्द्रप्रसाद देवका अनुसार मंगलबारदेखि प्रतिबोरा ७२५ रुपैयाँका दरले सात सय २० बोरा सिमेन्ट बिक्री भइसकेको छ। 'मंगलबारदेखि बिक्री सुरु गरेका छौं। अहिलेसम्म दुई ट्रक, करिब ७२० बोरा सिमेन्ट बजार पठाइसकेका छौं,' देवले भने।

अहिले तत्कालका लागि चितवनस्थित आशीर्वाद पोली प्याक्सबाट ५३ हजार १८७ वटा बोरा खरिद गरिएको उद्योगका निमित्त महाप्रबन्धक वैद्यनाथ झाले बताए। 'बोरा आपूर्तिकर्ताले प्रतिबोरा १७ रुपैयाँको दरले दिएको छ। सिमेन्ट बिक्रीबाट प्राप्त रकमबाट भुक्तानी गर्ने सर्तमा तत्कालका लागि बोरा ल्याएका हौं, अब बिक्रीबाट प्राप्त रकमले पहिला बोराको भुक्तानी गर्नुपर्नेछ,' झाले भने।

उद्योगका अनुसार अहिले गोदाममा करिब ४० हजार बोरा तयारी सिमेन्ट मौज्दात छ। यसको मूल्य करिब चार करोड पर्छ। त्यसबाहेक सिमेन्ट उत्पादनका लागि तयार पारिएको करिब २० हजार बोराबराबरको क्लिंकर पनि मौज्दात छ, जसको मूल्य करिब दुई करोड रुपैयाँ पर्ने उद्योगको अनुमान छ। यसरी तयारी सिमेन्ट र क्लिंकर गरी करिब ६ करोड रुपैयाँबराबरको उत्पादन तथा कच्चा पदार्थ उद्योगमा थन्किएको छ।

■ उत्पादन बन्द, कर्मचारीको तलब १७ महिनादेखि रोकियो

लामो समयदेखि उत्पादन बन्द हुँदा उद्योग आर्थिक तथा व्यवस्थापकीय संकटमा फस्दै गएको छ। उद्योगमाथिको दायित्व पाँच अर्ब ३० करोड रुपैयाँभन्दा बढी पुगेको निमित्त महाप्रबन्धक झाले बताए। पछिल्लोपटक फागुनदेखि उद्योगको उत्पादन पूर्ण रूपमा बन्द छ। उद्योगमा कार्यरत कर्मचारीले १७ महिनादेखि तलब नपाएको झा बताउँछन्। उनले भने, 'यहाँ भएको सबै सिमेन्ट बिक्री गर्दा पनि कर्मचारीको तलबभत्ता दिन सक्ने अवस्था छैन। त्यसलाई सुधार गर्ने गरी तयारी गरिरहेको छु।'

उद्योग लामो समयदेखि बन्द रहेकाले अधिकांश कर्मचारी नियमित कामविहीन छन्। उद्योगमा १७५ जना स्थायी कर्मचारी कार्यरत छन्। तीमध्ये अधिकांश उद्योगपरिसरमै भेला भएर दिन बिताउने गरेका छन्। व्यक्तिगत काममा निस्कने कर्मचारीसमेत छन्। उद्योगको सुरक्षाका लागि खटिएका ५८ जना सुरक्षाकर्मी भने नियमित ड्युटीमा छन्।

१४ महिनादेखि तलबविहीन हेटौंडा सिमेन्टका कर्मचारी

मकवानपुरमा **पोष्टराज अधिकारी**

सात दशकको इतिहास बोकेको हेटौंडा सिमेन्ट उद्योगको मेसिन, खानी र भौतिक संरचना हुँदाहुँदै पनि उत्पादन ठप्प छ। उद्योगमा कार्यरत १२० स्थायी कर्मचारी १४ महिनादेखि पारिश्रमिकविहीन छन्।

उद्योग प्रशासनका अनुसार स्थायी कर्मचारीको तलबबापत मात्रै १२ करोड ३० लाख भुक्तानी गर्न बाँकी छ। यस्तै, दक्ष तथा अदक्ष लेबरको तलबतर्फ एक करोड ५३ लाख, सुरक्षा सेवाबापत एक करोड ८४ लाख, र अतिरिक्त कार्य समय (ओभरटाइम) बापत ७२ लाख ४८ बक्यौता छ।

यसैगरी, चालू आर्थिक वर्षको सामूहिक सावधिक जीवन बिमाबापत एक करोड ८६ लाख, सञ्चय कोषकट्टी दायित्वबापत एक करोड ७२, नागरिक लगानी कोषबापत ३७ लाख ५३ र अवकाशप्राप्त कर्मचारीको उपदान दायित्व चार करोड ९० लाख बाँकी छ। तलबकट्टी दायित्वबापत पनि तीन लाख २५ हजार बाँकी रहेको उद्योगको विवरणमा उल्लेख छ।

■ उत्पादन गर्न पुँजीको अभाव

उद्योगका महाप्रबन्धक भक्तिराम श्रेष्ठका अनुसार करिब तीन वर्षदेखि उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन। 'कोइला र जिप्सन ढुंगा खरिद गर्न आवश्यक रकम नै छैन,' श्रेष्ठले भने, 'नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्थ मन्त्रालयसँग पटक-पटक कर्जा सुविधाका लागि अनुरोध गरियो, तर कुनै ठोस निर्णय भएन।'

कोइला र जिप्सन ढुंगा खरिदका लागि रकम अभाव भएपछि उत्पादन सञ्चालन गर्न नसकिएको उनको भनाइ छ। उद्योगले विगतका दायित्व भुक्तानी गर्न नसकेपछि कच्चा पदार्थ उपलब्ध गराउँदै आएका आपूर्तिकर्ताले समेत सामान दिन छाडेका छन्। निमित्त महाप्रबन्धक श्रेष्ठका अनुसार एउटै आपूर्तिकर्तालाई मात्रै करिब १३ करोड भुक्तानी गर्न बाँकी छ। उद्योग पुनः सञ्चालनका लागि भौतिक संरचनाको सबलीकरण, मेसिनरी आधुनिकीकरण र कर्मचारीसम्बन्धी समस्या समाधान एकैपटक गर्नुपर्ने अवस्था छ।

■ चार वर्ष लगातार नाफा, त्यसपछि निरन्तर घाटा

२०४२ सालदेखि व्यावसायिक उत्पादन सुरु गरेको हेटौंडा सिमेन्टको वित्तीय इतिहास उतारचढावपूर्ण छ। आर्थिक वर्ष ०६६/६७ र ०६७/६८ सम्म उद्योग नाफामा थियो। त्यसपछि ०६८/६९ देखि ०७०/७१ सम्म लगातार तीन वर्ष घाटामा गयो। त्यसपछि आर्थिक वर्ष ०७१/७२ देखि ०७४/७५ सम्म चार वर्ष लगातार नाफामा फर्किएको उद्योगले ०७४/७५ मा १६ करोड ३६ लाख रुपैयाँ नाफा कमाएको थियो।

तर, त्यसयता भने उद्योग निरन्तर घाटामा छ। व्यवस्थापनका अनुसार निजी क्षेत्रका सिमेन्ट उद्योगसँग बढ्दो प्रतिस्पर्धा, कच्चा पदार्थको निरन्तर मूल्यवृद्धि र उत्पादन लागतभन्दा कम मूल्यमा सिमेन्ट बिक्री गर्नुपर्ने बाध्यताले उद्योगलाई आर्थिक संकटतर्फ धकेलेको हो।

■ प्रधानमन्त्री बालेनको भाषणदेखि उद्योगमन्त्रीको निरीक्षणसम्म

गत वर्ष १५ फागुनमा चितवनमा आयोजित राष्ट्रिय स्वतन्त्र पार्टीको चुनावीसभालाई सम्बोधन गर्दै बालेन्द्र शाहले हेटौंडा सिमेन्टलाई उदाहरण दिँदै सरकारी उद्योग सञ्चालन गर्नुपर्ने बताएका थिए। 'हाम्रो देश हेटौंडा सिमेन्ट कारखानाजस्तै भएको छ। मेसिन पनि छ, म्यानपावर पनि छ, खानी पनि छ, तर बन्द। अब चल्नुपऱ्यो,' उनले भनेका थिए। चुनावमा भारी बहुमतका साथ शाह प्रधानमन्त्री बनेपछि बन्द तथा रुग्ण उद्योग सञ्चालनका लागि प्रयास सुरु भए। गत १० जेठान उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले हेटौंडा सिमेन्ट उद्योगको स्थलगत अवलोकनसमेत गरिन्।

मन्त्री यादवले उद्योग प्रशासन तथा कर्मचारीसँग उद्योग सञ्चालनको सम्भावनाबारे छलफल गर्दै सरकारले बन्द तथा रुग्ण उद्योग पुनः सञ्चालन गर्ने नीति अघि बढाइरहेको बताएकी थिइन्। तर, मन्त्रीको निरीक्षण र आश्वासनपछि पनि उद्योग सञ्चालनका लागि आवश्यक चालू पुँजी जुटाउने विषयमा ठोस निर्णय हुन सकेको छैन।



■ कपडा उद्योगमा परीक्षण उत्पादन, सिमेन्टमा लगानीको प्रतीक्षा

सरकारले लामो समयदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग पुनः सञ्चालनका लागि परीक्षण उत्पादनसमेत अघि बढाइसकेको छ। नेपाली सेनाको नेतृत्वमा कपडा उद्योगका पुराना मेसिन तथा तान मर्मत गरी परीक्षण उत्पादन सुरु गरेको छ। तर, हेटौंडा सिमेन्ट उद्योग भने सञ्चालनमा ल्याउन आवश्यक लगानी र चालू पुँजीको अभावमा हेरेको हैरै छ।

हेटौंडा कपडा उद्योगमा परीक्षण उत्पादन सुरु भइरहँदा सञ्चालनकै अवस्थामा रहेको हेटौंडा सिमेन्टलाई आवश्यक कच्चा पदार्थ खरिद गर्ने रकमसमेत जुट्न नसक्नु सरकारी उद्योग सञ्चालन नीतिमाथि प्रश्न बनेको छ। अहिले उद्योगपरिसरमा मेसिनहरू थन्किएका छन्, उत्पादन रोकिएको छ र कर्मचारीहरू १४ महिनादेखि तलबको प्रतीक्षामा छन्। उद्योग पुनः सञ्चालनको ठोस निर्णय नहुँदा हेटौंडा सिमेन्टको भविष्यसँगै त्यहाँ कार्यरत १२० जना कर्मचारीको रोजगारी र करोडौं रुपैयाँबराबरको कर्मचारी दायित्वसमेत अनिश्चित बनेको छ।

दसैँमा मात्रै खुल्ने सुपथ पसल आजदेखि वर्षभरि सञ्चालन हुँदै

बजारमूल्यभन्दा पाँच रुपैयाँ सस्तोमा खाद्य सामग्री बिक्री गरिने

नयाँ पत्रिका

प्रत्येक वर्ष दसैँअगाडि सञ्चालन हुने सुपथ मूल्य पसल अबदेखि वर्षभर सञ्चालन हुने भएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले बिहीबारबाट ४४ जिल्लाका एक सय ९३ बिक्री केन्द्रमार्फत सुपथ मूल्य पसल सञ्चालन गर्न लागेको हो।

खाद्य कम्पनीका सूचना अधिकारी माधव मिश्रका अनुसार बिहीबार दिउँसो उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले सिंहदरबारस्थित नयाँ बिक्री केन्द्रको शुभारम्भसमेत गरेर सुपथ मूल्य पसलको उद्घाटन गर्ने कार्यक्रम छ। सिंहदरबारभित्र खाद्य कम्पनीले नयाँ बिक्री केन्द्र खोलिसकेको छ। सोही बिक्री केन्द्र उद्घाटन भएपश्चात् सुपथ मूल्यमा खाद्य कम्पनीका उत्पादनहरूको बिक्री पनि थालिने मिश्रले जानकारी दिए। सिंहदरबारभित्र खोलिएको बिक्री केन्द्रबाट निजामती कर्मचारीहरू लाभान्वित हुनेछन्।

खाद्य कम्पनीले ब्राउन चामल, अरुवा सोना मन्सुली चामल, स्टिम जिरा मसिनो चामल, बासमती चामल, चिनोको चामल, मास दाल, रहर दाल, हुम्लाको फापर, जुम्लाको मार्सी चामल, कर्णालीको सिमी, मुसुरो दाल, डिडिसी घिउ, आयोनुनलगायतका उत्पादनहरू बिक्री गर्दै आएको छ। कुल कारोबारमा सबैभन्दा ठुलो हिस्सा चामलको छ।

सूचना अधिकारी मिश्रले खाद्य कम्पनीका सबै उत्पादनमा प्रतिकिलो पाँच रुपैयाँ छुट दिएर सुपथ पसलबाट बिक्री हुने जानकारी दिए। 'सरकारले बिहीबारबाट सुपथ पसल सञ्चालन गर्न निर्देशन दिएकाले सोहीअनुसार सबै उत्पादनमा प्रतिकिलो पाँच रुपैयाँ छुट दिएर बिक्री थाल्दै छौं' उनले भने। विगतमा दसैं नजिकिँदै गर्दा घटना स्थापनाको केही दिनअघि खाद्य कम्पनी, साल्ट ट्रेडिङ र दुग्ध विकास संस्थानले निश्चित खाद्यवस्तुमा छुटसहित सुपथ पसल सञ्चालन गर्दै आएका थिए। तर, यसपटकदेखि भने दसैं नकुरेर सरकारको निर्देशनमा खाद्य कम्पनीले वर्षैभर सबै उत्पादनमा छुट दिने गरी सुपथ पसल सञ्चालन गर्न लागेको हो।

४४ जिल्लामा आजबाट सुपथ पसल



● **माधव मिश्र**, सूचना अधिकारी, खाद्य कम्पनी

४४ जिल्लाका एक सय ९३ बिक्री केन्द्रमार्फत आजबाटै सुपथ मूल्य पसल सञ्चालनमा ल्याएका छौं। सबै उत्पादनमा प्रतिकिलो पाँच रुपैयाँ छुट उपलब्ध गराएका छौं। सरकारको निर्देशनअनुसार वर्षैभर सुपथ पसल सञ्चालनको निर्णय लागू गरेका हौं। सिंहदरबारमा नयाँ बिक्री केन्द्र तयार गरिएको छ। उक्त बिक्री केन्द्रको बिहीबार नै शुभारम्भ पनि हुँदै छ।

खाद्य कम्पनीले सुपथ पसलमा बिक्री गर्न १० हजार टन चिनी आयातको प्रक्रिया थालेको छ। त्यस्तै, दसैँअगाडि बिक्री गर्ने गरी खासीबोका र च्यांग्राको समेत व्यवस्थापन हुने कम्पनीले जनाएको छ।

अहिले खाद्य कम्पनीले मात्रै सुपथ पसल सुरु गरेको र दसैंको समयमा साल्ट ट्रेडिङले समेत सुपथ पसल सञ्चालन गर्ने तयारी गरेको छ। साल्ट ट्रेडिङको प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले विगतमा जस्तै दसैँअगाडि छुट मूल्यमा सुपथ मूल्य पसल सञ्चालनको गृहकार्य भइरहेको बताइन्। 'हामीले दसैंको १०-१५ दिनअगाडिदेखि छठसम्म सुपथ पसल सञ्चालन गर्दै आएका छौं। यसपालि सोही कार्यलाई निरन्तरता दिनेछौं,' उनले भने। दसैँअगाडि दुग्ध विकास संस्थानले समेत निश्चित वस्तुमा छुट उपलब्ध गराएर दुध तथा दुग्ध पदार्थ बिक्री गर्ने योजना बनाएको छ।

दुध बिक्री बढाउन डिडिसीले गऱ्यो त्रिपक्षीय समझदारी

काठमाडौं/ नेपालको दुग्ध क्षेत्रको विकास, दुग्ध उत्पादक कृषकहरूको व्यावसायिक प्रवर्द्धन तथा बजार व्यवस्थापनलाई थप प्रभावकारी बनाउन दुग्ध विकास संस्थान (डिडिसी), कृषि सहकारी केन्द्रीय संघ लिमिटेड र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडबिच त्रिपक्षीय समझदारी भएको छ। समझदारीको मुख्य उद्देश्य दुग्ध उत्पादक कृषकहरूलाई बजारको ग्यारेन्टी गर्नु, दुग्धजन्य पदार्थको गुणस्तर र उत्पादन वृद्धि गर्नुका साथै साना किसानहरूलाई वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराई उनीहरूको आयआर्जनमा वृद्धि गर्नु रहेको डिडिसीले जनाएको छ।

डिडिसीले साना किसान कृषि सहकारी संस्थाबाट उत्पादित दुधको खरिद, बजार व्यवस्थापन, बढी भएको दुधलाई मखन तथा धुलो दुधमा रूपान्तरण गर्ने र कृषकहरूलाई प्राविधिक सहयोग तथा प्रोत्साहन उपलब्ध गराउने जिम्मेवारी लिएको छ। त्यसैगरी, कृषि सहकारी केन्द्रीय संघले आफ्ना सदस्य दुग्ध सहकारी संस्थाहरूमार्फत दुध संकलन, चिस्यान र डिडिसीसम्म पुऱ्याउने व्यवस्थाका साथै कृषकहरूलाई तालिम, नस्ल सुधार र पशु स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्नेछ। साना किसान विकास लघुवित्त वित्तीय संस्थाले भने दुग्ध उत्पादक सहकारी तथा कृषकहरूलाई पशुपालन, गोठसुधार र मेसिनरी खरिदका लागि आवश्यक पर्ने सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने छ।

बुढीगण्डकी अघि नबढाए घरजग्गा फिर्ता लिने प्रभावितको चेतावनी

काठमाडौं/ राष्ट्रिय गौरवको बुढीगण्डकी जलविद्युत् आयोजना अनिश्चिततातर्फ धकेलिएको भन्दै प्रभावितले आन्दोलन गर्ने चेतावनी दिएका छन्। आयोजना तत्काल अघि नबढाए आफूहरूले दिएको 'घरजग्गा फिर्ता लिने' आन्दोलन सुरु गर्ने प्रभावितहरूले चेतावनी दिएका हुन्।

बुढीगण्डकी जलविद्युत् आयोजना राष्ट्रिय सरोकार समितिले बुधबार एक विज्ञप्ति जारी गर्दै 'बुढीगण्डकी आयोजना'मा सरकारको पटक्कै चासो र प्राथमिकतामा नदेखिएको आरोप लगाएको छ। नयाँ सरकार बनेपछि पनि बुढीगण्डकी आयोजनामा पुरानै प्रवृत्ति देखिएको भन्दै समितिले आन्दोलनको चेतावनी दिएको हो। 'आयोजनालाई सधैं अनिश्चित बनाइरहने हो भने हामी हाम्रो घरजग्गा फिर्ता लिने आन्दोलन सुरु गर्नेछौं। त्यसका लागि सडक आन्दोलनदेखि अदालतको ढोका ढकढक्याउन पनि बाध्य हुनेछौं,' समितिका संयोजक हरेराम ढकालले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। बुढीगण्डकी डुबान क्षेत्रकै बासिन्दाको भोटले चुनाव जितेका नेता सुदन गुरुङ गृहमन्त्री तथा गोरखा नै पैतृक थलो भएका रास्वपा उपसभापति डा. स्वर्णिम वाग्ले अर्थमन्त्री हुँदासमेत आयोजनाको अवस्था उस्तै हुनु विडम्बनायुक्त भएको प्रभावितले उल्लेख गरेका छन्। झन्डै दुईतिहाइ बहुमत ल्याएको पार्टीले आफ्नो घोषणापत्रविपरीत बुढीगण्डकी आयोजनालाई प्राथमिकतामा नराखिएको समितिले उल्लेख गरेको छ।

डिपिआर र टेन्डर डकुमेन्टसमेत बनिसकेको आयोजनाको जग्गाप्राप्तिको कामसमेत अगाडि बढिसकेको छ। योभन्दा अघिल्लो चुनावी सरकारले बुढीगण्डकी आयोजना निर्माणको मोडालिटी पनि टुंग्याइसकेको थियो। नयाँ सरकार बनेपछि डुबान क्षेत्रका बासिन्दाको जायज माग सम्बोधन गरेर बुढीगण्डकी आयोजना शिलान्यास हुने प्रभावितले आशा गरेका थिए।

५५ हजारले अवलोकन गरे नाइमा एक्स्पो

काठमाडौं/ 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' मा अवलोकनकर्ताको उल्लेख्य सहभागिता देखिएको छ। भृकुटीमण्डपमा जारी एक्स्पोको दोस्रो दिनमा २६ हजारभन्दा बढीले एक्स्पो अवलोकन गरेको आयोजकले जनाएको छ। पहिलो दिन २९ हजारले अवलोकन गरेका थिए। एक्स्पोमा सहभागी कम्पनीका अनुसार महँगा र सस्ता कार तथा मोटरसाइकलमा अवलोकनकर्ताको समान रुचि देखिएको छ। साथै, एक्स्पोमा गाडी बुकिङ पनि उल्लेख भएको बताइएको छ।

त्यस्तै, आज २६ हजारभन्दा बढीले मेला अवलोकन गरेका छन्। उद्घाटनको दिन हिजो २९ हजारभन्दा बढीले मेला अवलोकन गरेका थिए। मेला अवधिभरमा करिब डेढ लाखले अवलोकन गर्ने अपेक्षा गरिएको छ।

अवलोकनकर्ताहरूले खासगरी ब्याट्री क्षमता, मोटर, रेन्ज, आफ्टर सेल्स सर्भिसलगायत विषयमा चासो राखेका छन्। कम्पनीहरूले पनि ग्राहक आकर्षित गर्न विभिन्न सुविधा उपलब्ध गराएका छन्। उनीहरूले मूल्यमा छुट, एक वर्षको बिमा, एक वर्षको सवारी कर, फ्री सर्भिसिङ, न्यून दरमा कर्जाजस्ता सुविधा दिएका छन्।

बुधबार दोस्रो दिन पनि विभिन्न ब्रान्डका चार नयाँ मोडेल सार्वजनिक भएका छन्। पहिलो दिन मंगलबार विभिन्न ब्रान्डले ४८ नयाँ मोडेलका सवारीसाधन सार्वजनिक गरेका थिए। बुधबार लर्निङ सेसन्समा 'मोबिलिटी : हिजो आज र भोलि' विषयमा अन्तर्क्रिया गरिएको छ।



नेपालमा दिगो, हरित तथा प्रविधिमैत्री यातायात प्रणालीलाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको दोस्रो संस्करणको एक्स्पो ६ दिन अर्थात् साउन ३१ सम्म चल्नेछ। एक्स्पोमा स्वदेशी तथा बहुराष्ट्रिय सवारीसाधन निर्माता र आयातकर्ताको उल्लेख्य सहभागिता रहेको छ। एक्स्पोमा नेपालमा पहिलोपटक प्रवेश गरेका ब्रान्डदेखि अन्य नयाँ मोडेलका विद्युतीय कार, इस्कुटर तथा विद्युतीय व्यावसायिक सवारीसाधन मुख्य आकर्षणका रूपमा रहेका छन्।

Emerging Nepal Limited
Emerging Nepal
Corporate Office: Kamaladi, Kathmandu, Nepal
Phone: 01-4796099 | Email: mail@emergingnep.com

UNAUDITED FINANCIAL STATEMENT
AT THE FORTH QUARTER ENDING ON 32.03.2083 (16.07.2026)
OF THE FISCAL YEAR 2082/83

Statement of Financial Position / Particulars	This Quarter Ending at Ashadh 2083	Previous Quarter Ending at Chaitra 2082	Corresponding Previous Year Quarter Ending at Ashadh 2082
I. EQUITY AND LIABILITIES			
Shareholder's Fund	**611,627,751**	**614,362,452**	**604,841,782**
a) Share Capital	555,600,000	555,600,000	555,600,000
b) Reserve and Surplus	56,027,751	58,762,452	49,241,782
Deferred Tax Liabilities	**10,025,405**	**10,695,543**	**5,558,919**
Current Liabilities	**3,513,519**	**1,771,573**	**2,505,503**
a) Short Term Loan			
b) Other Current Liabilities	3,513,519	1,771,573	2,505,503
TOTAL	**625,166,676**	**626,829,568**	**612,906,204**
II. ASSETS			
Non-Current Assets	**600,903,172**	**580,986,053**	**534,232,992**
a) Plant, Property and Equipment	1,589,422	1,672,337	1,919,125
b) Investments	599,313,750	579,313,716	532,313,867
Deferred Tax Asset			
Current Assets	**24,263,504**	**45,843,515**	**78,673,212**
a) Cash and Bank Equivalents	17,069,922	39,174,276	72,423,238
b) Other Current Assets	7,193,581	6,669,239	6,249,973
TOTAL	**625,166,676**	**626,829,568**	**612,906,204**

Statement of Profit or loss / Particulars	Current Year: This Quarter	Current Year: Up To This Quarter (YTD)	Previous Year Corresponding: This Quarter	Previous Year Corresponding: Up To This Quarter (YTD)
Revenue				
Revenue from operations	11	20,436,064	-	10,411,044
Income from Other Source	51,901	2,154,855	177,245	4,285,530
Expenses				
Employee Benefit Expenses	(2,803,789)	(6,243,462)	(1,956,120)	(5,340,185)
Depreciation	(102,600)	(405,480)	(128,040)	(491,801)
Other Administrative Expenses	(550,393)	(2,494,270)	(697,029)	(2,915,540)
Impairments	-	-	-	-
Profit Before Tax	**(3,404,870)**	**13,447,707**	**(2,603,944)**	**5,949,048**
Income taxes (Including Deferred Tax)	670,204	1,566,073	(61,890)	-
Net Profit	**(2,734,666)**	**15,013,780**	**(2,665,834)**	**5,949,048**

Ratios	Current Year Up To This Quarter	Previous Year Corresponding Up To This Quarter
Basic Earning Per Share (in Rs.) – Annualized	2.70	1.07
Market Value per share (in Rs.)	805.00	1,099.21
Price Earnings Ratio	297.90	1,026.33
Return on Assets (%) (Annualized)	2.40	0.97
Net Worth Per Share (in Rs.)	110.08	108.86
Total Assets Per share(in Rs.)	112.52	110.31

Notes:
1. The figures are subject to change after finalization of Statutory Audit.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ बमोजिमको विवरण
(नियम ३६ को उपनियम १ सँग सम्बन्धित)
इमर्जिङ्ग नेपाल लिमिटेडको आ.ब. २०८२/०८३ को चौथो त्रैमासिक अबधिको विवरण

१. **वित्तीय विवरण:**
(क) त्रैमासिक अबधिको वासलात, नाफा/नोक्सान सम्बन्धी विवरण र प्रमुख वित्तीय अनुपातहरु यसै साथ संग्लन गरिएको छ।
(ख) प्रमुख वित्तीय अनुपातहरु

प्रति शेयर आम्दानी (रु.)	२.७०	मूल्य आम्दानी अनुपात	२९७.९	प्रति शेयर नेटवर्थ (रु.)	११०.०८
प्रति शेयर बजार मूल्य (रु.)	८०५	सम्पतिमा प्रतिफल (%)	२.४	प्रति शेयर कुल सम्पतिको मूल्य	११२.५२

(ग) सम्बन्धित पक्षसँगको कारोबार:
यस कम्पनीको सहायक कम्पनीहरु इमर्जिङ्ग भेन्चर लिमिटेड र होटल एलिस द वन्डर इनको चुक्ता पूँजीमा क्रमश ७१.९० र ९२.७२ प्रतिशत लगानी रहेको छ।

२. **व्यवस्थापकीय विश्लेषण:**
(क) कम्पनीले निजी-सार्वजनिक साझेदारी अन्तर्गत लगानीका नयाँ क्षेत्रका सम्बन्धमा छलफल तथा अध्ययनको कार्य अगाडी बढाइरहेको छ।
(ख) कम्पनीको लगानी रहेको ३ वटा कम्पनीबाट प्रवर्धित जलविद्युत आयोजनाहरु मध्ये एक आयोजना संचालनमा आइसकेको र २ आयोजना निर्माणाधिन रहेको छ।
(ग) नेपाल धितोपत्र बोर्डबाट लगानी कम्पनीका लागि हाल तोकिएको ३ क्षेत्रमा थप ५ क्षेत्र समावेश हुनु सकारात्मक पक्ष रहेको छ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण:**
(क) यस अवधिमा कम्पनीले वा कम्पनी विरुद्धमा कम्पनीको व्यवसायिक कारोबार सम्बन्धमा कुनै पनि मुद्धा दायर गरेको वा भएको जानकारी कम्पनीलाई प्राप्त भएको छैन।
(ख) यस अवधिमा कम्पनीका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालक विरुद्धमा फौजदारी/आर्थिक अपराध गरेको सम्बन्धमा कुनै पनि मुद्धा दायर गरेको वा भएको जानकारी कम्पनीलाई प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**
(क) धितोपत्र विनियम बजारको खुल्ला बजार कारोबारले यस कम्पनीको शेयरको बजार मुल्य निर्धारण हुने हुँदा व्यस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन।
(ख) यस कम्पनीको त्रैमासिक अबधिको शेयर कारोबार सम्बन्धि विवरण:

अधिकतम मूल्य (रु.)	न्युनतम मूल्य (रु.)	अन्तिम मूल्य (रु.)	कारोबार भएको कुल दिन	कारोबार संख्या	कारोबार भएको शेयर संख्या	कारोबार रकम (रु.)
९३९	७६२	८०५	६४	१,३७७	५१,८२८	४,४८,१५,९३२.१

५. **समस्या तथा चुनौती:**
(क) लगानी गरिएको होटल एलिस द वण्डर इन लिमिटेडमा अपेक्षा गरे अनुरुप व्यवसाय नहुनु र पर्यटक आवागमनमा कमी हुनु।
(ख) लगानी गरिएको इमर्जिङ्ग भेन्चर लिमिटेडले धितोपत्र बोर्डबाट आशय पत्र र स्वीकृति प्राप्त गर्न बाँकी रहनु।
(ग) बजारको तरलता स्थितिले गर्दा निक्षेपमा कम प्रतिफल प्राप्त हुनु।
(घ) कम्पनीले गरेका केही लगानीबाट तुरुन्तै प्रतिफल प्राप्त हुनु नसक्नु।

६. **संस्थागत सुशासन:**
कम्पनीमा संस्थागत सुशासन कायम राख्न व्यवस्थापन सदैब प्रतिबद्ध रहेको छ। कम्पनीको संचालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरू न्यूनीकरण गर्न सञ्चालक समितिद्वारा नीति निर्देशनहरु लागु गरिदै आएको छ। संस्थाको चुस्त कार्य सम्पादन तथा सुशासन अभिवृद्धि गर्नको लागि विभिन्न समितिहरु (जोखिम व्यवस्थापन समिति, लगानी तथा सम्पत्ति दायित्व समिति, लेखा समिति) गठन गरिएको छ। यसका साथै प्रचलित कानून, नियमन निकायबाट प्राप्त निर्देशनहरु एवं लेखापरीक्षकको सुझाब अनुसार कार्य सम्पादन गरिदै आएको छ।

७. **सत्य तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषणा:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

प्रहरीलाई लक्ष्मी सनराइजको वित्तीय साक्षरता



काठमाडौं/ लक्ष्मी सनराइज क्यापिटल र लक्ष्मी सनराइज बैंकको आयोजनामा ट्राफिक प्रहरी कर्मचारीका लागि पुँजीबजार साक्षरता तथा डिजिटल बैंकिङ सुरक्षा र चुनौतीसम्बन्धी कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा ट्राफिक प्रहरीको दीर्घकालीन आर्थिक सुरक्षाका लागि धितोपत्र बजारका संयन्त्र, लगानीका तरिका, फाइदा र चुनौतीलगायत सुरक्षित डिजिटल वित्तीय कारोबारबारे चर्चा गरिएको हो। कार्यक्रमा वक्ताले सडक अनुशासनजस्तै वित्तीय अनुशासन पनि अपरिहार्य हुने उल्लेख गर्दै महिनाको सानो बचतबाट नै सुरक्षित लगानी सुरु गर्न सकिने बताएका थिए। बचतका साथै लगानी गर्ने बानी बसालौं र समृद्ध भविष्य निर्माण गरौं भन्ने उद्देश्यले आयोजित उक्त कार्यक्रममा सहभागीलाई लगानी गर्ने बानीप्रति सकारात्मक सोचको विकास गर्न प्रेरित गरिएको थियो। वरिष्ठ ट्राफिक प्रहरी अधिकृत, आयोजक संस्थाका पदाधिकारी तथा उपत्यकामा कार्यरत ट्राफिक प्रहरीको सहभागिता थियो।

सिद्धार्थ बैंकले ल्यायो सवारी कर्जा योजना



काठमाडौं/ सिद्धार्थ बैंक लिमिटेडले नाइमा एक्स्पोलक्षित विशेष सवारी कर्जा सार्वजनिक गरेको छ। भृकुटीमण्डपमा जारी नाइमा एक्स्पो २०२६ मा बैंकिङ पार्टनरका रूपमा सहभागी यस बैंकले कर्जा योजना ल्याएको हो। बैंकले एक्स्पो अवधिभर सवारीसाधन खरिद गर्न कर्जा लिने ग्राहकलाई ०.५ प्रतिशत सेवाशुल्क तथा आधार दरमा वार्षिक थप एक प्रतिशत प्रिमियमको ब्याजदरमा कर्जा सुविधा उपलब्ध गराउने भएको छ। यो योजना ३१ साउनसम्म अर्थात् नाइमा एक्स्पो अवधिभर लागू हुने बताइएको छ।

बैंकका अनुसार, ग्राहकले एक्स्पोमा सहभागी भई यो योजनाको लाभ लिन सक्नेछन्। योजनामार्फत ग्राहकलाई सहज, सरल तथा प्रतिस्पर्धी कर्जा सुविधा उपलब्ध गराउँदै र आवश्यकताअनुसार सवारीसाधन खरिद गर्न सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

जिडब्लुएमको हाभल जोलियन म्याक्स इभी सार्वजनिक

काठमाडौं/ ग्रेट वाल मोटर (जिडब्लुएम)को नयाँ इभी एसयुभी हाभल जोलियन म्याक्स सार्वजनिक गरिएको छ। भृकुटीमण्डपमा जारी नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६ मा कम्पनीले उक्त मोडेल सार्वजनिक गरेको हो।

५८.३ किलोवाट-आवर ब्याट्री रहेको जोलियन म्याक्सले एकपटकको चार्जमा ४२० किलोमिटरभन्दा बढी दूरी तय गर्ने कम्पनीको दाबी छ। एसयुभीमा १९० मिलिमिटर ग्राउन्ड क्लियरेन्स दिइएको छ। यसले नेपालका विभिन्न सडक तथा दैनिक प्रयोगका लागि उपयुक्त हुने कम्पनीको भनाइ छ।

सुरक्षाका लागि यसमा एडाप्टिभ क्रुज कन्ट्रोल, लेन किपिङ असिस्ट, लेन चेन्ज असिस्ट, इमर्जेन्सी लेन किपिङ, फरवार्ड कोलिजन वार्निङ, अटोनोमस इमर्जेन्सी ब्रेकिङ, रियर क्रस ट्राफिक वार्निङ तथा रियर क्रस ट्राफिक ब्रेकिङलगायतका सुविधा छन्। ड्राइभर फाटिग मोनिटरिङ र ट्रान्सपरेन्ट अन्डरबडी भ्यु सिस्टम पनि उपलब्ध रहेको बताएको छ।

जोलियन म्याक्सको इन्टेरियरमा १४.६ इन्चको टचस्क्रिन, एप्पल कारप्ले, एन्ड्रोइड अटो, वायरलेस चार्जिङ, भ्वाइस रिकग्निसन, ब्लुटुथ र ६ वटा स्पिकरको अडियो सिस्टम रहेको छ। भेरियन्टअनुसार प्यानोरामिक सनरुफ, हिटेड तथा भेन्टिलेटेड फ्रन्ट सिट, इलेक्ट्रिक ड्राइभर सिट र एम्बियन्ट लाइटिङलगायतका सुविधा रहेको कम्पनीले जनाएको छ।



कम्पनीका अनुसार, यसले ६.६ किलोवाटसम्मको एसी चार्जिङ र डिसी चार्जिङ सपोर्ट गर्छ। साथै, भेहिकल-टु-लोड (भिटुएल) सुविधामार्फत बाह्य विद्युतीय उपकरण सञ्चालन गर्न सकिन्छ।

जिडब्लुएमले नेपालमा करिब एक महिनाअघि मात्रै 'ओरा-५' इभी सार्वजनिक गरेको थियो। नाइमा एक्स्पोमा हाभल जोलियन म्याक्स ५९ लाख ९९ हजार ९ सय ९९ रुपैयाँमा उपलब्ध हुने कम्पनीले जनाएको छ।

रिलायबल नेपालले गऱ्यो उत्कृष्ट अभिकर्तालाई सम्मान



काठमाडौं/ रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडले उत्कृष्ट अभिकर्तालाई सम्मान गरेको छ। कम्पनीको व्यवसाय विस्तार, उत्कृष्ट कार्यसम्पादन तथा बिमा सेवा प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउने अभिकर्तालाई सम्मान गरेको हो। कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) नारायणबाबु लोहनीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा देशभरबाट उत्कृष्ट कार्यसम्पादन गर्ने अभिकर्ताको सहभागिता थियो।

कार्यक्रममा एमडिआरटी हासिल गर्न सफल अभिकर्ता, मेगा स्टार उपाधि प्राप्त अभिकर्ता तथा सिनियर एजेन्सी म्यानेजरलाई उत्कृष्ट कार्यसम्पादन तथा कम्पनीको व्यावसायिक वृद्धिमा योगदान पुऱ्याएको भन्दै सम्मान गरिएको कम्पनीले जनाएको छ। सम्मानित अभिकर्तालाई सम्मानपत्र तथा मायाको चिनो प्रदान गरिएको थियो।

यस्तै, कार्यक्रममा प्राडा भगवान कोइराला तथा डा. विष्णुप्रसाद रेग्मीले स्वास्थ्य, जीवन तथा पेसागत विकासमा टेवा दिने उत्प्रेरणामूलक प्रस्तुति दिएका थिए। सिइओ लोहनीले कम्पनीको सफलताको प्रमुख आधार अभिकर्ताहरू नै भएको उल्लेख गर्दै निरन्तर मिहिनेत, व्यावसायिक प्रतिबद्धता तथा ग्राहकप्रतिको उत्तरदायित्वको उच्च प्रशंसा गरे।

मेरो माइक्रोफाइनान्सको अध्यक्षमा श्रेष्ठ

काठमाडौं/ मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको अध्यक्षमा नेपालभूषण श्रेष्ठ चयन भएका छन्। संस्थाको सञ्चालक समिति बैठकले प्राइम कर्मर्सियल बैंकका प्रतिनिधि श्रेष्ठलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको हो। त्यस्तै, संस्थापक सेयरधनी ग्लोबल आइएमई बैंकले सञ्चालक समितिको सदस्यमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेललाई प्रतिनिधित्व हुने गरी पठाएको संस्थाले जनाएको छ।

एनआइसी एसिया क्यापिटलको ५० प्रतिशत लाभांश प्रस्ताव

काठमाडौं/ एनआइसी एसिया क्यापिटल लिमिटेडले सेयरधनीलाई करसहित ५० प्रतिशत नगद लाभांश वितरण गर्ने भएको छ। मंगलबार बसेको क्यापिटलको सञ्चालक समितिको सो प्रस्ताव गरेको हो। आगामी २६ भदौमा बस्ने क्यापिटलको साधारणसभाले प्रस्तावित लाभांश पारित गर्नेछ। त्यसपछि मात्रै सेयरधनीमा वितरण हुने बताएको छ।

सोही साधारणसभाले आर्थिक वर्ष ०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्नेछ।

झापा इनर्जी लिमिटेड
JHAPA ENERGY LIMITED

रजिष्टर्ड कार्यालय : विर्तामोड नगरपालिका वडा नं. ४ झापा, नेपाल
इमेल: solarpower@jhapaenergy.com.np वेबसाइट: www.jhapaenergy.com.np

आ.व. २०८२/०८३ को चौथो त्रैमासिक विवरण

Statement of Financial Position

Particulars	As on Ashadh 32, 2083 Unaudited	As on Chaitra 30, 2082 Unaudited	As on Ashadh 32, 2082 Audited
ASSETS			
Non-Current Assets:			
Property, Plant & Equipment	785,702,475	796,574,832	822,329,199
Financial Assets			
Investment in Subsidiary	20,000,000	20,000,000	20,000,000
Other Non Current Assets	1,378,168	708,168	708,168
Total Non-Current Assets	**807,080,643**	**817,283,000**	**843,037,367**
Current Assets			
Inventories	6,053,272	6,100,372	2,633,710
Financial Assets			
Trade Receivables	12,284,035	19,627,779	12,327,696
Cash and Cash Equivalents	5,591,042	749,210	64,406
Other Current Assets	7,055,731	1,693,732	2,516,954
Current Tax Assets (Net)	1,525	1,525	666
Total Current Assets	**30,985,606**	**28,172,618**	**17,543,432**
Total Assets	**838,066,249**	**845,455,618**	**860,580,799**
Equity & Liabilities			
Equity			
Equity Share Capital	380,190,000	380,190,000	285,142,500
Other Equity	7,389,021	8,969,240	(4,673,713)
Total Equity	**387,579,021**	**389,159,240**	**280,468,787**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities			
Borrowings	399,928,666	412,088,366	452,768,565
Other Financial Liabilities	683,764	503,764	474,131
Total Non-Current Liabilities	**400,612,430**	**412,592,130**	**453,242,696**
Current Liabilities			
Financial Liabilities			
Borrowings	45,709,204	41,930,000	120,661,433
Trade Payables	-	-	344,741
Other Financial Liabilities	3,553,464	1,514,687	5,217,443
Provisions	113,000		56,500
Other Liabilities	499,129	259,560	589,199
Total Current Liabilities	**49,874,798**	**43,704,248**	**126,869,316**
Total Liabilities	**450,487,228**	**456,296,378**	**580,112,012**
Total Equity & Liabilities	**838,066,249**	**845,455,618**	**860,580,799**

Statement of Profit or Loss

Particulars	For The Quarter Ended Ashadh 32, 2083 Unaudited	For The Quarter Ended Chaitra 30, 2082 Unaudited	For The Quarter Ended Ashadh 32, 2082 Audited
Revenue			
Revenue from Sale of Electricity	104,712,105	81,683,379	91,059,475
Cost of Sales			
Generation Expenses	12,968,357	9,266,703	12,845,816
Gross profit	**91,743,748**	**72,416,676**	**78,213,659**
Depreciation	36,841,378	25,754,367	37,056,125
Administrative & Other Operating Expenses	9,191,211	6,814,046	7,450,643
Profit from Operation	**45,711,159**	**39,848,262**	**33,706,891**
Other Income	2,225,000	2,200,000	-
Finance Income	5,729	5,728	4,441
Finance Costs	33,284,691	25,991,575	53,424,566
Profit Before Tax	**14,657,196**	**16,062,415**	**(19,713,235)**
Current Tax	-	-	-
Profit After Tax	**14,657,196**	**16,062,415**	**(19,713,235)**

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम १ संग सम्बन्धित) अनुसूची-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

१. **वित्तीय विवरण**

क) आ. व. २०८२/८३ को चौथो त्रैमासिकको अपरिष्कृत वित्तीय विवरण, तुलनात्मक वित्तीय विवरण र वित्तीय अनुपातहरु यसै प्रतिवेदन साथ प्रकाशित गरिएको छ।

ख) यस कम्पनीको शत प्रतिशत स्वामित्व रहेको झापा एग्रो इण्डष्ट्रिज प्रा. लि संग भएको सम्झौता बमोजिम यस चौथो त्रैमासिकको अवधिसम्ममा जग्गा लिज भाडा बापत रु. ४,००,०००/- यस कम्पनीले खर्च लेखाङ्कन गरेको छ।

(ग) **प्रमुख वित्तीय सूचकहरु:**

क्र.सं.	विवरण	यस त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो आ.व. को यसै त्रैमासिकको अन्त्यसम्मको
१	प्रति शेयर आम्दानी (रु.) वार्षिकीकृत	३.८६	५.६३	(६.९१)
२	प्रति शेयर नेटवर्थ (रु.)	१०१.९४	१०२.३६	९८.३६
३	प्रति शेयर सम्पत्ती मूल्य (रु.)	२२०.४३	२२२.३८	३०१.८१
४	तरलता अनुपात	०.६२	०.६४	०.१४
५	पी. ई रेसियो वार्षिकीकृत	२६३.२८	२३२.३८	-

२. **व्यवस्थापकीय विश्लेषण:**

क) यस कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न बिद्युत खरिद बिक्री सम्झौता (PPA) अनुसार प्रति युनिट ७.३० का दरले नेपाल बिद्युत प्राधिकरणलाई निरन्तर बिद्युत बिक्री गर्दै आएको छ।

ख) यस कम्पनीले आफ्नो स्वामित्वमा १० बिघा १७ कट्ठा १८.५ धुर र यस कम्पनीको शत प्रतिशत स्वामित्व रहेको झापा एग्रो इण्डष्ट्रिज प्रा. लि. को नाममा १० बिघा १३ कट्ठा ११ धुर गरी जम्मा २१ बिघा ११ कट्ठा ९.५ धुर जग्गा खरिद गरी शिवसताक्षि, झापामा १० मे.वा. क्षमताको ग्रीडमा आवद्ध सौर्य विद्युत आयोजना निर्माण गरी संचालन गर्दै आई रहेको छ। यस कम्पनीले चौथो त्रैमासिक अवधि सम्ममा यस आयोजनाबाट रु.१०,४७,१२,१०५ बराबरको विद्युत बिक्रीबाट आम्दानी गरेको छ।

ग) यस आयोजनामा जडित ५ MVA क्षमताका २ वटा इन्भर्टर मध्ये जेष्ठ १८, २०८३ गते एउटा इन्भर्टरमा आगलागी भई पूर्ण रुपमा क्षति भएको थियो। क्षतिका कारण आशिंक (५ मे.वा.) उत्पादन अवरुद्ध हुदाँ बिद्युत बिक्री आम्दानीमा कमी आउन गएको हो। नयाँ खरिद गरी ल्याएको इन्भर्टर जडान गरी हाल पूर्ण रुपमा बिद्युत उत्पादन सूचारु भएको जानकारी गराउँदछौ। सो घटनाबाट कम्पनीको सम्पत्तिमा भएको क्षति र बिद्युत उत्पादनमा कमीको मूल्याङ्कन भैरहेको र बीमा कम्पनीसँग क्षती बापतको बिमा दाबी गर्ने पक्रिया शुरु गरिएको जानकारी गराउँदछौ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:**

क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :**
यस त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर नभएको।

ख) **संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचालित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**
यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

ग) **कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा भएको भए :**
यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

यस कम्पनी व्यवस्थापनबाट शेयर मूल्यमा असाधारण प्रभाव पर्ने किसिमले कुनै पनि प्रकारको गतिविधिहरु भएको पाइएको छैन। नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाइट अनुसार आ. व. २०८२/८३ को चौथो त्रैमासिक अवधिमा शेयर सम्बन्धी कारोबारको विवरण देहाय बमोजिम रहेको छ।

शेयरको अधिकतम मूल्य (रु.)	शेयरको न्यूनतम मूल्य (रु.)	शेयरको अन्तिम मूल्य (रु.)	कुल कारोबार दिन	कुल कारोबार संख्या	कुल कारोबार शेयर संख्या
१,९२९	१,०००	१,०१५	६४	२०,८५५	१,३५६,०७९

५. **समस्या तथा चुनौती :**

विश्वव्यापी तापमान तथा जलवायु परिवर्तनले सौर्य किरण (Solar Insolation) मा फरक पर्न गई बिद्युत उत्पादनमा फरक पर्न सक्ने छ। त्यस्तै कम्पनीको दक्ष जनशक्ति कायम राख्ने चुनौतिहरु यस संस्थामा रहेको छ। संस्थामा आई पर्ने आन्तरिक र वाह्य समस्या तथा चुनौतिहरुलाई समय समयमा बस्ने सञ्चालक समितिको बैठकले समिक्षा गरी सो निराकरणको लागि आवश्यक कार्यान्वयन गर्ने गरेको छ।

६. **संस्थागत सुशासन :**

यस कम्पनीले संस्थागत सुशासन, संस्थागत सुशासन अभिवृद्धिका लागि सदैव उच्च प्राथामिकता राख्दै आएको छ। यस कम्पनीलाई नियमनकारी निकायहरुबाट प्राप्त निर्देशन, परिपत्रहरु व्यवस्थापनद्धारा तदारुकताका साथ सम्पादन गरी आएको छ। कम्पनी भित्र सुशासनलाई सुदृढ पार्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति तथा व्यवस्थापनको नियमित बैठकहरु बस्ने र सोको निर्णयहरु कार्यान्वयन गर्दै आइरहेको छ।

७. **सत्य, तथ्यता समबन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**

यस प्रतिवेदनमा प्रस्तुत वितीय विवरणहरु कम्पनीद्वारा राखिएको लेखा अनुसार तयार गरिएको छ। मेरो जानकारीमा भए अनुसार यस विवरणमा उल्लिखित सम्पूर्ण विवरणहरु तथ्यको आधारमा तयार गरिएकाले सत्य, तथ्यपूर्ण रहेको र लगानीकर्ताहरुलाई सुसूचित गर्दै निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

BANKING CAREER OPPORTUNITY

Nepal Finance Limited, invites application from highly competent, energetic, result-oriented, and self-motivated Nepalese citizens for the under mentioned positions in order to strengthen its existing staff force.

1. Department Head: 3 Information Technology (IT), Internal Audit, Credit Risk

- **Age:** Not exceeding 40 years as of the last date of application submission
- **Qualification & Experience:**
  - Master's Degree in Management or Economics from recognized University with minimum of 3 years' experience in a lead role within a related department of NRB licensed BFI's or,
  - Bachelor Degree in Management or Economics from recognized University with minimum of 5 years' experience in a lead role within a related department of NRB licensed BFI's.
- **Selection Process:** Interview
- **Job Location:** Inside Kathmandu valley
- **Required Knowledge & Skills::**
  - Should be well acquainted with day to day department functions and process with sound knowledge of regulatory compliance.
  - Must have overall knowledge of various Acts & policies related to banking norms including Unified NRB Directive.
  - Must be fully acquainted with overall banking functionalities.
  - Should possess strong supervisory and leadership skills required to independently manage the department.
  - Must possess excellent business communication, reporting critical thinking, analytical and interpersonal skills.
  - Should have enthusiasm and commitment to fulfill the task.

2. Branch Manager: 3

- **Age:** Not exceeding 40 years of the last date of application submission
- **Qualification & Experience:**
  - Master's Degree in Management or Economics from recognized University with minimum of 3 years' experience out of this at least 1 year of experience must be in the role of Branch Manager or Branch Incharge of NRB licensed BFI's or,
  - Bachelor Degree in Management or Economics from recognized University with minimum of 5 years' experience out of this at least 1 year of experience must be in the role of Branch Manager or Branch Incharge of NRB licensed BFI's.
- **Selection Process:** Interview
- **Job Location:** Inside Valley & Outside Valley(Madhesh,Gandaki, & Bagmati province)
- **Required Knowledge & Skills::**
  - Should be acquainted with day to day functions along with sound knowledge of regulatory compliance.
  - Must have overall knowledge of the various Acts & policies related to banking norms including Unified NRB Directive.
  - Must be fully acquainted with overall banking functionalities.
  - Must possess strong supervisory and leadership skills required to independently manage the department.
  - Should possess excellent business communication, critical thinking, analytical and interpersonal skills.
  - Should have enthusiasm and commitment to fulfill the task.

3. IT Assistant(Assistant/Senior Assistant/Supervisor): 1

- **Age:** Not exceeding 30 years of the last date of application submission
- **Qualification & Experience:**
  - Bachelor's Degree in IT from recognized University
  - At least 3 years experience in hardwork & networking function of NRB licensed BFI's .
- **Selection Process:** Interview
- **Job Location:** Inside Kathmandu valley
- **Required Knowledge & Skills::**
  - Candidates having driving license will be an added advantage
  - Should have the ability to work under pressure
  - Should have excellence in Excel program

4. Junior Assistant/Junior Assistant Trainee: Few

- **Age:** Not exceeding 30 years as on last date of vacancy
- **Qualification :**
  - Bachelor's Degree in Management or Economics from recognized University
- **Selection Process:** Interview or written examination and interview
- **Job Location:** Inside and outside Kathmandu valley
- **Required Knowledge & Skills::**
  - Candidates having driving license will be an added advantage
  - Should possess excellent business communication and interpersonal skills
  - Should have the ability to work under pressure
  - Should be computer literate with working knowledge of office applications

To Apply:

*Interested candidates meeting the above criteria may drop their latest CV, passport size photograph, copy of citizenship and copies of academic qualifications with a hand written cover letter by email to **newvacancy2077@gmail.com** within 15 days from notice published date. Applicants must clearly mention the position to be applied in the subject line of application & email.*

Only shortlisted candidates will be called for further selection process(es). The Institution reserves the right to reject any/all applications without assigning any reasons whatsoever. Canvassing at any stage of processes will lead to automatic disqualification.

Salary & Benefits: *As per Company's Employees Service By-laws.*

नेपाल फाईनान्स लिमिटेड
Nepal Finance Limited

"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था"

Head Office: Kamaladi-28 (IT Plaza), Kathmandu, Nepal
Phone No.: 01-4545885, 4545886, Email:info@nepalfinance.com.np, Website : www.nepalfinance.com.np

Khani Khola Hydropower Company Ltd.

Dhumbarahi-4,Kathmandu, Nepal, Phone: 977-1-4529956,4536325
Email: khanikhola.hpcl@gmail.com, Website: www.kkhpcl.com.np

Unaudited Financial Statement for the Fourth Quarter Ended 32 Ashad 2083
Statement of Financial Position as on 32 Ashad, 2083

Amount in NRS.

Particulars	This Quarter Ending Ashad End 2083	Previous Quarter Ending Chaitra End 2082	Corresponding Previous Year Quarter Ending Ashad End 2082
Equity and Liabilities			
Equity Share Capital	931,428,600	931,428,600	465,714,300
Reserve & Surplus	(122,438,355)	(106,438,273)	(125,654,888)
Medium and Long Term Loan			
Long Term Loans	602,140,755	605,062,833	728,302,633
Current Liabilities			
Short Term Loans	29,903	29,903	330,213,882
Trade and Other Payables	51,225,100	55,848,394	82,428,202
Equity and Liabilities	**1,462,386,002**	**1,485,931,457**	**1,481,004,129**
Assets			
Non Current Assets			
Property, Plant & Equipments	958,760,850	1,014,516,058	935,276,169
Investment	8,000	8,000	8,000
Current Assets			
Advances, Deposits & Receivables	476,842,921	430,119,330	541,961,609
Cash & Cash Equivalents	26,774,232	41,288,069	3,758,351
Total Assets	**1,462,386,002**	**1,485,931,456**	**1,481,004,129**

Statement of Profit or Loss and Other Comprehensive Income for the period ended on 32 Ashad , 2083

Particulars	This Quarter Ending Ashad End 2083	Previous Quarter Ending Chaitra End 2082	Corresponding Previous Year Quarter Ending Ashad End 2082
Revenue	**101,374,356**	**86,572,439**	**107,711,705**
Sale of Energy	101,374,218	86,572,439	56,043,456
Interest Income	138	-	-
Insurance Claim (LOP)	-	-	51,668,249
Expenses	**31,596,065**	**23,524,226**	**26,912,587**
Administrative Expenses	31,596,065	23,524,226	26,912,587
Operating Profit/ (Loss)	**69,778,291**	**63,048,213**	**80,799,119**
Bank Interest expenses	53,294,327	42,697,264	74,356,838
Depreciation	44,497,558	34,906,155	41,433,153
Profit / (Loss) before Tax and Bonus	**(28,013,594)**	**(14,555,206)**	**(34,990,872)**
Profit/ (Loss) before Tax	**(28,013,594)**	**(14,555,206)**	**(34,990,872)**
Less: Tax	-	-	-
Net Profit/ (Loss)	**(28,013,594)**	**(14,555,206)**	**(34,990,872)**

Fourth Quarter Disclosure as of 32 Ashad 2083 (16 July 2026)
As per securities registration and issuance regulation Annex-XIV

1. Financial Statements

Financial Highlights	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Basic Earning Per Share	(3.01)	(1.56)	(7.51)
Closing Market Value Per Share (in Rs)	249.00	287.40	291.30
Net worth Per Share (in Rs)	86.85	88.57	73.02
Price Earning (P/E Ratio)	(82.79)	(183.92)	(38.78)
Current Ratio	9.83	8.44	6.62

२. **व्यवस्थापकिय विश्लेषण:**
यस संस्थाको मौज्दात तथा तरलतामा उल्लेखनिय परिवर्तन छैन। कम्पनीको व्यवसायिक योजना अनुसार कार्यहरु हुदैछन्। २०८१ साल असोज ११ र १२ गते परेको अविरल वर्षाका कारण आएको बाढिले आयोजनामा परेको क्षतिले आयोजनाहरु भाद्रमसान्त २०८२ बाट मात्र संचालनमा आएको हुँदा आम्दानीमा असर परेको छ। **हाल दुबै आयोजनहरुको बाढीले क्षति पुराएको संरचनाहरुको मर्मत कार्यहरु सम्पन्न भई मिति २०८२ भाद्र ३१ गते बाट विद्युत उत्पादन शुरु भई सकेको छ।**

३. **कानुनी कारवाही सम्बन्धी विवरण:**
यस संस्थाले वा संस्थाको, संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध तथा आर्थिक अपराध गरेको सम्बन्धी कुनै कानूनी कारवाहीको विवरण तथा मुद्दा दायर भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**
धितोपत्र बजारमा यस कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ। यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्युनतम अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या यस प्रकार छ।

शेयरको अधिकतम मूल्य (रु)	शेयरको न्यूनतम मूल्य (रु)	शेयरको अन्तिम मूल्य (रु)	कारोबार भएको कुल दिन	कारोबार संख्या (शेयर संख्या)	(Sources) http.//nepalstock.com.np
३०३.६०	२३६.००	२४९.००	६४	३,८३७,५३५	

५. **समस्या, चुनौती:**
गत २०८१ साल असोज ११ र १२ गते परेको अविरल वर्षाका कारण आएको बाढिले संचालनमा रहेको दुबै आयोजनहरु (टुंगुन ठोस्ने-४.३६ मे.वा. र खानीखोला-२ मे.वा.) को दुईवटै ड्याम, हेडरेस पाईप, पेनस्टक पाईप, दुईवटै पावर हाउस, स्वीचयार्ड र ट्रान्मिसन लाईनमा क्षति भई **दुबै आयोजनाहरुको उत्पादन बन्द रहेकोमा हाल दुबै आयोजनहरुको बाढीले क्षति पुराएको संरचनाहरुको मर्मत कार्यहरु सम्पन्न भई मिति २०८२ भाद्र ३१ गते बाट विद्युत उत्पादन शुरु भईसकेको छ।**

६. **संस्थागत सुशासन:**
कम्पनीको संस्थागत सुशासन कायम राख्न व्यवस्थापन तथा संचालक समिति सदा प्रतिवद्ध रहेको छ। प्रचलित कानून र नियमन निकायबाट जारी भएका सुशासन सम्बन्धी व्यवस्थाहरु तथा निर्देशिकाहरु पूर्णरुपमा पालना गरीएको छ। कम्पनी ऐन २०६३ को प्रावधान बमोजिम लेखा परिक्षण समिति गठन गरिएको छ आन्तरिक लेखा परिक्षणको व्यवस्था छ।

७. **कार्यकारी प्रमुखको उद्घोषण:**
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पुर्णतामा आधारित छन्, भनि विश्वास लिएको छु र लगानीकर्ताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाएको छैन भन्ने कुरामा पनि विश्वस्त छु।

प्रधानमन्त्री बालेनलाई...

पृष्ठ १ बाट क्रमशः

मन्त्रिपरिषद् कार्यालयमा पठाइसकेका छौं, कुन तहको भ्रमण हुन्छ भन्ने जानकारी आइसकेको छैन,' सहसचिव ढकालले समितिमा भने ।

जलवायु परिवर्तनका हिसाबले संवेदनशील पर्वतीय मुलुकका रूपमा नेपाललाई टर्कीले निमन्त्रणा गरेको हो । नेपालले विशेषतः तीव्र गतिमा हिमाल पग्लिँदै गएका पर्वतीय मुलुकहरूको एजेन्डा उठाउँदै आएको छ । जलवायु परिवर्तनका विषयमा नेपालले सगरमाथा संवादसमेत गर्दै आएको छ ।

सरकारी स्रोतका अनुसार कोप ३१ मा प्रधानमन्त्री शाह सहभागी हुने सम्भावना कम छ । सम्मेलनमा वन तथा वातावरणमन्त्री गीता चौधरीलाई पठाउने सम्भावना छ । प्रधानमन्त्रीले असोजमा हुने संयुक्त राष्ट्रसंघीय महासभाको ८१औं सत्रमा पनि परराष्ट्रमन्त्री शिशिर खनाललाई पठाउन लागेका छन् ।

'राष्ट्रसंघीय महासभाको महत्त्वपूर्ण सत्रमा त जान इच्छा नगरेका प्रधानमन्त्री कोप सम्मेलनमा टर्की जाने सम्भावना छैन, उहाँले सम्बन्धित मन्त्रीलाई पठाउनुहुन्छ भन्ने लाग्छ,' प्रधानमन्त्रीनिकट स्रोतले नयाँ पत्रिकासँग भन्यो ।

जेठ तेस्रो साता दक्षिणी छिमेकी भारत भ्रमण गरेका सत्तारूढ दल रास्वपाका सभापति रवि लामिछानेलाई उत्तरी छिमेकी चीनबाट पनि भ्रमणको निमन्त्रणा आएको छ । चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभाग (आइडिसिपिसी) बाट लामिछानेलाई भ्रमणको निमन्त्रणा आए पनि मिति टुंगिन बाँकी छ ।

महामन्त्री विपिन आचार्यले सभापति लामिछानेलाई औपचारिक भ्रमणको निमन्त्रणा आउनु स्वाभाविक भएको र मिति तय भइनसकेको बताए ।
'सभापतिज्यूलाई निमन्त्रणा आउनु स्वाभाविक छ । तर, भ्रमणको मिति तय भइसकेको छैन,' महामन्त्री आचार्यले नयाँ पत्रिकासँग भने, 'अहिले नै भ्रमण यकिन हुने तहको तयारी भइसकेको छैन ।' स्रोतका अनुसार ७ देखि १५ भदौसम्म चीनको भ्रमण गर्ने चर्चा छ ।

सभापति लामिछानेले यसअघि जेठ १८ देखि २२ सम्म भारतको औपचारिक भ्रमण गरेका थिए । भारतीय जनता पार्टीका अध्यक्ष नितिन नवीनको निमन्त्रणामा दिल्ली गएका उनले प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाहलगायतसँग भेटवार्ता गरेका थिए ।

सरकार र संसद्मा...

पृष्ठ १ बाट क्रमशः

उनले युवा पुस्तामा तत्काल परिणाम खोज्ने प्रवृत्ति बढ्दै गएको भन्दै धैर्य गर्न आग्रह गरे । 'हामीमा धैर्यको कमी देखिएको छ । लामो कुरा पढ्ने, सुन्ने र केही समय लिएर व्याख्या गरिएका कुरामा चासो दिने स्वभाव घट्दै गएको छ,' उनले भने, 'परिणाम अत्यन्त छिटो चाहिएको छ । हामी छिट्टै निराश हुने समाजमा छौं ।'

सभापति लामिछानेले नेपालको करिब ४० प्रतिशत जनसंख्या युवा रहेको उल्लेख गर्दै यस्तो अवसर विश्वका कमै मुलुकले मात्र पाउने बताए । युवा जनसंख्याको यो ठुलो हिस्सालाई परिवर्तनको परिणाममा बदल्न नसके त्यसको गम्भीर असर भविष्यमा पर्ने उनको चेतावनी थियो । 'यदि हामीले यो परिवर्तन र युवा नेतृत्वलाई परिणाममा बदल्न सकेनौं भने हामीमाथि ठुलो आरोप लाग्नेछ,' उनले भने, 'अब अल्लारेहरूबाट हुँदैन, युवा-युवा भनेर मात्र हुने रहेनछ, परिपक्व नै चाहिने रहेछ, उमेर र अनुभव नै चाहिने रहेछ भन्ने जबर्जस्त भाष्य सिर्जना हुनेछ । त्यो भविष्यका लागि घातक हुन्छ ।'

उनले युवामा जोसँगै होस पनि रहेको दाबी गर्दै अग्रजको सम्मान, ज्ञान र अनुभवलाई आत्मसात् गर्दै सिप तथा प्रविधिको अधिकतम प्रयोग गर्न सके युवाले देशलाई परिणाम दिन सक्ने बताए । 'युवामा जोस र होस दुवै हुन्छ । आजका युवाहरू सक्षम छन्, देशलाई माया गर्छन्, परिवर्तनकामी छन्,' उनले भने, 'उनीहरूले आफ्नो कर्मबाट यो कुरा प्रमाणित गर्नुपर्छ ।'

सभापति लामिछानेले सरकार गठन भएको चार महिनामै परिणाम खोजेर निराश हुन नहुने पनि बताए ।

'चार महिनादेखि सरकारको नेतृत्व गरिरहेका छौं, तर आवाजहरू उस्तै देखिन्छन्,' उनले भने, 'चार महिनाको अवधिमा देशमा उस्तै आवाज, अझ ठुलो आवाज- भएन, सकिएन भन्ने आवाज आउन थाल्दा कसरी सकिएला ?'

उनले सरकारलाई चार महिनामै मूल्यांकन नगर्न आग्रह गर्दै अहिलेको समय जग निर्माणको भएको दोहोऱ्याए । 'सरकारले जग खन्दै छ । यस्तो बलियो जग खन्दै छ कि कम्तीमा अबको २०-२३ वर्ष त्यो जगमा राम्रो संरचना खडा हुन सकोस्, जहाँ हामी सबै अट्न सकौं । जग खनिरहेका वेला तपाईंलाई कसैले भ्रममा पारेछन् भने नपर्नुहोला, हामी तयार छौं,' उनले भने ।

लामिछानेले रास्वपा वैकल्पिक शक्ति मात्र नभई निर्विकल्प शक्ति बन्नुपर्ने बताए । 'विकल्प खोज्न आएका होइनौं, विकल्प बन्न आएका हौं,' उनले भने, 'वैकल्पिक शक्ति होइन, रास्वपा निर्विकल्प शक्ति भन्नुपर्छ ।' तर, त्यसका लागि निरन्तर काम र परिणाम आवश्यक रहेको उनको भनाइ थियो । 'सही बाटोमा हिँड्न छोड्यो, आममानिसको कुरा सुन्न छोड्यो र यसबाट केही हुँदैन भन्ने ठाउँमा पुग्यो भने विकल्प सोच्नुपर्छ । तर, विकल्प खोजिरहने चिज विकल्प होइन,' उनले भने ।

लामिछानेले सरकारको नीति, कार्यक्रम र बजेटलाई आफूहरूले जनतासँग गरेको प्रतिबद्धतासँग जोडिएको दाबी गरे । 'जनताका घरमा गएर मागेको भोट, त्यही वाचापत्र हेरेर जनताले दिएको भोट, त्यसैका आधारमा बनाएको सरकार, सरकारले बनाएको नीति तथा कार्यक्रम र त्यसैलाई कार्यान्वयन गर्न बनाएको बजेट हेर्नुभयो भने सबै अलाइन भएको देख्नुहुनेछ,' उनले भने ।

ऋण तिरिसक्दा...

पृष्ठ १ बाट क्रमशः

खोजीमा निस्किएका १७ पीडितको मात्रै साढे तीन बिघा जग्गा फूलकुमारीले दृष्टिबन्धक गरी कब्जामा राखेको खुलेको छ । यी जग्गा उनले आफू, श्रीमान् गयाप्रसाद र राजगढ गाउँपालिका- ५ घर भएका बुवा भागवत साहु तेलीको नाममा गरेकी छिन् ।

सप्तरी प्रहरीमा १७ पीडितले तीनैजनाविरुद्ध दिएको संयुक्त किटानी जाहेरीमा फूलकुमारीले दृष्टिबन्धक गरेर कब्जा गरेको जग्गाको विवरण छ । जीवछीदेवी सरदारका ससुरा बुधन सरदारको १० कट्ठा, रोनीकान्त (रोहणीकान्त) चौधरीको ८ कट्ठा ६ धुर, जितनीदेवी पासमानका श्रीमान् रामखेलावन पासमानको ७ कट्ठा १३.५ धुर, सगुनीकुमारी सरदारको ६ क कट्ठा ११ धुर, महिनारायण चौधरीको ६ कट्ठा ६.५ धुर र दीपनारायण चौधरीको ४ कट्ठा १२.५ धुर जग्गा फूलकुमारीको नियन्त्रणमा छ । त्यस्तै, पियरियाकुमारी पासमानको ४ कट्ठा, सरस्वतीदेवी साहको ३ कट्ठा १८ धुर, पदुत्रीदेवी वतर्नीको ३ कट्ठा १० धुर, लखन सरदारको ३ कट्ठा ५ धुर पनि उनले दृष्टिबन्धकबाट फुकाइदिएकी छैनन् ।

त्यस्तै, बिलट चौधरीको ३ कट्ठा ५ धुर, उर्मिलादेवी चौधरीका श्रीमान् हरिलाल चौधरीको २ कट्ठा १२.५ धुर, रोहणीकान्त चौधरीकी आमा नथरीदेवी थरुनीको नाममा १ कट्ठा १४.७५ धुर, ललितादेवी साहको १ कट्ठा ५.५ धुर, दुखीलाल सरदारको १ कट्ठा ३.५ धुर, प्रतिलादेवी रसाइलीको १ कट्ठा, धर्मदेव चौधरीको १२.२५ धुर, महिनारायण चौधरीकी सासू लगनीदेवी थरुनीको १०.७५ धुर र जीवछीदेवी सरदारका ससुरा बुधन सरदारको १० धुर फूलकुमारीले आफूलगायत श्रीमान् र ससुराको नाममा दृष्टिबन्धक गरेकी छिन् ।

कतिपयले ऋणको १० गुणासम्म तिरिसक्दा पनि जग्गा फुकुवा नगरेको गुनासो गरेका छन् भने कतिपयले तिर्नुपर्ने बाँकी रकमको हरहिसाब गरेर जग्गा फिर्ता दिन अनुरोध गर्दा उल्टै धम्क्याएको पीडा पोखेका छन् । निरक्षर र विपन्नहरू फूलकुमारीको सिकार बनेका छन् । जग्गा बन्धकी राख्ने बहानामा फूलकुमारीले तीन प्रतिशत मासिक ब्याज तय गरी जग्गा नै दृष्टिबन्धक गराउने गरेको खुलेको छ । ऋण दिएकोभन्दा तीन गुणा बढीको कपाली तमसुक बनाउने गरेकोसमेत पीडितहरूको गुनासो छ ।

साक्षीकै रोहबरमा साँवा र ब्याज चुक्ता गरिसक्दा पनि 'लालपुर्जा हरायो' वा 'रसिद काटेको छैन' भन्दै आलटाल गर्ने उनले गत १५ वैशाखमा दिएको चुनौती उद्धृत गर्दै एक पीडितले गुनासो गरे, 'हामीले किनेको जग्गा हो, फिर्ता गर्दैनौं । फिर्ता चाहिए साँवाको ब्याज, ब्याजको ब्याज र चक्रवर्तीको ब्याज तिर्नुपर्छ ।'

पढ्दापढ्दैका 'छोराहरू' मलेसिया भासिन बाध्य

डंगराहीका दीपनारायण चौधरीले ६ वर्षअघि एक लाख रुपैयाँ ऋण लिँदा चार कट्ठा १२ धुर जग्गा धितोबापत साहुकार फूलकुमारीको नाममा पास गरिदिएका थिए । अलिअलि गर्दै उनले तीन लाख रुपैयाँ (साँवाको तेब्बर) बुझाइसके । तर, जग्गा फिर्ता पाएनन् । घरको यही बिजोग र साहुकारको दबाब सहन नसकी उनका जेठा छोरा पढाइ बिचैमा छाडेर मलेसिया जान बाध्य भएका छन् । हाल आफ्नो जग्गा साहुकारले हडपेकाले चौधरी परिवार अरूको खेत अधियाँ (बटैया) कमाएर छाक टारिरहेको छ । उनीसँग घरमा श्रीमती र कान्छा छोरा छन् ।

'घरखर्च चलाउन गाह्रो भएपछि पटक-पटक गरी एक लाख रुपैयाँ ऋण लिएको थिएँ । त्यसबापत अलिअलि गर्दै ३ लाख रुपैयाँ बुझाइसकैं,' चौधरीले भने, 'ऋणभन्दा तेब्बर रकम चुक्ता भइसक्दा पनि ६ वर्षअघि धितोका रूपमा पास गरेर लिएको ४ कट्ठा १२ धुर जग्गा साहुकार फूलकुमारीले अझै फिर्ता दिएकी छैनन् । घरको यो अवस्था देखेर ठुलो छोरा पढाइ छोडेर मलेसिया गयो, अहिले म अरूको खेतमा खेती गरेर परिवार पालिरहेको छु । भएभरको जग्गा मिटरब्याजीले कब्जा गरेको छ, कहिले फिर्ता पाइएला ?'

परदेशको कमाइ मिटरब्याजीको खल्तीमा, जग्गा पनि उनकै कब्जामा

डंगराहीका महिनारायण चौधरीले छोरालाई मलेसिया पठाउने खर्च जुटाउन ०७१ मा फूलकुमारीसँग एक लाख ६० हजार रुपैयाँ ऋण लिएका थिए । धितोबापत ६ कट्ठा ६ धुर जग्गा दृष्टिबन्धक गराइदिएका उनले विदेशमा पसिना बगाएर छोराले पठाएको पैसाबाट साँवा र ब्याज गरी ३ लाख २० हजार ३२० रुपैयाँ (दोब्बरभन्दा बढी) बुझाइसके । तर, साहुकारले अझै जग्गा फिर्ता दिएकी छैनन् । 'छोराले मलेसियाबाट पसिनाको कमाइ पठाएर साँवाभन्दा दोब्बर रकम तिरिसकियो,' महिनारायणले दुःखेसो पोखे, 'छोराले पठाएको पैसाजति साहुलाई बुझाइयो, तैपनि मेरो जग्गा फिर्ता दिएको छैन ।'

न्याय माग्दै प्रहरीमा दिए सामूहिक किटानी जाहेरी

१७ पीडितले न्याय माग्दै प्रहरीमा सामूहिक किटानी जाहेरी दिएका छन् । ४७ वर्षीया फूलकुमारी साह, उनका श्रीमान् ५५ वर्षीय गयाप्रसाद साह र उनका बुवा राजगढ गाउँपालिका- ५ का ७० वर्षीय भागवत साहु तेलीविरुद्ध बुधबार जिल्ला प्रहरी कार्यालय राजविराजमा किटानी जाहेरी दिएका हुन् । पीडितहरूले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ (क), २४९ (ख), २५३ र २५४ बमोजिम ठगी, अनुचित लेनदेन (मिटरब्याज) तथा आपराधिक विश्वासघातको कसुरमा कडा कारबाहीको माग गरेका छन् । साथै, बेइमानीपूर्वक हडपिएका जग्गा र कपाली तमसुक अविलम्ब फिर्ता गराइदिन जाहेरीमा माग गरेका छन् । तर, बुधबार जाहेरी दर्ता भने भएको छैन ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी हेमराज घिमिरेले किटानी जाहेरी प्राप्त भएको पुष्टि गर्दै घटनाबारे अनुसन्धान प्रक्रिया अगाडि बढाइएको बताए । '१७ जना पीडितले फूलकुमारी साह, गयाप्रसाद साह र भागवत साहु तेलीविरुद्ध सामूहिक रूपमा किटानी जाहेरी दिएका छन्, अनुसन्धान हुँदै छ,' उनले संक्षिप्त प्रतिक्रिया दिए ।

अधिवक्ता रवीन्द्र यादवले पीडितको जाहेरी परेको र मिडियामा समेत विषय सार्वजनिक भइसकेकाले प्रहरीले तत्काल जाहेरी दर्ता गरी आरोपीलाई पक्राउ गर्नुपर्ने बताए । 'प्रहरीले मुद्दा दर्ता र पक्राउमा आलटाल गऱ्यो भने आरोपितहरू भाग्न सक्छन् । त्यसो भयो भने पीडितले न्याय पाउने प्रक्रिया लम्बिने र ठुलो हानी पुग्ने हुन सक्छ,' उनले भने, 'यो पक्षमा प्रहरी सचेत बनोस् ।'

साहुकार फूलकुमारी साहको कब्जामा कसको कति जग्गा ?

- **सगुनीकुमारी सरदार (फूलबडिया)** : ६ कट्ठा ११ धुर
फूलकुमारीका नाममा दृष्टिबन्धक
- **महिनारायण चौधरी (फूलबडिया)** : ६ कट्ठा ६.५ धुर
एक लाख कर्जा दिएर फूलकुमारीका नाममा दृष्टिबन्धक
- **दीपनारायण चौधरी (फूलबडिया)** : ४ कट्ठा १२.५ धुर
५० हजार ऋण दिएर फूलकुमारीका नाममा दृष्टिबन्धक
- **पियरियाकुमारी पासमान (बनौली)** : ४ कट्ठा
४० हजार कर्जा दिएर १ जेन ०७१ मा फूलकुमारीका नाममा दृष्टिबन्धक
- **सरस्वतीदेवी साह (फूलबडिया)** : ३ कट्ठा १८ धुर
५ साउन ०६९ मा फूलकुमारीका नाममा दृष्टिबन्धक
- **पदुत्रीदेवी वतर्नी (भंगहा)** : ३ कट्ठा १० धुर
५० हजार ऋण दिएर १८ असोज ०६६ मा भागवत साह तेलीका नाममा दृष्टिबन्धक
- **लखन सरदार (फूलबडिया)** : ३ कट्ठा ५ धुर
दुईपटक गरी ७५ हजार कर्जा दिएर १९ माघ ०७५मा फूलकुमारी र भागवत साह तेलीका नाममा दुई ठाउँको जग्गा दृष्टिबन्धक
- **बिलट चौधरी (फूलबडिया)** : ३ कट्ठा ५ धुर
१ लाख ९५ हजार ऋण दिएर २३ वैशाख ०७५ मा दृष्टिबन्धक
- **उर्मिलादेवी चौधरीका श्रीमान् हरिलाल चौधरी (फूलबडिया)**: २ कट्ठा १२.५ धुर
कर्जा : २५ हजार कर्जा दिएर २६ माघ ०६९ मा भागवत साह तेलीका नाममा दृष्टिबन्धक
- **रोहणीकान्त चौधरीकी आमा नथरीदेवी थरुनी (फूलबडिया)** : १ कट्ठा १४.७५ धुर
१० हजार ऋण दिएर २ वैशाख २०६४ मा गयाप्रसाद साहका नाममा दृष्टिबन्धक
ललितादेवी साह (इनर्वा फूलबडिया) : १ कट्ठा ५.५ धुर
२४ साउन ०७१ मा गयाप्रसाद साहका नाममा दृष्टिबन्धक
- **दुखीलाल सरदार (ब्रह्मपुर)** : १ कट्ठा ३.५ धुर
२५ हजार कर्जा दिएर फूलकुमारी साहका दृष्टिबन्धक
- **प्रतिलादेवी रसाइली (रामपुर जमुवा)** : १ कट्ठा
५० हजार ऋण दिएर ३२ असार ०७१ मा फूलकुमारीका नाममा दृष्टिबन्धक
- **धर्मदेव चौधरी (फूलबडिया)** : १२.२५ धुर
५० हजार कर्जा दिएर २१ असोज ०७५ मा फूलकुमारीका नाममा दृष्टिबन्धक
- **महिनारायण चौधरीकी सासु लगनीदेवी थरुनी (बकधवा)** : १०.७५ धुर
१ लाख ५० हजार ऋण दिएर २९ कात्तिक ०७४ मा फूलकुमारीका नाममा दृष्टिबन्धक

६ लाख ऋणको...

पृष्ठ १ बाट क्रमशः

जनकपुरधामस्थित जिल्ला अदालत धनुषाअगाडि बुधबार दिउँसो एक मिटरब्याजपीडित महिलाले शरीरमा पेट्रोल खन्याएर आत्मदाहको प्रयास गरेकी छिन् ।

बुधबार धुनषा जिल्ला अदालत परिसरअगाडि मिटरब्याजपीडितले नाराबाजीसहित विरोध प्रदर्शन गरिरहेका वेला रजकले शरीरमा पेट्रोल खन्याएर आत्मदाह प्रयास पनि गरिन् । नजिकै तैनाथ प्रहरीले तत्काल हस्तक्षेप गरी उनलाई रोकेपछि सम्भावित दुर्घटना टरेको छ । आत्मदाह प्रयासपछि केही समय अदालतपरिसर तनावग्रस्त बनेको थियो ।

अदालतबाहिर प्रदर्शन गर्ने अन्य पीडितमा मिथिला नगरपालिका- ६ का कृष्णलाल दास र विदेह नगरपालिका- ८ का पूर्व वरिष्ठ प्रहरी गोविन्द साहलगायत थिए ।

अन्य पीडितको पनि उस्तै छटपटी, साहुकारविरुद्ध अदालतमा मुद्दा

साहु गोपाल साह, उनका दाजु बलराम साह, भाउजू रेखा साह र भतिजा हरेराम साहविरुद्ध रजकबाहेक अन्य नौजना पीडितले ठगी मुद्दा दर्ता गराएका छन् । २४ दिनअघि प्रहरीले गोपाल, रेखा र हरेरामलाई पक्राउ गरेको थियो भने बलराम फरार छन् । बुधबार उनीहरूविरुद्ध अदालतमा थुनछेक बहस भइरहेको थियो ।

साहुविरुद्ध मुद्दा दायर गर्नेमध्येका एक कृष्णलाल दासले आफूहरूले न्याय पाउनुपर्ने बताए । उनले छोरीको विवाहका लागि ०८१ वैशाखमा साढे १२ लाख ऋण लिँदा १३ धुर जग्गा ग्यारेन्टी राखेका थिए । दासले साढे १० लाख रुपैयाँ बुझाइसकेका छन् । बाँकी पैसा बुझाए जग्गा फिर्ता माग्दा महाजनले सो जग्गा फाइनान्समा राखेर ऋण निकालेको थाहा पाएपछि उनले मुद्दा हालेका हुन् ।

त्यस्तै, दाससँगै बहरू राउत अमात्य पनि अदालत पुगेका छन् । पूर्वशिक्षकसमेत रहेका अमात्यले छोराको उपचारका लागि ०५७ मा दुईपटक गरी एक लाख दुई हजार रुपैयाँ ऋण लिएका थिए । अमात्यको ग्यारेन्टीबापत लगिएको ४६ कट्ठा १३ धुर जमिन साहुले अन्यत्रै बेचिदिएका छन् । दुई लाखको कपाली तमसुकसमेत बनाए छलछाम गरिएपछि उनको करिब १० करोड मूल्यबराबरको सम्पत्ति गुमेको छ । न्याय खोज्दाखोज्दै शिक्षण पेसा छुटेको र छोराहरू वैदेशिक रोजगारीमा जान बाध्य भएको उनले बताए ।

धनुषाको विदेह नगरपालिका- ८ का गोविन्द साहले कामविशेषका लागि ०८१ मा साहसँग ९९ लाख रुपैयाँ ऋण लिएका थिए । जग्गा दृष्टिबन्धकमा राखी कपाली तमसुक गरेर उक्त ऋण लिएको प्रहरीका पूर्वएसएसपी साहले बताए । दृष्टिबन्धकमा रजिस्ट्रेसन गरिदिएको जग्गा महाजनले आफूहरूलाई जानकारी नै नदिई बैंकमा धितो राखी चार करोड रुपैयाँ ऋण लिएको गोविन्द साहले आरोप लगाए । मिटरब्याजी साह परिवारले विभिन्न कृषि फार्म खोलेर त्यसको नाममा कृषि ऋण लिने र चर्को ब्याजदरमा जग्गा रजिस्ट्रेसन पास गराएर ऋण दिने काम गर्दै आएको उनले आरोप लगाए । साह परिवारले आफूजस्तै दर्जनौं परिवारलाई ऋण दिएर उठीवास लगाएको उनले आरोप लगाए ।

मिटरब्याजको समस्या समाधान, दोषीमाथि कारबाही र पीडितलाई न्यायको माग गर्दै पीडित लामो समयदेखि आन्दोलनमा छन् । साह परिवारविरुद्धको मिटरब्याजसम्बन्धी मुद्दाको थुनछेक बहस बिहीबार पनि जारी रहनेछ ।

१५ दिनभित्र...

पृष्ठ १ बाट क्रमशः

सम्बन्धित कर्मचारीलाई नै दिइएकाले यसमा कुनै अनियमितता नभएको दाबी गरेको छ । बैठकमा रास्वपाका सांसद खगेन्द्र सुनारले आइजिपीलाई केही समयलाई निलम्बन गरेर यसमा छानबिन गर्न माग गरेका थिए । बैठकमा प्रहरी महानिरीक्षक कार्कीले थुप्रै असम्बन्धित व्यक्तिले बेनामे उजुरी हालेर खरिद प्रक्रियालाई विवादित बनाएको बताएका थिए ।

सुनारले आइजिपीको घरबाट तीन करोड चोरी भएको विषयमा केही व्यक्तिलाई पक्राउ गरेर अनुसन्धान गरिरहेको बताएपछि आइजिपी कार्कीले त्यसमा असन्तुष्टि जनाएका थिए । निष्ठापूर्वक काम गर्दा 'जे मन लाग्यो त्यही आरोप' लगाएको उनको भनाइ थियो ।

आफ्नो प्रस्तावमा सुनुवाइ नभएपछि सांसद सुनार असन्तुष्ट भई बैठकको बिचमै बाहिरिएका थिए । बैठकले सशस्त्र प्रहरीले गत वर्ष गरेका सबै खरिदको विवरण पनि मगाएको छ ।

कम्पनीको नाम परिवर्तनको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२८

मिति २०८३/३/२९ गते बसेको विशेष साधारण सभाको निर्णय बमोजिम यस साविकको कम्पनी सेल्टा ट्राभल्स एजेन्सिज प्रा.लि. (दर्ता नं. ३२४८७८) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/४/१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी जोन ट्राभल्स एण्ड टुर्स प्रा.लि. कायम गरिएको जानकारी गराईन्छ ।

रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड
Reliance Spinning Mills Limited

रजिष्टर्ड कार्यालय (कर्पोरेट) : का.म.न.पा.वडा नं. २८, कमलादी, गणेशस्थान, काठमाण्डौं
फोन नं : ०१-५३४१८५३, ०१-५३२६०८१
Email: info@reliancespinningnepal.com, Website: www.reliancespinningnepal.com

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम ४६ को उपनियम (१) सँग सम्बन्धित अनुसूचि - १४
आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमासको प्रतिवेदन

रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडको आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमाससम्मको अपरिस्कृत वित्तिय विवरण :

१. वित्तीय विवरण :-

क) आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमासको वासलात तथा नाफानोक्सान सम्बन्धि विवरण :

- आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमास सम्मको अपरिस्कृत वित्तिय विवरण अनुसूचि - १ मा प्रस्तुत गरिएको छ ।
- चौथो त्रैमासको अवधिमा उल्लेखित पक्षहरुसंग नियमित व्यवसायिक कारोवार भएको र प्रतिवेदनमा उल्लेख गरे बाहेक अन्य कारोवार नभएको ।

(ख) यस संस्थाको चौथो त्रैमासको वित्तीय विवरण यसै साथ प्रकाशित गरिएको छ ।

यस अवधिको सम्वद्ध संस्थाहरुसंग भएको कारोवारको विवरण (मु.अ.कर बाहेक) निम्न अनुसार रहेको छ :-

क्र.स.	सम्बद्ध संस्थाहरुको नाम	खरिद रकम	बिक्रि रकम
१.	शिभम् प्लाष्टिक इर्डष्ट्रिज लिमिटेड	२,८२,८९,११८	५,०२,७२८
२.	एम.एस ट्रेडिङ्ग इन्टरनेश्नल	२८,९७,२२५	
३.	प्रोजिल ग्रिन इनर्जि प्रा.लि.	४८,००,०००	
४.	ट्राइकोट इर्डष्ट्रिज प्रा.लि.		२३,४३,९६४
५.	शिभम् प्लाष्टिक इर्डष्ट्रिज लिमिटेड (बहाल आम्दानी)		७४,५८,९००

ग) प्रमुख वित्तीय अनुपातहरु :-

प्रति शेयर आम्दानी (बार्षिक रु)	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पतिको मुल्य	तरलता अनुपात
२२.०४	५०३.३२	७३६.५०	२.०७

२. व्यवस्थापकिय विश्लेषण :

क) पछिल्ला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमका कारण आर्थिक वर्ष २०८२/८३ मा नेपाली रुपैयाँ अमेरिकी डलरको तुलनामा करिब १२.३७ प्रतिशतले अवमूल्यन भयो (स्रोतः नेपाल राष्ट्र बैंक सन्दर्भ दर) । कम्पनीको कच्चा पदार्थ खरिद मुख्यतया अमेरिकी डलरमा हुने तथा कम्पनीसँग अमेरिकी डलरमा आधारित कर्जा समेत रहेकाले, समीक्षा वर्षमा कम्पनीले रु. २०.०२ करोड विदेशी विनिमय हानि व्यहोर्नुपरेको छ, जसमध्ये रु. ८.१० करोड डलर कर्जाको पुनर्मूल्याङ्कनबाट सिर्जित गैर-नगद (unrealized) प्रकृतिको हो । यस अवधिको खुद नाफामा परेको मुख्य असर यही विदेशी विनिमय हानि हो । कम्पनीको सञ्चालन कार्यसम्पादन तथा तरलता स्थिति सुदृढ रहेको छ । विदेशी मुद्रा जोखिम न्यूनीकरणका लागि कम्पनी उपयुक्त हेजिङ व्यवस्था अवलम्बन गर्न सक्रिय रूपमा कार्य गरिरहेको छ ।

ख) यस समिक्षा अवधिमा तरलता लगायत अन्य कुरा सन्तोषजनक रहेको छ ।

ग) कम्पनीले हालसम्म बैकहरुबाट लिएको कर्जाको साँवा ब्याजको भुक्तानी नेपाल राष्ट्र बैंकको निर्देशन पालना गर्दै निर्धारित समयमानै भुक्तानी गरि रहेको छ ।

घ) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा र नगद प्रवाहमा तात्विक असर पर्नसक्ने घटना, अवस्था आदि भएमा सोको विश्लेषणात्मक विवरण : नभएको ।

३. कानुनी कारवाहि सम्बन्धी विवरण :-

(क) रिलायन्स स्पिनिङ्ग मिल्स लि. विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत (पाटन उच्च अदालत, मुद्दा नं. ०८२-WO-०५७०)

यस कम्पनीले डेडिकेटेड/ट्रक लाइन छुट विद्युत महशुल विवादका सम्बन्धमा श्री नेपाल विद्युत प्राधिकरण अन्तर्गतको प्रशासकिय पुनरावलोकन समिति समक्ष प्रशासकिय पुनरावलोकनको निवेदन दायर गरेकोमा प्राधिकरणको मिति २०८२/०६/१० को संचालक समितिको निर्णयबाट प्रशासकिय पुनरावलोकन सम्बन्धी सबै निर्णय खारेज गरी उद्योगहरुलाई उक्त विवादित महसुल यथाशिघ्र तिर्न माग गरिएको हुँदा प्राधिकरणको संचालक समितिको उक्त सूचना तथा सो सम्बन्धी भए गरेका सम्पूर्ण काम कारवाही रद्ध गरी प्रशासकिय पुनरावलोकनको निवेदनमा शिघ्र कारवाही गर्न रिट निवेदन दायर गरिएको । उक्त रिट निवेदनमा मिति २०८३/०२/२७ मा दुई पक्षिय सुनुवाई भई आंशिक रिट जारी भई हाल यस कम्पनीले दायर गरेको प्रशासकिय पुनरावलोकनको निवेदन नेपाल विधुत प्राधिकरण समक्ष विचाराधिन रहेको ।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित कानुनको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए : जानकारि प्राप्त नभएको ।

(ग) कम्पनीको संस्थापक वा संचालक विरुद्ध यस अवधिमा आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

४. संस्थाको शेयर कारोवार सम्बन्धि विवरण :-

(क) यस कम्पनीको चौथो त्रैमासमा शेयरको कायम अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको दिन र शेयर कारोबार संख्या:

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मुल्य	कारोबार दिन	कारोबार शेयर संख्या
४,८९६	२,९४०	२,९७०	६४	२५,८३,६१८.००

५. समस्या तथा चुनौतिहरु :

१. अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मुल्य बृद्धि तथा असहजताका कारण ढुवानिमा ढिलासुस्ति
२. अन्तर्राष्ट्रिय स्तरमा हुन सक्ने नितिगत परिर्वन ।
३. अमेरिकी डलरको मूल्यमा हुनजाने उतार चढाव ।

६. संस्थागत सुशासन :-

क) कम्पनीले प्रचलित ऐन कानुन तथा कानुन बमोजिमका नियमनकारि निकायहरुबाट समय समयमा जारि भएका निति नियम, निर्देशन तथा परिपत्र पुर्ण रुपमा पालना गरेको ।

(ख) संस्थागत सुशासनको लागि व्यवस्थापकीय संचालक तथा जिम्मेवार व्यक्तिहरुबाट लेखा परिक्षण समिति तथा आन्तरिक व्यवस्थापन प्रणाली प्रभावकारी बनाउने, आन्तरिक लेखा परिक्षण कार्यलाई प्रभावकारी बनाउने, कारोवारलाई चुस्त दुरुस्त बनाउने र सोमा आकर्षित हुने ऐन तथा नियमहरु पालना गरि संस्था संचालन गरिएको छ ।

७. सत्य तथ्य सम्बन्धमा प्रबन्ध सञ्चालकको उद्घोष :-

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछुकि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य तथा पुर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण,सुचना तथा जानकारी लुकाईएको छैन ।

अनुसूचि - १

Unaudited Statement of Financial Position
As at 16th Jul, 2026 (Ashad 32, 2083) Fourth Quarter Fiscal Year 2082-83

Particulars	As at Ashad 32, 2083 Unaudited	As at Chaitra 30, 2082 Unaudited	As at Ashad 32, 2082 Audited
Assets			
Non Current Assets			
Property, Plant and Equipment	9,284,768,888.94	9,373,801,827.23	9,638,832,660.35
Capital work-in-progress	4,415,041.02	-	-

बिहीबार २८ साउन ०८३
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७७

चुनौतीबिच कप्तानीमा सन्दीपको दोस्रो इनिङ्स

दोस्रोपटक कप्तानीको अवसर पाएका सन्दीपमाथि अब एकदिवसीय मान्यताको रक्षा, एसिया कप छनोट र खेलाडीबिचको सम्बन्ध सुमधुर राख्नुपर्ने चुनौती

रमेश सुवेदी/नयाँ पत्रिका

सन्दीप लामिछानेको कप्तानीमा नेपालले आगामी ३० अगस्टदेखि मलेसियामा हुने एसिसी प्रिमियर कपमा सहभागिता जनाउँदै छ। कप्तानीका रूपमा सन्दीपको यो दोस्रो इनिङ्स हो। चार वर्षअघि बलात्कारको मुद्दामा जेल परेपछि उनले कप्तानी गुमाएका थिए। चार वर्षपछि फेरि उनले नेपाली राष्ट्रिय पुरुष टोलीको जिम्मेवारी पाएका छन्। चार वर्षअघि कप्तान हुँदा सन्दीपले १४ एकदिवसीय खेलमा नेपाललाई चार खेलमा जित दिलाए। उनको नेतृत्वमा नेपालले ९ खेलमा हार र एकमा नतिजाविहीन नतिजा निकालेको थियो। रोहितजस्तै सफल कप्तान बन्न सन्दीपले ठुलै चुनौतीको समाना गर्नुपर्नेछ।

आइसिसी विश्वकप लिग २ अन्तर्गत नेदरल्यान्ड्स भ्रमणमा नेपालको फितलो प्रदर्शन भएपछि नेपाल क्रिकेट संघ (क्यान)ले अप्रत्याशित रूपमा रोहितकुमार पौडेललाई कप्तानबाट हटाएको थियो। अब कप्तानीका रूपमा सन्दीपले आफ्नो दोस्रो इनिङ्सलाई कसरी अगाडि बढाउँछन् भन्ने प्रश्न छ। उनले विश्वकप लिग २ मा कठिन मोडमा रहेको नेपाललाई कम्तीमा एकदिवसीय मान्यता रक्षा गराउनुपर्नेछ।

विश्वकप लिग २ को शीर्ष चारमा रहँदै एकदिवसीय विश्वकपको ग्लोबल छनोट पुग्ने अवसर नेपालले गुमाइसकेको छ। यस्तोमा नेपालको मुख्य लक्ष्य नै आठ वर्षअघि प्राप्त गरेको एकदिवसीय मान्यता रक्षा गर्नु हो। यसमा सन्दीपको परीक्षा सुरु भएको छ। यो त्यति सहज देखिँदैन।

नेपालले अब एक सिरिज मात्र खेल्न बाँकी छ। उक्त सिरिजमा शतप्रतिशत जित निकाल्दा नेपालको एकदिवसीय सम्भवतः रक्षा हुनेछ। यसमा पनि खराब प्रदर्शन गर्दा नेपालले एकदिवसीय हैसियत गुमाउनेछ। यसैबिच, नेपाली टोलीले एसिया कप छनोट खेल्दै छ। यो प्रतियोगिता पार गर्न अर्को चुनौती सामना गर्नुपर्नेछ। क्यानले फर्माना नरहेका खेलाडीलाई नेपालको 'ए'मा घटुवा गरेको छ। कुशल भुर्तेल, कुशल मल्ल र सोमपाल कामीजस्ता खेलाडी सिनियर टोलीमा रहँदा सन्दीपले युवा खेलाडीको साथमा आफ्नो यात्रा अगाडि बढाउनुपर्ने चुनौती छ। उनलाई सिनियर र युवा खेलाडीबिचको तालमेल मिलाउनुपर्नेछ।

आफैं लयमा आउनुपर्ने

सन्दीप करिअरमा पहिलोपटक राष्ट्रिय टोलीबाट एक खेलमा ड्रप भए। नेपाली टोलीमा आबद्ध भएयता उनी पहिलोपटक नेदरल्यान्ड्सको सिरिजमा बाहिरिएका थिए। यस्तो हुनुको पछाडि उनी पछिल्लो विश्वकप लिग २ को सिरिजमा लगातार तीन खेलमा विकेटविहीन भए। जसका कारण मुख्य प्रशिक्षक स्टुवाट लले



उनलाई अन्तिम खेलमा बाहिर राखे। नेपाललाई एक निश्चित दिशातर्फ लैजाने जिम्मेवारी पाएका सन्दीप स्वयं पनि फर्ममा अउनुपर्ने चुनौती छ। दुई महिनाअघि त्रिवि क्रिकेट मैदानमा भएको विश्वकप लिगमा नेपालले ओमान, युएई, अमेरिका र स्कटल्यान्डविरुद्धको शृंखलामा ८ मध्ये ६ खेल जित्यो।

जसमा सन्दीपले १९ विकेट लिएका थिए। नेपाली क्रिकेटरले यसबिचमा दुई महिना ब्रेक पाए। ब्रेकपछि सिधै नेदरल्यान्ड्समा फुर्दा अन्य खेलाडीका साथै सन्दीपको फर्मसमेत खस्किएको थियो। अन्तिम खेलमा नेदरल्यान्ड्सविरुद्ध उनी प्लेइङ ११ मै पर्न सकेनन्। त्यसैले पनि सन्दीप निकै दबाबमा हुनेछन्।

एकदिवसीय मान्यता जोगाउनु

सन्दीपले यस्तो अवस्थामा कप्तानी जिम्मेवार पाएका छन्, जुन ओकल्नु कि निल्नुबराबर हो। नेदरल्यान्ड्स भ्रमणमा प्राप्त असफलताका कारण नेपालको ग्लोबल छनोट हुने आधार सबै समाप्त भयो। अब नेपालको चार खेल बाँकी छ। यो सिरिजमा आफूअनुकूल नतिजा निकाल्न सकिएन भने नेपालको एकदिवसीय मान्यता खोसिनेछ। नेपालले आगामी चार वर्षको चक्रमा आइसिसीबाट पाउने आर्थिक सहयोग रोकिनेछ। यस्तै, राष्ट्रिय टोलीले खेल्ने अन्तर्राष्ट्रिय सिरिज खेल संख्या पनि घट्नेछ। विश्वकप लिग २ मा नेपाल २४ अंकसहित सातौं स्थानमा छ। नेपालले ३२ खेल खेल्दा ११ जित र १९ मा हार व्यहोरेको छ।

खेलाडीबिच तालमेल मिलाउनु

अहिले नियमित खेलरहेका पाँच खेलाडी सिनियर टोलीबाट बाहिर छन्। कुशल भुर्तेल, सोमपाल, विनोद भण्डारी, नन्दन यादव र आरिफ शेख बाहिरिए। उनीहरूको स्थानमा देव खनाल, सन्दीप जोरा, बसिर अहमद र शेर मल्लले टोलीमा स्थान बनाएका छन्। बाहिर रहेका खेलाडीलाई अन्य प्रतियोगिताका लागि मनोबल खस्कन नदिन र नयाँ खेलाडीलाई उच्च मनोबलका साथ खेल्न आत्मविश्वास बढाउनुपर्ने दबाब सन्दीपमाथि छ। रोहितको साथ पनि सन्दीपलाई आवश्यक रहनेछ। सन्दीपले रोहितको साथमा आफ्नो यात्रालाई सुमधुर रूपमा अगाडि बढाउनुपर्ने आवश्यक देखिन्छ।

एसिया कपमा स्थान बनाउनु

सन् २०२३ मा विश्व क्रिकेटका महारथी भारत र पाकिस्तानविरुद्ध खेलेसँगै नेपाली क्रिकेटको थप उचाइ बढेको थियो। भारत र पाकिस्तानविरुद्ध नेपाली खेलाडीको प्रदर्शन सर्वत्र चर्चाको विषय बन्यो। फेरि यही अवसर नेपालसँग रहेको छ।

बंगलादेशमा हुने एसिया कपअघि नेपालले मलेसियामा आयोजना हुने एसिसी प्रिमियर कप २०२६ खेल्दै छ। एसिया कपमा भारत र पाकिस्तानसँगै श्रीलंका, बंगलादेश र अफगानिस्तान खेल्ने पक्का भइसकेको छ।

खेल संक्षेप

अवार्डमा प्लाजा होटेल्स सहप्रायोजक

काठमाडौं/ २३औं एनएसजेएफ पल्सर स्पोर्ट्स् अवार्ड, २०८२ का लागि प्लाजा होटेल्स ग्रुप सहप्रायोजक बनेको छ। सहप्रायोजनका लागि एनएसजेएफका अध्यक्ष निरञ्जन अधिकारी र प्लाजा होटेल्स ग्रुपका प्रबन्ध निर्देशक युवराज श्रेष्ठबिच सम्झौतापत्रमा हस्ताक्षर भएको छ। सहप्रायोजकबापत प्लाजा होटेल्स ग्रुपले अवार्डका कार्यक्रममा आउने अतिथिका लागि आवास सुविधाको व्यवस्था गरिदिने सम्झौतामा उल्लेख छ। मञ्चले आयोजना गर्ने कार्यक्रमका लागि स्थान उपलब्ध गराउने र खानपानको प्रबन्ध गर्नेछ। सम्झौता कार्यक्रममा ग्रुपका प्रबन्ध निर्देशक श्रेष्ठले खेलकुदको प्रतिष्ठित कार्यक्रममा आफ्नो संस्था निरन्तर सहयात्रामा रहन पाएकोमा खुसी व्यक्त गरे।

नेसनलले गम्भीरको सामना गर्ने

काठमाडौं/ दोस्रो संस्करणको जुनियर क्रिकेट लिग (जेसिएल)को प्रिक्वार्टरफाइनलमा आयोजक एन्जल्स हार्ट नेसनल स्कुलले श्री गम्भीर समुन्द्र सेतुको सामना गर्नेछ। अर्को खेल डिएभी 'रातो' र चेल्सी वर्ल्ड स्कुलबिच हुनेछ। मानसिंह र पुष्पसदन तथा डिएभी 'नीलो' र क्रिएटिभ प्रिक्वार्टरफाइनलमा भिड्नेछन्। टी- १० इन्डोर छात्र क्रिकेटअन्तर्गत अन्य प्रिक्वार्टरफाइनलमा सत्य साई शिक्षा सदनले जेम्सको सामना गर्नेछ। नेरिक एकेडेमीको भेट केएमसीसँग हुनेछ। द सेलिब्रेसन को-एडले ह्वाइटहाउस र भ्याली पब्लिकले एन्जल्स हार्ट माविविरुद्ध प्रतिस्पर्धा गर्नेछन्।

एन्जल लर्ड प्रिक्वार्टरफाइनलमा

काठमाडौं/ एन्जल लर्ड १३औं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषको प्रिक्वार्टरफाइनलमा प्रवेश गरेको छ। ग्रिनफिल्डको कोर्टमा बुधबार भएको खेलमा एन्जल लर्डले स्वर्णिमलाई ४०-२४ ले पराजित गऱ्यो। सोही स्पर्धामा न्यु जेनिथले सम्पदा २०-१० को अन्तरले हरायो। सनसाइनले इनोभेटिभलाई ४६-३० ले पाखा लगायो। रेडियन्ट पब्लिकले काठमाडौं जेभियरलाई ६७-४४ ले पराजित गऱ्यो। राइजिङ स्टारले ग्रिनफिल्ड 'बी'लाई ३३-२२ र काठमाडौं भ्यालीले अद्वित्यलाई ३८-१३ ले हराए। सिनियर महिलामा स्वर्णिमले न्यु जेनिथलाई १४-७ ले निराश बनायो।

इन्फान्टिनोको बचाउमा अमेरिकी राष्ट्रपति ट्रम्प

फिफा अध्यक्ष इन्फान्टिनोलाई दबाबमा पदबाट हटाइँदा विश्व फुटबलले ठुलो गल्ती सामना गर्नुपर्ने अमेरिकी राष्ट्रपतिको भनाइ



एजेन्सी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फिफा अध्यक्ष जियानी इन्फान्टिनोलाई दबाब दिएर हटाइँदा विश्व फुटबलले ठुलो गल्ती सामना गर्नुपर्ने बताएका छन्। गत २८ जुलाईमा युरोपले फिफाका प्रतियोगिता बहिष्कार गर्ने योजना सार्वजनिक गरेपछि ट्रम्पले पहिलोपटक इन्फान्टिनोको पक्षमा बोलेका हुन्। 'कुनै पनि कारणले फिफाले अध्यक्ष इन्फान्टिनोलाई हटाउनेबारे सोच्यो भने त्यो भयानक गल्ती हुनेछ,' ट्रम्पले भनेका छन्।

इन्फान्टिनोले विश्वकपको व्यापारिक र सञ्चालन अधिकार निजी लगानीकर्तालाई बेच्ने योजना सार्वजनिक गरेको दिनदेखि विवादको घेरामा परेका हुन्। उनले तीन साताअघि विश्वकपको २१ प्रतिशत सेयर निजी कम्पनीलाई बेच्ने घोषणा गरेका थिए। त्यसपछि युरोप, उत्तर अमेरिका र एसियाका फुटबल महासंघ एकजुट भएर इन्फाटिनोविरुद्ध लागेका छन्। अहिले फिफा अध्यक्षको योजनाको चौतर्फी विरोध भइरहेको छ। उनीहरूले फिफा अध्यक्षबाट राजीनामा दिनुपर्ने दबाब दिएका छन्।

गत साता भावी फिफा अध्यक्षका रूपमा ६ जनालाई पनि अगाडि सारिएको थियो। जसका कारण इन्फान्टिनोले आफ्नो पद सुरक्षित नभएको महसुस गरेका छन्। यद्यपि, २३औं संस्करणको विश्वकपपछि इन्फान्टिनो र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबिचको सम्बन्ध प्रगाढ बनेको छ। फुटबलका सबै शक्तिशाली महासंघ एकै स्थानमा उभिँदा ट्रम्पले सोसल मिडियाबाट इन्फान्टिनोको समर्थन गरेका छन्। ट्रम्पले इन्फान्टिनोलाई हटाउनु फिफाको एउटा भयानक गल्ती हुने चेतावनी दिएका छन्। 'इन्फान्टिनोविना फिफा कहिल्यै सफल र नाफामूलक हुन सक्दैन,' ट्रम्पले भने, 'फिफा अध्यक्षका कारण नै अमेरिका, क्यानडा र मेक्सिकोले सफलतापूर्वक विश्वकप आयोजना गरिएको हो।'

ट्रम्पले इन्फान्टिनोलाई एक अद्भुत र शक्तिशाली व्यक्तिको संज्ञा दिएका छन्। 'तपाईंहरूले देख्नुभयो होला। इतिहासमै पहिलोपटक विश्वकप तीन राष्ट्रहरूले आयोजना गरेका थिए। अझ त्यसमाथि सर्वाधिक ४८ राष्ट्रको सहभागिता रह्यो। यो सबै एक कुशल व्यक्तिका कारण सम्भव भएको हो,' ट्रम्पले भने।

■ व्यक्तिगत स्वार्थको पछाडि फिफा

युरोप, उत्तर अमेरिका र एसियाली फुटबल महासंघ (एएफसी)ले सोमबार एक संयुक्त रूपमा विज्ञप्ति जारी गर्दै फिफा अध्यक्ष इन्फान्टिनो वर्तमान समयमा फुटबल विकासभन्दा पनि व्यक्तिगत स्वार्थ पूरा गर्न अग्रसर भएको आरोप लगाएका छन्। 'फिफा अध्यक्षले फुटबलको सामूहिक हितभन्दा आफूलाई अगाडि राखेका छन्। यसले फुटबलको विश्वास नै तोडिएको छ,' विज्ञप्तिमा भनिएको छ।

"बेरोजगारसँग रोजगार, उत्पादनसँग बजार तथा आर्थिक अभावसँग सिवाईसी लघुवित्त"
सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड
Cyc Nepal Laghubitta Bittiya Sanstha Ltd.
Head office:
Pokhara Metropolitan city-08, Kaski, Phone: 061-590894, 590895
Website: www.cycnlbsl.org.np, Email: info@cycnlbsl.org.np

Interim Financial Statements
Condensed Statement of Financial Position
As on Quarter ended 32nd Ashar, 2083 (16th July, 2026)

Amount in "000"

Particulars	This Quarter Ending	Immediate Previous Year Ending (Audited)
Assets		
Cash and Cash Equivalent	378,888.01	564,992.90
Statutory Balances and Due from Nepal Rastra Bank	30,529.79	28,529.79
Placement with bank & financial institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and Advances to MFIs & Cooperatives	-	-
Loan and Advances to Customers	6,474,046.27	6,050,776.12
Investment Securities	-	-
Current Tax Assets	63,587.44	42,734.52
Investment Property	-	-
Property and Equipment	27,220.62	35,843.17
Goodwill and Intangible Assets	467.47	929.18
Deferred tax assets	114,837.41	114,837.41
Other Assets	176,438.03	67,420.30
Total Assets	**7,266,015.03**	**6,906,063.40**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	2,984,045.84	2,763,974.03
Borrowings	2,769,236.55	3,101,853.80
Current Tax Liabilities	126,348.09	46,840.26
Provisions	-	-
Deferred tax liabilities	-	-
Other Liabilities	433,252.16	449,068.85
Subordinated Liabilities	-	-
Total Liabilities	**6,312,882.64**	**6,361,736.94**
Equity		
Share Capital	266,424.39	266,424.39
Share Premium	-	-
Retained Earnings	48,604.69	(179,874.77)
Reserves	638,103.30	457,776.84
Total Equity	**953,132.38**	**544,326.46**
Total Liabilites and Equity	**7,266,015.03**	**6,906,063.40**

Interim Financial Statements
Condensed Statement of Profit & Loss
For the Quarter ended 32nd Ashar, 2083 (16th July, 2026)

Particulars	2083 Ashar End		2082 Ashar End Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD) (Audited)
Interest Income	257,298.73	869,494.13	294,191.09	920,341.06
Interest Expenses	104,145.24	414,330.34	105,695.29	439,636.10
Net Interest Income	**153,153.49**	**455,163.78**	**188,495.80**	**480,704.96**
Fee and Commission Income	24,430.85	77,231.53	26,854.50	69,271.36
Fee and Commission Expenses	-	-	610.02	616.36
Net Fee and Commission Expenses	**24,430.85**	**77,231.53**	**26,244.48**	**68,655.00**
Net Interest Income,Fee and commission Income	**177,584.34**	**532,395.31**	**214,740.28**	**549,359.96**
Net trading income	-	-	-	-
Other Operating income	-	-	-	-
Total Operating Income	**177,584.34**	**532,395.31**	**214,740.28**	**549,359.96**
Impairment Charge/(Reversal) for loans and other losses	(297,207.93)	(259,147.30)	342,096.10	360,002.60
Net Operating Income	**474,792.27**	**791,542.61**	**(127,355.82)**	**189,357.36**
Operating Expenses	**132,666.26**	**380,494.75**	**82,432.50**	**322,876.12**
Personal Expenses	105,140.56	285,067.87	62,877.04	238,088.76
Other Operating Expenses	24,935.17	85,614.89	1,352.33	60,620.88
Depreciation and Amortization	2,590.52	9,811.99	18,203.14	24,166.48
Operating Profit	**342,126.02**	**411,047.87**	**(209,788.32)**	**(133,518.76)**
Non-Operating Income	2,704.38	10,112.43	1,542.40	5,076.07
Non-Operating Expenses	-	-	-	-
Profit Before Income Tax	**344,830.39**	**421,160.30**	**(208,245.92)**	**(128,442.69)**
Income Tax Expenses	**103,449.12**	**126,348.09**	**(62,316.59)**	**(38,375.62)**
Current Tax	103,449.12	126,348.09	22,899.30	46,840.26
Deferred Tax	-	-	(85,215.89)	(85,215.89)
Profit/loss for the Period	**241,381.27**	**294,812.21**	**(145,929.33)**	**(90,067.07)**

Condensed Statement of Comprehensive income

Particulars	2083 Ashar End		2082 Ashar End Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD) (Audited)
Profit or loss for the period	241,381.27	294,812.21	(145,929.33)	(90,067.07)
Other Comprehensive Income				
Total Comprehensive Income	241,381.27	294,812.21	(145,929.33)	(90,067.07)
Basic earning per share		110.66		(33.81)
Diluted earning per share		110.66		(33.81)
Profit for the period	241,381.27	294,812.21	(145,929.33)	(90,067.07)

Ratios as per NRB Directives

Particulars	2083 Ashar End		2082 Ashar End Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD) (Audited)
Capital Fund to RWA		8.60%		4.70%
Non-Performing Loan(NPL) to total loan		14.04%		11.27%
Total Loan Loss Provision to Total NPL		36.93%		83.11%
Cost of Funds		6.67%		7.39%
Credit to Deposit & Borrowing Ratio		112.53		103.15
Base Rate		12.48%		12.55%
Interest Spread Rate		7.91%		6.86%
* Interest Rate on Loan and Advances : 9% to 15% & Deposits : 7.5% to 13.30%				

Interim Financial Statements

Details about the distributable profit — Amount in "000"

Net Profit for the period ended Third Quarter of the FY 2082/83	**294,812.21**
1. Appropriations :	
1.1 Profit required to be appropriated to :	**66,332.75**
a. General reserve	58,962.44
b. Capital Redemption Reserve	-
c. Foreign exchange fluctuation fund	-
d. Corporate social responsibility fund	2,948.12
e. Employees training fund	-
f. Client Protection Fund	4,422.18
g. Other	-
1.2 Profit required to be transferred to Regulatory Reserve:	**-**
a. Transferred to Regulatory Reserve	-
b. Transferred from Regulatory Reserve	-
Net Profit for the period Third Quarter of the F/Y 2082/83 available for distribution	**228,479.46**

Notes :
1. The interim financial statements have been prepared in accordance with Nepal Financial Reporting Standard (NFRS) and certain Carveout issued by the ICAN.These figures may vary with the audited figures as per as instructed by external auditors and regulators.
2. The detailed interim financial report has been published in our website :www.cycnlbsl.org.np
3. Loans and Advances are presented net of impairment charges & includes staff loans.
4. Actuarial Valuation has not been done for Employee Benefits in this quarter.
5. Employee bonus provision also include on personal expenses.
6. Previous figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनूसुची १४
(नियम २६ को उपनियम १ सँग सम्बन्धित)
आ.ब. २०८२/८३ को चौथो त्रैमासिक प्रतिबेदन

१. **वित्तीय विवरण**

क) **त्रैमासिक अवधिको वासलात तथा नाफा/नोक्सान सम्बन्धी विवरण :**
चालु आ.ब. २०८२/८३ को चौथो त्रैमासको अपरिष्कृत वित्तीय विवरण यसै साथ प्रकाशित गरिएको छ।

ख) **प्रमुख वित्तीय अनुपातहरू :-**

प्रति शेयर आम्दानी(वार्षिकीकरण गर्दा) रु	११०।६६	मुल्य आम्दानी अनुपात	१२।००
प्रति शेयर नेटवर्थ	३५७।७५	तरलता अनुपात	१५।०३
प्रति शेयर कुल सम्पत्तिको मुल्य रु.	२७२७।२३		

२. **व्यवस्थापकिय विश्लेषण**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धि विवरण :** चौथो त्रैमासिकमा वित्तीय संस्थाको मौज्दात, आम्दानी र तरलता समयनाकुल हुने सामान्य परिवर्तन बाहेक अन्य कुनै तात्विक परिवर्तन भएको छैन। समिक्षा अवधिमा वित्तीय संस्थाको मौज्दात र तरलता सन्तोषजनक रहेको व्यवस्थापनको धारणा रहेको छ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** " बेरोजगार संग रोजगार उत्पादन संग बजार र आर्थिक अभावसंग सिवाईसी लघुवित्त "भन्ने मुलभावका साथ नेपाल राष्ट्र बैंकबाट राष्ट्रियस्तरको कार्यक्षेत्र विस्तार गर्न स्वीकृती प्राप्त यस वित्तीय संस्थाले ७७ जिल्लामा १२४ वटा शाखा कार्यालयहरूमार्फत वित्तीय सेवा प्रदान गर्दै आएको छ। यस त्रैमासको अन्तसम्ममा संस्थाले कुल १,२६,३२७ जना विपन्न वर्गका सदस्यहरूको घर परिवारमा लघुवित्त सेवा प्रदान गरेको छ। आफनो श्रोत र साधनको अधिकतम परिचालन गरी दिगो रुपमा लघुवित्त सेवा सचालन गर्ने सोच राखेको छ।

- वित्तीय संस्थाले शाखा कार्यालयहरू मार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्दै आएको छ।
- वित्तीय कारोवारलाई पारदर्शिता प्रदान गर्न ग्राहकहरू स्वयमले आफ्नो मोवाईल मार्फत कारोवार चेक जाँच गर्न मिल्ने गरी "CYC MFI Smart APP" सेवा सुचारु गरिएको छ।
- कर्मचारीहरूको दक्षता अभिवृद्धि गरी कार्यकुशलतामा अभिवृद्धि गर्न, उत्पादकत्वलाई थप प्रभावकारी रुपमा संचालन गर्न कर्मचारीहरूलाई आवश्यक पर्ने तालिम तथा सेमिनारमा संलग्न गराई क्षमता अभिवृद्धि गरी सन्तुष्ट सदस्य नै संस्थाको दिगो विज्ञापनको आधारलाई कार्यान्वयन गरिनेछ। साथै, आगामी दिनहरूमा वित्तीय कारोवारलाई कर्जा, बचत र रेमिटान्स् सुविधाहरूमा मात्र सिमित नगरी समयानुकुल ग्राहकको बदलिदो चाहनालाई दृष्टिगत गरी संस्थाले उपलब्ध गराउदै आएको सेवा सुविधाहरूमा थप परिष्कृत गर्दै लैजान व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ।

ग) **बिगतको अनुभवबाट संगठित संस्थाको नाफा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक समिक्षा:** समिक्षा अवधिमा वित्तीय संस्थाले आवश्यक लगानी योग्य रकमको व्यवस्थापन सहज रुपमा गरेको छ। हाल बजारमा देखिएको लघुवित्त संस्थाहरू बिच रहेको दोहोरोपना, अस्वस्थ प्रतिस्पर्धा, लघुवित्त संस्थाहरू विरुद्ध संचालित अभियान लगाएत बाह्य वातावरणका कारण ग्राहकहरूमा कर्जाको किस्ता भुक्तानीमा भएको ढिलासुस्ती जस्ता समस्याहरूको कारण चालु आ.ब. २०८२/८३ को चौथो त्रैमासको नगद प्रवाह, बैक मौज्दात लगायत नाफा/नोक्सानमा प्रत्यक्ष असर गरेको छ। यर्धाप कर्जा जोखिम,तरलता व्यवस्थापन लगायतका अन्य विविध जोखिमहरू व्यवस्थापन गर्न व्यवस्थापन कटिबद्ध रहेको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**
क) यस त्रैमासिक अवधिमा संगठित संस्थाले कनै मुद्धा दायर नगरेको तथा बिगतमा कर्मचारी बिरुद्ध दायर गरिएका मुद्धाहरू अदालतमा विचाराधिन अवस्थामा रहेका र संस्थाको बिरुद्ध हाल सम्म कुनै मुद्दा दायर भएको सुचना प्राप्त नभएको।
ख) यस संस्थाको संस्थापक/संचालकले वा संस्थापक/संचालकको बिरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको छैन।
ग) कुनै संस्थापक वा सञ्चालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सुचना प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विवरण :**
क) **धितो पत्र बजारमा भएको संगठित संस्थाको शेयर कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :** यस वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धमा खुला बजारको मुल्य मान्यता अनुसार हुने गरेको छ।
ख) **त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या:**

अधिकतम मुल्य	न्युनतम मुल्य	अन्तिम मुल्य	कारोबार दिन	कारोबार कित्ता संख्या
१६३६।५०	१२८०।००	१३२८।००	६४	८६९७५

५. **समस्या तथा चुनौती :** लघुवित्त क्षेत्रमा बढ्दो प्रतिष्पर्धात्मक वातावरणले अधिक कर्जा भार रहेको, विपन्न वर्गसम्म लघुवित्त सेवा पुऱ्याउन वर्तमान प्रतिस्पर्धात्मक वातावरणले संचालन लागत बढाएको छ। आ.ब. २०८२/८३ को चौथो त्रैमास अर्थात पछिल्लो समयमा लघुवित्त संस्था बिरुद्ध देखिएका गतिविधिले संस्थाको आर्थिक क्रियाकलाप एवम कर्जा लगानी र असुलीमा अपेक्षाकृत सुधार देखिएको छैन ।

६. **संस्थागत सुशासन :** संस्था संस्थागत सुशासन परिपालनका लागि सदैव प्रतिवद्ध रहेको छ। नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरू र संस्थाको सञ्चालक समितिबाट समय समयमा पारित नीति नियम तथा कार्यविधिहरूलाई संस्थाले पालना गर्दै आएको छ। संस्थाको संचालक समिति, आन्तरिक लेखापरिक्षण समिति र व्यवस्थापन समुह संस्थामा संस्थागत सुशासन कायम राख्न प्रतिवद्ध छ। संस्थासँग भएका लिखित नीति, नियम र निर्देशिकाहरूले संस्थाको सुशासनको सुनिश्चितता गरेको छ।

७. **सत्य तथ्यताका सम्बन्धमा संस्था प्रमुखको उद्घोष :** आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु, मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्यपूर्ण छन् र लगानीकर्ताहरूलाई सु-सुचित भई निर्णय लिन आवश्यक कुनै विवरण वा सुचना तथा जानकारीहरू लुकाईएको छैन।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com